ISSN 3021-9876 (Print)

# ज्ञान ज्योति

## स्मारिका २०८०

## GYAN JYOTI PERIODICAL 2024

ज्ञान ज्योति सामुदायिक क्याम्पस

GYAN JYOTI COMMUNITY CAMPUS

# ज्ञान ज्योति

## स्मारिका २०८०

**सम्पादक मण्डल**

गणेशप्रसाद कट्टेल

महेशकुमार सुवेदी

नवराज घिमिरे

**भाषा सम्पादक**

प्रा. डा. भूपप्रसाद धमला

केपी भट्टराई

**ज्ञान ज्योति सामुदायिक क्याम्पस**

| | | |
|---|---|---|
| कृति | : | **ज्ञान त्योति स्मारिका** |
| प्रकाशक | : | ज्ञान ज्योति सामुदायिक क्याम्पस |
| सर्वाधिकार | : | प्रकाशक |
| प्रकाशन वर्ष | : | विसं. २०८० |
| मुद्रण | : | ५०० प्रति |
| कम्प्युटर लेआउट | : | केशव भट्टराई |
| मुद्रक | : | हिमाल एकेडेमी, ललितपुर |
| सम्पर्क ठेगाना | : | चम्पादेवी-६, घोराखोरी, ओखलढुङ्गा |
| फोन | : | ९८५१२२८३३३ |
| इमेल | : | gyanjyoti775@gmail.com |
| वेबसाइट | : | www.gyanjyoticampus.edu.np |

चम्पादेवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कालिका, ओखलढुंगा

स्था : २०७३

कोशी प्रदेश, नेपाल

प.स :- ०८०/०८१

च.नं:-

## शुभकामना

चम्पादेवी गाउँपालिकामा रहेको ज्ञान ज्योति सामुदायिक क्याम्पसले “ज्ञान ज्योति” शीर्षकको शैक्षिक स्मारिका प्रकाशन गर्न लागेको थाहा पाउँदा अत्यन्त खुसी लागेको छ । यो क्याम्पस यस गाउँपालिकाको इज्जत बढाउने शैक्षिक उन्नयनको मेरुदण्डका रूपमा रहेको सम्पत्ति हो । ज्ञानको ज्योति फैलाउँदै समाज रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेलेको यस क्याम्पसले प्रकाशन गर्ने शैक्षिक स्मारिका यस क्याम्पसको एक महत्त्वपूर्ण दस्तावेज हुनेछ भन्ने पूर्णविश्वास लिएको छु ।

राष्ट्रिय लक्ष्य प्राप्तिमा यस क्याम्पसबाट महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अभियानमा सबै सरोकारवालाहरू सकारात्मक सोचका साथ लागिपर्ने नै छन् भन्ने आशा एवं विश्वास छ । प्रारम्भदेखि नै चम्पादेवी गाउँपालिकाका उद्योगी, व्यापारी, शिक्षाप्रेमी, समाजसेवी महानुभावहरूको अथक प्रयासबाट विसं. २०६५ सालमा स्थापित यस क्याम्पसलाई विकासको यो उचाइसम्म ल्याइपुऱ्याउन विभिन्न तह र तप्काबाट योगदान गर्नुहुने शिक्षक, कर्मचारी, अभिभावकलगायत सम्पूर्ण सरोकारवाला एवं शुभेच्छुक महानुभावहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

हाम्रो जस्तो पिछडिएको ग्रामीण भेगमा रहेको यो क्याम्पसको स्थापना गर्न र आर्थिक, सामाजिक, भौतिक ढंगले महत्त्वपूर्ण भूमिका खेल्नुहुने हाम्रा अग्रज महानुभावहरू निश्चय नै धन्यवादका पात्र छन् । उच्च शिक्षा उत्तीर्ण गरी प्रतिस्पर्धामा उत्कृष्टता कायम राख्न सफल यस क्याम्पसको शैक्षिक उन्ययनको इतिहास यस क्षेत्रकै गौरवका रूपमा रहेको छ । स्थापना कालदेखि अहिलेको अवधिसम्म यस क्याम्पसले सुयोग्य र कर्मठ शैक्षिक जनशक्ति उत्पादन गरी राष्ट्र निर्माणका विविध क्षेत्रमा पुऱ्याएको योगदान प्रशंसनीय छ । तर यत्तिले मात्र यो क्याम्पस परिवार सन्तुष्ट हुन मिल्दैन । भौतिक र आर्थिक रूपले मात्र होइन, शैक्षिक रूपले पनि संस्था उन्नत हुन आवश्यक छ । यसका निम्ति गाउँपालिकाका तर्फबाट गर्न सकिने सहयोग त हुने नै छ, त्यसबाहेक यसको शैक्षिक उन्नयनमा क्याम्पसको सञ्चालक समिति, शिक्षक, र कर्मचारीले नै निरन्तर लागिपर्नु पर्ने हुन्छ ।

शिक्षाको उज्यालो दियो बाल्ने यस क्याम्पसका शिक्षक र उपयुक्त शैक्षिक वातावरण निर्माण गर्ने सञ्चालक समितिका पदाधिकारी तथा सदस्य, अभिभावक, बुद्धिजीवीलगायत सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । क्याम्पसका विविध गतिविधिलगायत शिक्षक, विद्यार्थी, अभिभावक, साहित्यकारलगायत विद्वान् लेखकहरूका विभिन्न विषय र विधागत लेखरचना समेटिएको यो स्मारिकाको प्रकाशनबाट जिज्ञासु पाठकहरू लाभान्वित हुने नै छन् भन्ने पूर्ण आशाका साथ ज्ञान ज्योति क्याम्पसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

नवराज केसी
अध्यक्ष

नवराज के.सी.
अध्यक्ष

# ज्ञान ज्योति सामुदायिक क्याम्पसः हिजोदेखि आजसम्म

विद्यार्थीको आफ्नो जन्म थलोमा नै उच्च शिक्षा अध्यान गर्न पाउनुपर्दछ भन्ने उद्देश्यका साथ शिक्षामा सबै वर्गका विद्यार्थीको पहुँच पुऱ्याउने सपनाका साथ स्थापनाका लागि पहल गरिएको थियो ।

यो क्याम्पस स्थापना कालदेखि यस अवस्थासम्म आइपुग्न अनेकन आरोहअवरोहहरूको सामना गर्नुपरेको स्थिति छ । यसको स्थापना कालमा नै क्याम्पस स्वीकृतिका लागि राजेश थापाको नेतृत्वमा म आफैं बसेर धेरै खाले अवरोध छिचोल्दै धरौटी राखी पैसा सापटी माग्दै मेरो व्यक्तिगत १३ रोपनी जग्गा क्याम्पसलाई दान गरी यसलाई आजसम्मको अवस्थामा ल्याइएको छ ।

शिक्षाको उज्यालोबाट कोही पनि वञ्चित हुन नपरोस् भनी सुरु भएको यस पुण्यकार्यमा स्थानीय सरकार तथा समाजका केही बुद्धिजीवी एवं सरोकारवालाबाट सहयोग गर्नुको सट्टा क्याम्पसको स्वीकृति, सञ्चालन तथा व्यवस्थापनमा अवरोध सिर्जना हुँदा अत्यन्तै दुःख छ । जसबाट स्थानीय सरकार तथा केही सरोकारवालाको शिक्षाप्रतिको दृष्टिकोण सकारात्मक नरहेको भान हुने अवस्था सिर्जना भएको छ ।

त्यसका बाबजुद यस क्याम्पसका विद्यार्थीहरूलाई सहुलियत र शिक्षकहरूलाई दिने सेवासुविधामा कुनै पनि कमी नहुनु सकारात्मक पक्ष भए पनि हाल जग्गा र भवन नहुनुको पीडा आफ्नो ठाउँमा छँदै छ । यसका लागि सबै पक्षको सहयोग अपेक्षासमेत राखेका छौं ।

खड्गबहादुर कार्की

अध्यक्ष

# प्रकाशकीय

ओखलढुङ्गा जिल्लाको सदरमुकामबाट करिब ३६ किमि पश्चिम भाग चम्पादेवी गा.पा.-६ घोराखोरीमा उच्च शिक्षाको स्थानीय र राष्ट्रिय आवश्यकता पूरा गरी आजको जटिल विश्वको विविध समस्यहरूसँग जुध्न सक्ने सक्षम जनशक्ति निर्माणका निम्ति समयसापेक्ष, गुणात्मक र व्यावहारिक शिक्षा प्रदान गर्ने लक्ष्य लिई जनताको सहभागिता र जनसमुदायकै सहयोगमा श्री ज्ञान प्रकाश माविको पृष्ठभूमिमा रहेर यस ज्ञान ज्योति सामुदायिक क्याम्पसको स्थापना भएको हो। त्रिवि शिक्षाशास्त्र संकायबाट विसं. २०६५ साल माघ १३ गते सम्बन्धन लिई विधिवत् रूपमा तत्कालीन अर्थमन्त्रीबाट विसं. २०६५ साल फागुन २९ गते यस क्याम्पसको उद्घाटन भएको थियो। यो क्याम्पस यस भेगको उच्च शिक्षा विकासको कोसेढुंगा सावित भएको छ।

त्रिवि मापदण्ड पूरा गर्नुपर्ने र भौगोलिक विकटता, सञ्चालनका लागि आर्थिक रूपले पिछडिएका समुदायबाट व्यवस्थापन गनुपर्नेजस्ता विषयहरू यसका कठिनाइहरू थिए। यस परिस्थितिमा पूर्ण सामुदायिक सेवामूलक दुर्गम ग्रामीणस्तर तथा समुदायको प्रयासमा सञ्चालित यस क्याम्पसले प्रत्यक्ष रूपमा यस भेगका चम्पादेवी, लिखु र सुनकोशी गा.पा.लगायतका क्षेत्रहरूका विद्यालय शिक्षा (कक्षा १२) पूरा गरेका विद्यार्थी तथा सहरी र महँगो क्याम्पसमा पढ्न तथा अध्ययन गर्न आर्थिक पहुँच नभएका विद्यार्थीहरूलाई शिक्षाशास्त्र संकाय-अन्तर्गतको स्नातक तहको उच्च शिक्षा घरदैलोमा उपलब्ध गराउँदै आएको छ। विशेषगरी यस भेगका विपन्न वर्ग, दलित, छोरी, बुहारी, जनजाति आदिलाई छात्रवृत्तिसमेत प्रदान गरी उच्च शिक्षा उपलब्ध गराउँदै आएको यहाँहरूलाई सर्वसवदितै छ। यस गरिमामय घडीमा यस क्याम्पसको स्थापना कालदेखि निरन्तर आफ्नो सक्रिय योगदान र उत्प्रेरणा प्रदान गर्नुहुने हाम्रा अग्रज, समाजसेवी, शिक्षाप्रेमीप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ। यस क्याम्पसले स्थापना कालदेखि नै निरन्तर रूपमा विभिन्न चुनौतीहरू सामना गर्दै आइरहेको कुरा यहाँहरूलाई अवगतै छ। भौतिक रूपमा सम्पन्न हुनका लागि आर्थिक हैसियत सवल हुनुपर्छ जुन यसको प्रमुख चुनौती हो। तसर्थ यस घडीमा सबै चुनौतीहरूको सामना गदै क्याम्पसको भौतिक, आर्थिक, शैक्षिक विकासको निमित्त यहाँहरूको अमूल्य साथ र सहयोगको अपेक्षा गर्दछौँ।

यो स्मारिका शैक्षिक स्मारिका हो। यसमा मूलतः शिक्षाका नीतिगत विषय, कार्यक्रम, व्यवहार र असल अभ्याससँग सम्बन्धित विषयका लेखरचनालाई प्राथमिकता दिइएको छ। यसमा समावेश हुने विचार र विश्लेषण वैयक्तिक हुने भए पनि शैक्षिक सरोकारका विषयमै केन्द्रित रहेका छन्। लेख रचनामा प्रस्तुत विचार कार्यक्रम तर्जुमा तथा सुधार, अनुगमन तथा मूल्यांकन र पृष्ठपोषण प्राप्तिमा पनि सहयोगी बन्न सक्छन्। यही उद्देश्यले यस स्मारिकामा तालिम र पेसागत विकास, पाठ्यक्रम र मूल्यांकन, प्राविधिक शिक्षा र वैदेशिक अध्ययन, शैक्षिक व्यवस्थापन र योजना, शैक्षिक सुशासन र लोकतन्त्र, अनौपचारिक तथा रैथाने शिक्षा, प्रारम्भिक बालविकास र अभिभावक शिक्षा तथा पठन संस्कृतिजस्ता विषय क्षेत्रमा मौलिक लेख रचना समावेश गरिएको छ। शिक्षा क्षेत्रको नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा संलग्न शिक्षा क्षेत्रका जिज्ञासु पाठक वर्गका लागि यो सामग्री उपयोगी हुने अपेक्षा गरिएको छ।

यस क्याम्पसको अनुरोधमा समतामा आधारित अनुदान (Equity Grants) उपलब्ध गराएकोमा विश्व विद्यालय अनुदान आयोगप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौँ। विशेष गरी Equity Grants का विभिन्न

प्रोटोकलका बारेमा पटक-पटक जानकारी प्रदान गरिदिनुहुने विश्वविद्यालय अनुदान आयोगका सहायक निर्देशक विश्वास ढकालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । यस क्याम्पसको स्मारिका प्रकाशनमा आवश्यक सल्लाहसुझाव प्रदान गरी प्रकाशन तथा भाषा सम्पादन कार्यमा सहयोग गर्नुभएकोमा प्रा.डा. भूपप्रसाद धमलाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । त्यसैगरी यस क्याम्पसको स्मारिका प्रकाशनका लागि आफ्ना विषयगत तथा सिर्जनात्मक लेखरचनाहरू उपलब्ध गराउनुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । यस्तै, यस स्मारिका प्रकाशनका लागि लेखरचना संकलनमा विशेष गरी खट्नुहुने मित्र महेशकुमार सुवेदीलगायत क्याम्पसका सम्पूर्ण स्टाफ एवं कर्मचारीलगायत स्मारिका प्रकाशन तथा प्रकाशनका कामहरू सक्रिय ढंगले गर्नुपर्छ भनी प्रेरणा प्रदान गरी आवश्यक निर्णयहरू गरी सहजीकरण गरिदिनुभएकोमा क्याम्पस सञ्चालक समितिका अध्यक्षलगायत सम्पूर्ण सदस्यहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । यसका साथै सम्पादक मण्डललगायत यस प्रकाशनमा संलग्न सबैप्रति विशेष धन्यवाद छ । यस प्रकाशनलाई अझ उपयोगी बनाउन ज्ञान ज्योति सामुदायिक क्याम्पस सधैं नै रचनात्मक सुझावको अपेक्षा गर्दछ ।

गणेशप्रसाद कट्टेल

निमित्त क्याम्पस प्रमुख

# सम्पादकीय

आवश्यकता नै आविष्कारको जननी हो । त्यसो नहुँदो हो त मानव आजको विज्ञान र प्रविधिको चमत्कारसँग नजिकिन सायदै सजिलो हुन्थ्यो होला । यस विलक्षण परिवर्तनको मूल कडीका रूपमा हामी शिक्षाको चेतना र जनजागरणको अद्वितीय भूमिका छ । शिक्षा नै सभ्यताको मूल मन्त्र हो । जुन चाहे अनौपचारिक तवरबाट आर्जित होस् या त औपचारिक नै ।

औपचारिक रूपमा विद्यालय शिक्षाको विकास तथा प्रवर्द्धन हुँदै गर्दा मानवीय आकांक्षा र आवश्यकता यति मात्रमा सीमित रहन सकेन फलस्वरूप उच्च स्तरीय हुँदै विश्वविद्यालय शिक्षाले गतिशीलता पाउँदै गएको हो । ज्ञानको आलोक छर्ने पावन उद्देश्यमा विश्वविद्यालयहरू स्थापना भएका हुन् । सहरी भागमा मात्र विशेषतः केन्द्रित विश्वविद्यालयहरू मात्रले जथोचित रूपमा ग्रामीण भेगको प्रतिनिधित्व नगरेको हुँदा आर्थिक रूपमा विपन्न ग्रामीण क्षेत्रका अभिभावकहरूको शैक्षिक धरातललाई उजिल्याउने अठोटसहित सामुदायिक क्याम्पसहरू सञ्चालित छन् ।

युगकवि सिद्धिचरण श्रेष्ठजस्ता सिद्धहस्त साहित्यिक अनुरागीहरू जन्माएको ओखलढुङ्गा जिल्लामा हाल सञ्चालित ९ वटा सामुदायिक क्याम्पसहरूमध्ये चम्पादेवी गाउँपालिका-६ स्थित ज्ञान ज्योति सामुदायिक क्याम्पस घोराखोरी यस पालिकाकै एक मात्र सामुदायिक क्याम्पस तथा उच्च स्तरीय प्राज्ञिक थलो हो । विश्वविद्यालय अनुदान आयोगको समतामा आधारित अनुदानका लागि प्रस्ताव छनोट भई हाम्रो क्याम्पस उक्त कार्यक्रममा सूचीकृत भएपश्चात् हामी क्याम्पसमा अध्यापनरत सहकर्मी साथीहरू स्मारिका प्रकाशनको कार्यक्रममा पूर्ण लगनशीलताका साथ विगत दुई-तीन महिनादेखि क्रियाशील रहेको कुरा विदितै छ । स्वभावैले एक हजार माइलको यात्रा पनि पहिलो पाइलाबाट नै सुरु हुने गर्दछ । रचना लेखन एवं संकलनको यात्रामा केही सहजतासँगै निकै चुनौतीहरू पनि रहे नै । हामीलाई विभिन्न लेखरचनाहरू उपलब्ध गराउनुहुने सम्पूर्ण सहृदयी मनहरूप्रति सम्पादक मण्डलका तर्फबाट हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्न चाहन्छौं ।

भाषासँगै जोडिएर आउने कुरा विद्या हो । नेपाली साहित्यमा लेख्ने, पढ्ने र प्रकाशन गर्ने यो परम्परा हिजोभन्दा आज अझ समुन्नत, ऊर्जाशील एवं सहभागितामूलक छ । ज्ञान ज्योति सामुदायिक क्याम्पस त्यही आधारमा उभिएको गतिशील संस्था हो । सम्पूर्ण शिक्षाप्रेमी महानुभावहरू एवं प्यारा विद्यार्थी भाइबहिनीहरू जसले आफ्ना अमूल्य लेखरचनामार्फत हाम्रो स्मारिकामा फूलबुट्टा भर्ने काममा हातेमालो गर्नुभयो, सम्पूर्णमा करोडौं कोटि साधुवाद छ ।

यस स्मारिकामा प्राप्त लेखरचनाहरूलाई भाषिक माध्यमका हिसाबले दुई खण्डमा मूल विभाजन गर्दै प्रत्येक खण्डलाई पुनः ४/४ उपखण्डहरूमा वर्गीकरण गरिएको छ जसअनुसार विषयगत अनुसन्धानमूलक लेख, विषयगत साधारण लेख, सिर्जनात्मक लेखरचना र विविध सामग्री रहेका छन् । ती लेखरचनाहरूलाई हाम्रो सुविधाका लागि लेखकको पहिलो नामको वर्णानुक्रममा राखिएको छ । यस क्रममा केही कुरा तलमाथि भई त्रुटि हुन गएको भए क्षमाप्रार्थी छौं ।

अनेक शैली र प्रस्तुति, सांस्कृतिक, धार्मिक र राजनीतिक विश्लेषण तथा पटाक्षेप, भाषिक, अन्तर्लय र लेखकीय दक्षताका थुप्रै चरणहरूले समेटिएका लेखरचनाहरूप्रति हामी कृतज्ञ छौँ, ऋणी छौँ। देशभित्रबाट मात्र नभई देशबाहिरबाट समेत सप्रेम आफ्ना रचनाहरू हामीसम्म ल्याइपुऱ्याउन लागिपर्नुहुने मित्रहरूप्रति आभारी छौँ। यस अथक यात्रामा मन, वचन र कर्मले समर्पित श्रद्धेय अग्रज प्राज्ञिक व्यक्तित्व प्रा.डा. भूपप्रसाद धमला जसले पुष्पगुच्छा रूपी अक्षरशिल्पलाई माला रूपी हरफहरूमा उनेर पुस्तकको कलेवर सजाउन हरपल लागिपरिरहनुभयो, उहाँप्रति हामी आभारी छौं। आशा छ, हामी सबैको उच्च मिहिनेत र लगनशीलताको प्रतिफल यो स्मारिका यस क्याम्पसका आगामी दिनका लागि एक महत्त्वपूर्ण ऐतिहासिक दस्तावेजका रूपमा अभिलेखीकृत हुनेछ भन्ने हाम्रो अटल विश्वास छ।

अन्त्यमा, यस स्मारिकाको कम्प्युटर सेटिङ गरिदिने केशव भट्टराई तथा मुद्रण कार्य गर्ने हिमाल एकेडेमीप्रति हार्दिक आभार व्यक्त गर्दछौँ।

# विषय सूची


| विषय | लेखक | पृष्ठ |
|---|---|---|
| **नेपाली खण्ड** | | |
| ***विषयगत अनुसन्धान लेख*** | | |
| नेपालको आर्थिक विकास र समृद्धिः सम्भावना र चुनौतीहरू | सह-प्रा. विष्णुबहादुर लुइँटेल | १ |
| कक्षा व्यवस्थापनका विविध अभ्यासहरू | हेरम्बराज बाँस्तोला | १० |
| ***विषयगत साधारण लेख*** | | |
| एकीकृत पाठ्यक्रम र विद्यालयमा प्रयोग | उमेश बुढाथोकी | १५ |
| सत्यम्-शिवम् सुन्दरम् | ओम दाहाल | १९ |
| ग्रामीण क्षेत्रमा रहेका सामुदायिक क्याम्पसहरूको समस्या | गणेशप्रसाद कट्टेल | २२ |
| प्रगतिशील शिक्षा पद्धति र ज्ञान ज्योति क्याम्पस | तीर्थराज सुवेदी | २६ |
| शैक्षिक उन्नयनमा सामुदायिक क्याम्पसको भूमिका | देवेन्द्र कटवाल | ३० |
| भुल्दै धर्म र संस्कार | निराजन घिमिरे | ३२ |
| किशोरावस्था र स्वस्थ जीवनशैलीलाई प्रभाव पार्ने तत्त्वहरू | मोहन थापा | ३३ |
| कृषिप्रधान देशको कृषि उपजमै बढ्दो परनिर्भरता | रमेश खत्री | ३७ |
| बालबालिका र शिक्षा | राजेशकुमार थापा | ४० |
| सामुदायिक विद्यालयमा खस्कँदो शैक्षिक गुणस्तर र राजनीतिक हस्तक्षेप | सुदर्शन कार्की | ४५ |
| ***सिर्जनात्मक लेख रचना*** | | |
| प्रिय ज्ञान ज्योति | अम्बिका थापा | ४७ |
| मातृभूमि | गिरिराज सुवेदी | ४८ |
| नरम आघात | गोपाल सुवेदी | ५० |
| मनोद्वेग | चोलेन्द्रप्रसाद दाहाल | ५१ |
| आन्तरिक यात्रा | जानुका थापा | ५२ |

| विषय | लेखक | पृष्ठ |
|---|---|---|
| सपनाको सहरसम्म | दिनेश खड्का | ५३ |
| बालापन | दिलीप पहाडी | ५५ |
| बधाई छ दुनियाँ | तेजप सुवेदी | ५७ |
| विसङ्गत जीवन/महाकवि | नवराज घिमिरे/प्रकाश विमिल | ५९ |
| मृत्यु होस् त त्यस्तो | महेशकुमार सुवेदी | ६० |
| सम्झनामा त्यो असार १५ | श्रीकृष्ण सुवेदी | ६२ |
| आमा | सत्यदेवी बस्नेत | ६६ |
| र पो दसैं आउँथ्यो | सन्तोष सुवेदी | ६७ |
| युवा | सुजिता थापा | ६८ |
| **English Secction** | | |
| ***Research Articles*** | | |
| An Overview of the Development of English Language Teaching in Nepal | Mohan Bahadur Dhanuk | ७१ |
| Application of ICT in Schools: Exploring Opportunities and Challenges | Prakash Karki | ७६ |
| ***General Articles*** | | |
| Artificial Intelligence (AI) and the Future World | Lila Dhoj Thapa | ८१ |
| Read Much to Write Flawlessly | Narayan Prasad Ghimire | ८८ |
| Learning to Say No | Dipak Khadka | ९० |
| ***Creative Writing*** | | |
| Bangladesh, Sofya, and Cox Market | Bhoj Kumar Dhamala | ९२ |
| My Memoirs of Revered Academia | Grishma Niroula | ९५ |
| Poem: Tears | Leela Dahal | ९८ |
| A Friend of Mine | Sangita Karki | ९९ |
| ***विविध (क्याम्पसको वार्षिक प्रतिवेदन)*** | | |
| चौधौं क्याम्पस सभामा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन | | १०० |

# नेपाली खण्ड

# नेपालको आर्थिक विकास र समृद्धिः सम्भावना र चुनौतीहरू

सह-प्रा. विष्णुबहादुर लुइँटेल
प्रमुख
शिक्षा शास्त्र केन्द्रीय अर्थशास्त्र विभाग

**लेख सार**

यस लेखनको मुख्य उद्देश्य नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपश्चात् आर्थिक विकास र समृद्धि प्राप्त गर्न अवलम्बन गर्नुपर्ने औद्योगिक र व्यावसायिक रणनीतिमा कहाँ-कहाँ चुक्यो ? राजनैतिक परिवर्तनसँगै आर्थिक एजेन्डामा किन दृष्टि पुगेन ? त्यसकारण यो अध्ययनले औद्योगिक विकास र व्यवसायीकरणबाट मात्र विकास र समृद्धि सम्भव छ भन्ने कुरा बताउँछ। गणतन्त्र नेपालमा उद्योग र कृषिको उत्पादन दिनानुदिन बढ्नुपर्नेमा घट्दै गइरेहेको छ। त्यसकारण नेपाल सरकारले यस क्षेत्रलाई प्राथमिकता क्रममा राखी विकसित नेपालको प्रक्रिया थालनी गर्नुपर्दछ। यस अध्ययनमा प्रयोग गरिएको तथ्य। सूचना माध्यमिक स्रोतमा आधारित छन्। यस अध्ययनलाई अनुसन्धानकर्ताले तीन उप-शीर्षकमा विभाजित गरी प्रस्तुत गरेको छ।

*मुख्य शब्दावलीः* आर्थिक विकास, समृद्धि, औद्योगिकीकरण र व्यवसायीकरण, चुनौतीहरू, रणनीति, कार्ययोजना, उत्पादकत्व

## परिचय

नेपालले अनेकौं राजनैतिक परिवर्तनलाई आत्मासात् गर्दै अहिले हामी संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने दौरानमा छौँ। मुलुकमा थुप्रै राजनैतिक परिवर्तन भए पनि आर्थिक क्षेत्रमा खासै केही परिवर्तनका संकेत देखा परेनन्, बरु दिनानुदिन आर्थिक क्षेत्र झन्झन् कमजोर बन्दै गइरहेको छ। जबसम्म हामीले हाम्रा उत्पादन सम्बन्ध, उत्पादन ढाँचा र उत्पादन पद्धतिलाई ज्युँकात्युँ यथास्थितिमा राखी वा यी ढाँचा, सम्बन्ध र पद्धतिलाई समय सापेक्ष ढंगले दर्शनमा आधारित रही परिवर्तन गर्दैनौं तबसम्म जुनसुकै र जस्तोसुकै शासन व्यवस्था अवलम्बन गरे पनि आर्थिक विकास र समृद्धि सम्भव छैन।

विश्वका धेरैजसो देशको समग्र विकासको मेरुदण्डको रूपमा रहने औद्योगिक क्षेत्रले नेपालको आर्थिक विकासमा पनि योगदान पुऱ्याउँदै आएको छ। नेपालको औद्योगिक क्षेत्रको, विकासको प्रचूर सम्भावना रहँदारहँदै पनि यस क्षेत्रले रोजगारी, आयआर्जन, गरिबी न्यूनीकरण र निर्यातमा सोचेजति योगदान पुऱ्याएकै पाइँदैन। यसो हुनुमा नेपालको औद्योगिक नीति, ऐन, नियम, विनियम र यसका कार्यान्वयन पक्ष नै जिम्मेवार छन्। विगतका नीति र ऐनहरू उद्योगमैत्री देखिँदैनन् र सबै प्रकारका उद्योगहरूलाई एउटै बास्केटमा राखेर

व्यवहार गरिएको छ । जसले गर्दा नेपालको औद्योगिक क्षेत्रमा उल्लेखीय भूमिका निर्वाह गर्ने (MCSI / MCSEs) SMEs क्षेत्र चपेटामा पर्‍यो र क्रमशः यो क्षेत्र धराशायी बन्दै गई योगदान पनि अर्थतन्त्रमा प्रत्यक्ष रूपमा प्रतिविम्बित भइरहेको छ ।

विश्वभरका विकाशील तथा विकसित देशका सरकारहरू अविछिन्न उत्तराधिकारवाला संस्थाको रूपमा आफ्ना अघिल्ला सरकारले सञ्चालन गरेका कार्यक्रमहरूलाई (Takeover) अधिग्रहण गर्दै थप नयाँ कार्यक्रमहरू अघि बढाइरहेका हुन्छन् तर हाम्रो देशमा यस्तो अभ्यास रहेन । बरु हरेक नयाँ सरकार आउनेबित्तिकै अघिल्ला सरकारले सञ्चालन गरेका कामहरूलाई अवज्ञा गर्दै आफ्नै तौरतरिकाले शासन सञ्चालन गर्ने पद्धतिले गर्दा हाम्रा उद्योग र परराष्ट्र क्षेत्रमा काम गर्नेहरूप्रति अविश्वासको वातावरण सिर्जना हुँदै गयो र उद्योग क्षेत्रमा लगानीको वातावरण बनेन । बरु हाम्रा राष्ट्रिय पुँजीपतिहरूले विदेशलाई आकर्षक लगानीको गन्तव्य बनाए । केहीले अनुत्पादक क्षेत्रमा लगानी गर्दा आफूलाई सुरक्षित ठाने जसले गर्दा नेपालको औद्योगिक क्षेत्र झन् कमजोर बन्दै गयो ।

आज विश्वको आर्थिक रूपमा समृद्ध र आर्थिक क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेका मुलुकहरूको अभ्यासलाई हेर्दा के देखिन्छ भने हरेक क्षेत्र र हरेक ठाउँमा विषय विशेषज्ञताका आधारमा व्यक्तिलाई जिम्मेवारी दिइन्छ र स्वतन्त्र पनि । उचित व्यक्ति उचित स्थान (Right Men right place) उनीहरूको छनोट प्रक्रियाको मुख्य आधार बन्दछ । Performance र Delivery सफलता र निरन्तरताको कडीका रूपमा लिइन्छ । कुनै व्यक्तिले जिम्मेवारी समाल्नुभन्दा पहिले नै समय सीमा (Timeline) भित्र गरिने काम र त्यसबाट प्राप्त हुने उपलब्धिलाई प्रक्षेपित (Projection) गरिन्छ र सोअनुसारको उपलव्धि हासिल नभए सोको जिम्मेवारी बहन गर्न तयार हुने प्रचलन छ । ती तथ्य हाम्रो सामु स्पष्ट छन् । तर के हाम्रो देशमा सरकार अविन्छिन उत्तराधिकारवाला संस्थाको रूपमा स्थापित हुन सक्यो ? के विषय विशेषज्ञतालाई छनोटको आधार बनाइयो ? के उचित व्यक्तिलाई उचित स्थान (Right man right place) का आधारमा जिम्मेवारी प्रदान गरियो ? के Performance / Delivery निरन्तरता र सफलताको आधार बन्यो ? के जिम्मेवारी समाल्नुपहिले लक्ष्य, दूरदृष्टि, उद्देश्य, समयसीमा र उपलब्धिलाई प्रक्षेपित गरिन्छ ? प्रक्षेपित लक्ष्य र उद्देश्यअनुसार उपलब्धि प्राप्ति नहुँदा नैतिक जिम्मेवारी लिइन्छ ? यी उल्लेखित सूचकांकलाई मूल्यांकन गर्ने संयन्त्र तयार गरिन्छ वा गरिँदैन ? यी अहं सवाललाई निरुत्तरित राखी आर्थिक विकास र समृद्धि सम्भव छैन ।

## अध्ययनको विधि र क्षेत्र

यो अध्ययन पूर्णतः माध्यमिक तथ्यांक (Secondary data) मा आधारित रहेको छ । नेपाल सरकारले प्रकाशित र मुद्रण गरेका २०४९ सालका, औद्योगिक नीति, २०६७ सालमा प्रकाशन गरेको नीति र त्यसमा आधारित ऐन, नियम, कानुन र घरेलु तथा साना उद्योगले विभाग प्रकाशन गरेको औद्योगिक प्रवर्द्धन तथ्यांक, राष्ट्रिय रोजगार नीति, २०७१ सार्वजनिक निजी सझदारी नीति २०७२ लगायत उद्योग वाणिज्य महासंघ तथा नेपाल घरेलु तथा साना उद्योग महासंघबाट प्रकाशित बुटेलिन जर्नल, पिरोडिकल्स लेखरचनाको विश्लेषण नै यस अनुसधानका क्षेत्र र यसको अध्ययनको विधि हो भने आर्थिक विकास समृद्धि, उत्पादकत्व रोजगारी, आयआर्जन र निर्यात यस लेखको क्षेत्र रहेको छ । यस अध्ययनलाई थप मजबुद र विश्वसनीय बनाउनका लागि प्रकाशित र अप्रकाशित स्रोतहरू प्रयोग गरिएका छन् ।

यसरी नै अध्ययनलाई जीवन्त प्रदान गर्न अनुसन्धानकर्ता आफैं उद्योग मन्त्रालय, उद्योग विभाग, घरेलु विभाग, उद्योग वाणिज्य महासंघ, घरेलु तथा साना उद्योग महासंघमा उपस्थित भई सामग्री संकलन गर्नुका साथै सम्बन्धित क्षेत्रका पदाधिकारीसँग अन्तरक्रिया छलफलसमेत गरियो । ती अन्तरक्रिया र छलफलहरू सहभागीका अनुभव र विश्वाससँग आधारित छन् ।

## आर्थिक विकासमा उद्योग तथा व्यवसायको भूमिका र यसले झेलेका समस्याहरू

विकास भनेको पहिलेदेखि नै विद्यमान सन्तुलनको अवस्थालाई सधैंका लागि परिवर्तन र विस्थापित गर्ने निरन्तर र स्वःस्फूत परिवर्तन हो । यस भनाइले विकासलाई प्रगतिशील वा क्रान्तिकारी परिवर्तन मानेको छ । यो परिवर्तनले नयाँ कदम रणनीति र सोचमा जोड दिएको छ । आर्थिक विकासका लागि सोच र अन्वेषणमा फड्को मार्नु जरुरी छ । यथास्थितिमा गरेका फेरबदलले द्रुत आर्थिक विकास सम्भव छैन ।

अर्थशास्त्री वोनका अनुसार धेरैजसो अल्पविकसित देशहरूमा आर्थिक विकासका निम्ति आर्थिक विस्तारका शक्तिहरूको सिर्जना तथा सम्वर्द्धन गर्नुपर्दछ । आर्थिक विस्तारका शक्ति भन्नाले उद्योग, व्यापार, रोजगारी, आय, उद्यमशीलता र मानवपुँजीजस्ता कुरा पर्दछन् । तसर्थ समग्रमा आर्थिक विकास भनेको देशका सम्पूर्ण नागरिकको बहुपक्षीय कल्याण हो ।

नेपाललाई आर्थिक रूपान्तरण गर्दै विकास र समृद्धिमा लैजाने प्रमुख माध्यम भनेको उद्योग, व्यवसाय र कृषिको आधुनिकीकरण नै हो । त्यसमा पनि हाम्रो जस्तो अल्पविकसित देशमा ठूला उद्योगभन्दा पनि घरेलु तथा साना उद्योग (MCSI/ SMES० लाई विशेष महत्त्व दिनुपर्दछ । तर यो क्षेत्र लामो समयदेखि उपेक्षित रहँदै आएको छ । विगतदेखि वर्तमान सरकारले यो क्षत्रलाई बुझ्न (बोध गर्न) सकेनन् र प्राथमिकताभित्र कदापि राखेनन् । झन्डै औद्योगिक क्षेत्रको ९० प्रतिशत योगदान पुऱ्याएको यो क्षेत्रले औद्योगिक रोजगारीको ७० प्रतिशत भूमिका निभाएको छ भने वैदेशिक निर्यातको ८० प्रतिशत हिस्सा ओगटेको छ । (गिरी : २०७३) तर यो क्षेत्र आज संकटग्रस्त छ । (लुइँटेल : २०७३) को अनुसार हालसम्म झन्डै ३ लाख ५१ हजार उद्योग दर्ता भएकामा ५० प्रतिशत रुग्ण भइसकेका छन् भने बाँकी ५० प्रतिशत उद्योग आफ्नो ४० प्रतिशत क्षमतामा सञ्चालित छन् । जनशक्ति, पुँजी र आधुनिक प्रविधि अभावमा यी उद्योग क्रमशः विस्थापित हुने क्रममा छन् । एकातिर भने अर्कोर्तफ झन्डै ५२ लाख युवायुवती वैदेशिक रोजगारीमा गएको तथ्यांक भेटिन्छ । यसको प्रभाव समग्र अर्थतन्त्रमा नकारात्मक परेको छ र उद्योग क्षेत्रको कुल ग्राहस्र्थ्य उत्पादनमा, योगदान घटेर १४-१५ प्रतिशतबाट ५ प्रतिशतभन्दा तल गएको छ भने यसको परिणामस्वरूप व्यापार घाटा अनुपात १:१३ हुँदै १:१९ मा पुगेको छ ।

गणतन्त्र नेपालको औद्योगिक क्षेत्रको अवस्था यस ठाउँमा आउँदासमेत गणतान्त्रिक सरकार, यस क्षेत्रका छाता संस्थाहरूको भूमिका के रह्यो भन्ने सन्दर्भमा चर्चा गर्नु सान्दर्भिक हुनेछ । नेपाल सरकार छाता संस्था र ट्रेड युनियनहरू "Tangible result, working together, moving faster, getting stronger" भन्दा पनि राजनैतिक विचारसँग नजिक रही आफ्नो निजी र वर्गीय स्वार्थका लागि प्रयासरत रहे । उत्पादन, उत्पादकत्व र रोजगारीभन्दा व्यापार तथा अनुत्पादक क्षेत्रमा आकर्षित भए । सरकारले बेलैमा यो कुरालाई आत्मासात् गर्न सकेन । बरु उल्टै तिनै व्यापार र वाणिज्य क्षेत्रका ठूला प्रतिनिधिमूलक संस्थाका पदाधिकारीलाई आफ्नो सल्लाहकार मानी उनीहरूकै सल्लाह र सुझावमा उद्योग क्षेत्रका रणनीति कार्यनीति योजना बनाउँदै लागू गरियो । तसर्थ आज नेपालको उद्योगको हाल यो अवस्थामा आइपुग्यो भन्ने कुनै दुविधा छैन । अर्को र्तफ

केही दातृ संस्था, विकास साझेदार र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू विकासको नाममा आफ्नो स्वार्थ पूरा गर्ने हेतुले लघुउद्यम नै आर्थिक विकासको आधार हो भनेर सरकारलाई दिग्भ्रमित पारे तर आर्थिक विकासको इन्जिनका रूपमा रहेको SMES र MCSI क्षेत्र उपेक्षित भयो वा Missing middle को अवस्था रह्यो र यो प्रवृत्ति देशभित्र निरन्तर चल्दै आयो । जसको फलस्वरूप नेपालको औद्योगिक क्षेत्र यस स्थितिमा आइपुग्यो ।

## नेपालको कृषि र उद्योग क्षेत्रले सामना गर्नुपरेका समस्या/चुनौतीहरू

अहिलेसम्मका सरकारहरू उद्योग क्षेत्रको विकासमा कहाँ चुक्यो ? सरकार WTO, BIMSTEC र SAFTA मा बिनातयारी प्रवेश गर्‍यो भने अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धिहरूलाई राम्रो अध्ययन-विश्लेषण नगरी हतारहतारमा हस्ताक्षर गर्‍यो । लामो समयसम्म मौजुदा, विधान, नीति, नियम र ऐनलाई समयसापेक्ष ढंगले परिवर्तन गर्न सकेन । झन्डै दुई दशकपछि औद्योगिक नीति र ऐन नयाँ जारी गर्‍यो तर नीतिको मर्म ऐनले आत्मासात् गरेन तापनि निजी क्षेत्रले यसलाई तुलनात्मक रूपमा प्रगतिशील ठान्यो । विडम्बना के छ भने, हाम्रो System ले परिणामलाई भन्दा प्रक्रियालाई प्रधान ठान्दछ । हामी यस्ता giant economy भएका प्रतिस्पर्धीको बिचमा छौँ, उनीहरू हामीभन्दा उद्योग व्यवसायका लागि धेरै संवेदनशील छन् । हामीले प्रक्रिया पूरा गर्दा उनीहरू उद्देश्य पूरा गर्न सफल भइसकेका हुन्छन् । तसर्थ नीतिनियम बनाउँदा हाम्रो देशको परिस्थिति ख्याल गरेर मात्र पुग्दैन, छिमेकीहरूको बारेमा अध्ययन, अनुसन्धान र विश्लेषण गर्नु अपरिहार्य छ ।

हिजोदेखि गणतन्त्र नेपाल भइसक्दासमेत हाम्रो कर्मचारीतन्त्र पुरातन र परम्परावादी नै छ । राजनैतिक परिवर्तनसँग कर्मचारीको मनोवृत्ति र कार्यशैली कुनै परिवर्तन गर्न सकेनौँ । केही संरचनागत कानुनी व्यवधानले गर्दा उनीहरू काम गर्न डराउने, काम गरेर जोखिम लिनुभन्दा काम नै नगरी बस्दा उपलब्धि ठान्छन् । यसको नियमन गर्ने निकाय निष्प्रभावी छ । दण्ड र पुरस्कारको व्यवस्था पनि छैन । यी उल्लेखित सम्पूर्ण कुराहरू उद्योग क्षेत्रका चुनौतीका रूपमा रहेका छन् । यिनीहरूका अतिरिक्त यस क्षेत्रका कमजोरी/चुनौतीहरूलाई बुँदामा सङ्क्षेपीकरण गर्दछु ।

- नीति, नियम, ऐन र नियमावलीलाई समय सापेक्ष बनाउन नसक्नु,
- दिगो औद्योगिक विकासको मुख्य आधार रहेको (RND, RID) अनुसन्धान र विकासलाई थोरै पनि प्राथमिकताभित्र नराख्नु ।
- आर्थिक कूटनीतिलाई (औद्योगिक विकास) आर्थिक विकासका लागि सही ढंगले उपयोग गर्न नसक्नु ।
- संस्थागत संरचनाहरू यथावत् तदर्थवादमा चलिरहनु ।
- बैंकिङ क्षेत्र उत्पादनशील क्षेत्रमा भन्दा अनुत्पादक क्षेत्रमा केन्द्रित हुनु । सम्बन्धित निकायले निगमन र निर्देशन गर्न नसक्नु ।
- आफ्नो देशको औद्योगिक क्षेत्रको सामर्थ्य नहेरी हतारहतारमा यससँग सम्बन्धित सन्धि, अभिसन्धिमा हस्ताक्षर गर्नु ।
- दातृ निकाय, विकास साझेदार र INGOs हरूलाई राष्ट्रिय हित, राष्ट्रिय आवश्यकताभन्दा पनि

उनीहरूको स्वार्थमा चल्न अनुमति प्रदान गर्नुजस्ता थुप्रै कमीकमजोरीहरू सरकार तथा निजी क्षेत्रले लामो समयदेखि अभ्यास गरिरह्यो । यस सन्दर्भमा हामीले एक-अर्कोलाई आरोप-प्रत्यारोप गर्नेभन्दा गणतन्त्र नेपालको अहिलेका आवश्यकता के हो ? के गर्दा सुखी र समृद्ध नेपाल निर्माण गर्न सकिन्छ भन्ने विषयमा (National concensus) राष्ट्रिय सहमति निर्माण गर्न अपरिहार्य छ ।

**गणतन्त्र नेपालको अबको बाटो अल्पकालीन, मध्यकालीन र दीर्घकालीन**

- मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने दौरानमा छ । हिजोका विद्यमान उत्पादन ढाँचा संस्थागत संरचनालाई पुनः संरचित गर्न आवश्यक छ । संघीय सरकारको हालको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको नाम र कामलाई समेत पुनः परिभाषित गर्न जरुरी छ । त्यसको मातहतमा (यो लेखक प्रदेश संरचनाको, पक्षमा छैन किनकि नेपालको अर्थतन्त्रले धान्न सक्दैन) सातै प्रदेशमा एक-एक प्रादेशिक उत्पादकत्व परिषद् (Provincial productivity council) र केन्द्रमा सातै प्रदेशको प्रतिनिधित्व हुने गरी राष्ट्रिय उत्पादकत्व परिषद् (National Productivity Council) तत्काल गठन गरी कार्य सञ्चालन गर्नुपर्दछ, जसको सांगठनिक संरचना परिच्छेद एकमा उल्लेख गरिएको छ ।

- हरेक प्रदेश तथा केन्द्रले दिगो आर्थिक विकास तथा समृद्धि प्राप्तिका लागि अनुसन्धान र विकासमा (RND, RID) आधारित विकास योजना सञ्चालन गर्न आफ्नो बजेटको १ देखि ३ प्रतिशत रकम विनियोजन गर्न जरुरी छ ।

- लामो समयको प्रतीक्षा र प्रयासपछि औद्योगिक क्षेत्रले औद्योगिक व्यवसाय नीति र ऐन प्राप्त गर्‍यो तर नीतिले व्यवस्था गरेका धेरै कुरा ऐनले आत्मासात् गर्न सकेन । यद्यपि जुन सहुलियत र सुविधा ऐनले प्रदान गरेका छन्, त्यसलाई आर्थिक नियामवली र बजेट भाषणले बारम्बार कटौती गर्ने प्रचलन छ । त्यसलाई अन्त्य गर्नुपर्दछ ।

- मुलुकभित्र सञ्चालित घरेलु तथा साना उद्योगहरू (MCIS/ SMEs) ५० प्रतिशतभन्दा बढी रुग्ण भइसकेका छन् भने ५० प्रतिशत उद्योग पनि ४० प्रतिशतभन्दा कम क्षमतामा चलेका छन् यिनीहरूको वास्तविक अवस्थाको अध्ययन गर्न जरुरी छ । अर्कोतर्फ केही महत्त्वपूर्ण सार्वजनिक संस्थानहरू बन्दका अवस्थामा छन् । यिनीहरूलाई पूर्ण क्षमताका साथ सञ्चालन गर्न नसकिए आर्थिक विकास र समृद्धि असम्भव छ । तसर्थ पहिलो चरणमा नियतिजन्य र आयात प्रतिस्थापन गर्ने १००० (एक हजार) उद्योगहरू पहिचान र छनोट गरी Up-scaling गर्न एउटा छुट्टै (Task force) कार्यदल बनाउन जरुरी छ भने महत्त्पूर्ण सार्वजनिक संस्थान (Public private partnership) निजी सार्वजनिक साझेदारीमा सञ्चालन गर्न अर्को कार्यदल बनाई कार्य थालनी गर्न जरुरी छ ।

- हामी एकैचोटि सबै क्षेत्रको समान ढंगले विकास गर्न समर्थ छैनौँ । त्यसो भएकाले तुलनात्मक लाभका क्षेत्र पहिचान गरी निच मार्केट (Niche Market Niche Product) मा जानुपर्ने हुन्छ । तसर्थ नयाँ स्थापना गरिने उद्योग व्यवसायको गहिरो अध्ययन गरी एक गाउँपालिका : एक उद्योग स्थपना गर्ने कार्य अविलम्ब थालनी गर्न जरुरी छ । जस्तै- जडीबुटी प्रशोधन, प्राकृतिक रेशाजन्य कच्चा पदार्थबाट कपडा बुनाइ, बहुमूल्य पत्थरमा आधारित उद्योग र व्यावसायिक वन तथा कृषि

उद्योग, यसका लागि एक प्रदेश : एक उद्योग विकास बैंक (Smes Funding bank) स्थापना गर्नु जरुरी छ।

- उद्यमीहरूलाई सुलभ ब्याजदरमा ऋण उपलब्ध गराउन सरकारले मौद्रिक नीतिमार्फत वाणिज्य बैंकहरूले २५ प्रतिशत रकम उत्पादनशील क्षेत्रमा १५ प्रतिशत कृषि र ऊर्जामा। त्यसैगरी विकास बैंकहरूले १५ र १० प्रतिशत अनिवार्य लगानी गर्ने व्यवस्था गर्नुपर्ने।
- दातृराष्ट्र विकास साझेदार र INGO लाई राष्ट्रहितअनुकूल प्राथमिकता तोकेको क्षेत्रमा एकद्वार प्रणालीमार्फत लगानी गर्ने व्यवस्था मिलाउनुपर्ने। विश्वका धेरै विकासशील राष्ट्रका कूटनीतिज्ञहरू देशका राजनीतिकभन्दा आर्थिक मुद्दामा बढी संवेदनशील भएको पाइन्छ र उनीहरूले राजनीतिकभन्दा आर्थिक कूटनीतिलाई पहलकदमी गरिरहेका हुन्छन्। तर हाम्रो देशको कूटनीतिकज्ञहरूले त्यस्तो भूमिका निर्वाह गरेको पाइएन। तसर्थ Diplomate selection गर्दा आर्थिक क्षेत्रको विशेष ज्ञान (right men to right place) भएको व्यक्तिलाई छनोट गरी देशको मौलिक उत्पादनलाई अन्तर र्राष्ट्रिय बजारसम्म पुऱ्याउन र विदेशी लगानी भित्र्याउन सकियो भने एक दशकमा अपेक्षित विकास र समृद्धि हासिल गर्न सकिन्छ।

## निष्कर्ष

नेपालको आर्थिक विकासको मेरुदण्ड भनेको उद्योग क्षेत्र र व्यावसायिक कृषि नै हो। तर यी क्षेत्रको विकासका लागि विद्यमान नीति, ऐन, कानुन तथा कार्यान्वयन बढी जिम्मेवार छन्। संस्थागत संरचना र कर्मचारीतन्त्र परिणामभन्दा पनि प्रक्रियामुखी रहनुले कृषिको उत्पादन र उत्पादकत्व छिमेकी राष्ट्रसँग प्रतिस्पर्धा नै गर्न नसक्ने अवस्थामा रही अधिकांश भूमि बाँझो छ भने उद्योगको कुल ग्राहस्थ्र्य उत्पादनमा योगदान घटेर १४-१५ प्रतिशतबाट ५ प्रतिशतभन्दा कममा आएको छ भने व्यापार घाटा बढेर १:१३ भन्दा माथि पुगेको छ।

उद्योग र कृषिबाट आर्थिक विकास र समृद्धि प्राप्ति गर्नका लागि हाम्रा उत्पादन सम्बन्ध, उत्पादन ढाँचा र उत्पादन पद्धतिलाई समयसापेक्ष परिवर्तन गर्न जरुरी छ। त्यसैगरी उचित व्यक्ति उचित स्थान Performance र delivery दण्ड र पुरस्कारको व्यवस्था अनिवार्य सर्त बन्नुपर्छ।

आर्थिक विकास भनेको प्रगतिशली वा क्रान्तिकारी परिवर्तन हो। साथै यसका निम्ति आर्थिक विस्तारका शक्तिहरूको, सिर्जना तथा सम्वर्द्धन गर्नुपर्दछ। आर्थिक विकासका शक्ति भन्नाले उद्योग, व्यापार, रोजगारी, आय, उद्यमशीलता र मानव पुँजीजस्ता कुरा पर्दछन्। यिनीहरूको अधिकतम प्रयोगबाट नागरिकको बहुपक्षीय कल्याण हुनुपर्दछ।

विशेषतः नेपालको औद्योगिक क्षेत्रभित्र पनि घरेलु तथा साना उद्योग (MCIS/SMES) भूमिका महत्त्वपूर्ण छ जसले रोजगारीमा ७० प्रतिशत वैदेशिक, नियतिमा ८० प्रतिशत र कुल ग्राहस्थ्र्य उत्पादनमा उद्योग क्षेत्रको ९० प्रतिशत हिस्सा ओगटेको छ। तर आज यो क्षेत्र उपेक्षित भई Missing middle को अवस्थामा छ।

हिजो पञ्चायतकालदेखि आज संघीय गणतन्त्रमा आउँदासमेत यो क्षेत्रले दर्जनौं समस्याहरूको सामना गरिरहेको छ। यसका समस्याहरू अझै सम्बोधन भएका छैनन्। नीति र ऐनले प्रदान गरेका सुविधासमेत नियम, विनियम र बजेट भाषणमार्फत कटौती गर्ने प्रचलन छ।

यी माथि उल्लेख भएका समस्या/चुनौतीहरूलाई सम्बोधन नगरी उद्योग र कृषिमार्फत आर्थिक विकास र समृद्धि हासिल हुन सक्दैन । तसर्थ संस्थागत संरचना, प्रक्रिया, पद्धति, अध्ययन र अनुसन्धानमा आमुल फेरबदल गर्न जरुरी छ ।

*कृषि, घरेलु साना तथा मध्यम उद्योगबाट घरघरमा रोजगार !*

*समृद्ध, आत्मानिर्भर र स्वाधीन अर्थतन्त्र निर्माणको आधार*

## सन्दर्भ सामग्री

नेपाल सरकार, अर्थ मन्त्रालय (२०७९), *आर्थिक सर्वेक्षण २०७८/०७९,* काठमाडौंः नेपाल सरकार ।

नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय (२०७१), *राष्ट्रिय रोजगार नीति २०७१,* काठमाडौंः नेपाल सरकार ।

नेपाल सरकार, अर्थ मन्त्रालय (२०७८), *आर्थिक सर्वेक्षण २०७७/०७८,* काठमाडौंः नेपाल सरकार ।

नेपाल सरकार, अर्थ मन्त्रालय (२०७२), *सार्वजनिक निजी साझेदार नीति २०७२,* काठमाडौंः नेपाल सरकार ।

नेपाल सरकार, उद्योग मन्त्रालय (२०७७), *औद्योगिक नीति २०६७,* काठमाडौंः नेपाल सरकार, उद्योग मन्त्रालय सिंहदरबार, कञ्चन प्रिन्टिङ प्रेस ।

नेपाल सरकार, उद्योग मन्त्रालय (२०६९), *औद्योगिक प्रवर्द्धन तथ्यांक,* ललितपुर : घरेलु तथा सानो उद्योग विभाग, श्वेतकाली छापाखाना ।

नेपाल घरेलु तथा सानो उद्योग महासंघ (२०६९), *घरेलु स्मारिका,* काठमाडौंः भ्याली प्रिन्टिङ सपोट ।

गिरी, श्यामप्रसाद (२०७३), *उद्योग समचार,* काठमाडौँ : महाधिवेशन विशेषांक, नेपाल घरेलु तथा साना उद्योग महासंघ माइतीघर हाइट ।

लुइँटेल, विष्णुबहादुर (२०७३), *उद्योग समचार,* काठमाडौँ : महाधिवेशन विशेषांक, नेपाल घरेलु तथा साना उद्योग महासंघ माइतीघर हाइट ।

**Appendix 1**

**Name Proposed of Ministry**

**Ministry of International Trade and Industry Development**



**Appendix II**

**CORE ACTIVITIES OF NATIONAL PRODUCTIVITY COUNCIL**



# कक्षा व्यवस्थापनका विविध अभ्यासहरू

हेरम्बराज बाँस्तोला
महेन्द्ररत्न क्याम्पस ताहाचल
विद्यावारिधि शोधार्थी

## पृष्ठभूमि

व्यवस्थापनलाई उपयुक्त तवरले मिलाइएको चाँजोपाँजो वा राम्रो तवरले गरिएको प्रबन्ध भन्ने अर्थमा लिइन्छ। कक्षा व्यवस्थापन भन्नाले शिक्षण सिकाइका क्रममा लक्षित समुदायले लक्षित सिकाइ उपलब्धि हासिल गर्न सक्ने गरी मिलाइएको व्यवस्थित कक्षा प्रबन्धलाई बुझ्नुपर्छ । कक्षाहरूलाई समरूपी र विषमरूपी गरेर दुई प्रकारमा विभाजन गरेको पाइन्थ्यो, यो विभाजन परम्परागत विभाजन हो । यसमा एकै प्रकारका विद्यार्थीहरू भएको कक्षा समरूपी र एकभन्दा बढी प्रकारका विद्यार्थीहरू भएको कक्षा विषमरूपी भनी अर्थ्याइन्थ्यो । सम-विषम पनि लिङ्ग, वर्ण, क्षमता, जाति, संस्कृति, स्वभाव केका आधारमा छुट्याउने भन्ने स्पष्टताको अभाव थियो । हाल आएर सम-विषमताका सवालमा नयाँ दृष्टिकोण विकास भएको छ । जसअनुसार "हरेक व्यक्ति अद्वितीय छ, हरेक व्यक्ति भिन्न छ" त्यसैले जब एउटा कक्षामा एकभन्दा बढी सिकारुको उपस्थिति हुन्छ, स्वभावैले त्यो कक्षा विषमरूपी नै हुन्छ। वैयक्तिक भिन्नता त छँदै छ अनेक किसिमका सामाजिक, सांस्कृतिक, आर्थिक मनोवैज्ञानिक तथा भाषिक विविधताले युक्त विद्यार्थीहरू एकै कक्षामा सिकारुका रूपमा उपस्थित हुन्छन् तिनको विविधता र पृष्ठभूमिको ख्याल गरी शिक्षण गर्नुपर्ने हुन्छ । यहाँ मूलतः भाषा शिक्षणका सिलसिलामा कक्षा व्यवस्थापनको महत्त्व के छ र नेपालमा कक्षा व्यवस्थापनसम्बन्धी केकस्ता अभ्यास भएका छन् भन्ने समस्यामा केन्द्रित भई छलफल गरिएको छ।

## कक्षाकोठा व्यवस्थापनको अवधारणा

सिकाइ सहजीकरण (शिक्षण) क्रियाकलापलाई बढी उपयोगी, बालमैत्री, समावेशी लैङ्गिकमैत्री तथा प्रभावकारी बनाउन कक्षाकोठामा गरिने उचित व्यवस्थापन नै कक्षाकोठा व्यवस्थापन हो। यो सिकाइका लागि अति आवश्यक पक्ष हो । कक्षाकोठाभित्रको शैक्षिक भौतिक मानवीय स्रोतसामग्री, सिकारुको बसाइलगायत व्यवस्थापन सम्बद्ध कार्यहरू कक्षाकोठा व्यवस्थापनभित्र पर्छन् । कक्षाकोठा व्यवस्थापनलाई समय, स्रोतसाधन, क्षेत्रफल, सिकारुको व्यवहार आदि सबैको उचित व्यवस्थापन गर्ने कार्यका रूपमा परिभाषित गर्ने गरिन्छ। यस कार्यले सिकाइका लागि सहज वातावरण सिर्जना गर्छ।

पाठ्यक्रमले तोकेका विषयवस्तु एवं पाठ्यपुस्तकको पढाइमा मात्र सीमित नराखी विद्यार्थीहरूलाई अन्य किसिमका पढाइका अवसरहरू पनि प्रदान गर्नु उत्तिकै जरुरी हुन्छ । यसका लागि पाठ्यक्रमले तोकेका र अतिरिक्तसमेत सामग्री तथा स्रोतको व्यवस्थापनको सन्दर्भमा पनि कक्षा व्यवस्थापनकै समयमा सोचिनुपर्दछ। विद्यालयमा कम्तीमा पनि पुस्तकालय वा पुस्तक कुना उपलब्ध हुनु जरुरी छ । विद्यालयमा पुस्तकालय वा

पुस्तक कुना मात्र भएर पुग्दैन, यसको प्रभावकारी एवं सिर्जनात्मक प्रयोग पनि हुन आवश्यक छ। अन्यथा यस्तो व्यवस्थाको कुनै औचित्य हुँदैन।

कक्षाकोठा व्यवस्थापनका उद्देश्यहरूलाई निम्नानुसार सूचीकृत गरिएको पाइन्छ।

- सिकारुको कक्षाकोठाभित्र हुने व्यवहारलाई सिकाइसँग आबद्ध गर्नु,
- सकारात्मक सिकाइ वातावरण सिर्जना गर्नु,
- शिक्षक विद्यार्थीबिच असल शैक्षिक सम्बन्ध विकास गर्नु,
- सिकारुलाई सिकाइप्रति बढी जिम्मेवार बनाई आकर्षित गर्नु,
- समय स्रोत, साधन तथा क्षेत्रफलको व्यवस्थापनलाई सिकाइमैत्री बनाउनु,
- बालबालिकामा रहेका गैरसिकाइमूलक व्यवहारको व्यवस्थापन गर्नु,
- स्वतन्त्र सहज र सिर्जनामुखी सिकाइ वातावरण निर्माण गर्नु।

यसरी हेर्दा कक्षाकोठा नै खास उद्देश्यले प्रेरित भई सिकाइ कार्यको लेनदेन सम्पन्न गर्ने ठाउँ हो। यसमा शिक्षक र विद्यार्थीका अनेक बाह्य र आन्तरिक पक्षहरू संलग्न हुन्छन्। त्यस्ता पक्षहरूको अनुकूल उपयोग, परिचालन र पर्याप्त सचेत हुन सक्नु नै कक्षा व्यवस्थापनको मूल मर्म हो।

## कक्षा व्यवस्थापनका आधारहरू

शिक्षण सिकाइ कक्षाकोठाभित्र मात्र हुने होइन, सिकाइ मृत्युपर्यन्त चलिरहने प्रक्रिया हो। कक्षाकोठा भन्नासाथ हामी औपचारिक शिक्षा ग्रहण गर्ने क्रममा विद्यालयको कक्षा भन्ने सम्भन्छौँ। औपचारिक शिक्षाका शिक्षण तथा सिकाइ प्रक्रियामा समयानुकूल विभिन्न तौरतरिकाहरू प्रचलनमा आएका छन्।

सूचनामूलकभन्दा पनि खोजमूलक तथा प्रयोगमा आधारित शिक्षा जीवनोपयोगी र व्यावहारिक शिक्षाको आवश्यकताको चर्चा भइरहेको वर्तमान सन्दर्भमा कक्षाकोठाबाहिरका गतिविधिलाई पनि पाठ्यक्रम र औपचारिक शिक्षाले समेटेको पाइन्छ। यति हुँदाहुँदै पनि कक्षाकोठा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुने स्थानहरूमध्ये सबैभन्दा बढी समय सिकाइ क्रियाकलाप सञ्चालन हुने स्थान हो।

कक्षाकोठाको वातावरण उत्तम हुन सकेमा मात्र सिकाइ क्रियाकलाप ठिक तरिकाले गर्न सकिन्छ। शिक्षण सिकाइमा कक्षाकोठाको व्यवस्थापन गर्दा निम्न आयामबाट ध्यान दिनु अपरिहार्य हुन्छ।

### भौतिक व्यवस्थापन

कक्षाकोठाको वातावरणमा प्रभाव पार्ने सबैभन्दा महत्त्वपूर्ण तत्त्व भौतिक पक्ष हो। भौतिक पक्षले सिंगो कक्षाकोठाको वातावरणलाई प्रभाव पार्छ। कक्षाकोठामा सिकारुले शिक्षकको र शिक्षकले सिकारुका क्रियाकलापको सहज रूपमा अवलोकन गर्न सक्ने वातावरण हुनुपर्छ। कक्षाकोठामा आवश्यक स्रोत उपलब्ध हुनु र ती स्रोतमा सिकारुको समान पहुँच हुनुपर्छ।

कक्षाकोठा उज्यालो हुनु, संवातनको उपयुक्तता हुनु, आवश्यक र सुविधापूर्ण बसाइ व्यवस्था हुनु, होहल्लाविहीन

शान्त वातावरणजस्ता कुरालाई कक्षाकोठाको भौतिक पक्षको उपयुक्तता मानिन्छ । कक्षाको भौतिक पक्ष व्यवस्थापनको समग्र जिम्मेवारी शिक्षकको मात्र हो भन्न सकिन्न । तर, व्यवस्थापनको प्रयत्न गर्ने र उपलब्ध पक्षको प्रभावकारी परिचालन गर्ने दायित्व शिक्षकको नै हो ।

कक्षाकोठाको भौतिक व्यवस्थापनलाई निम्न बुँदाबाट थप स्पष्ट पार्न सकिन्छ :-

- कक्षाकोठाको उपयुक्त वातावरण, कक्षाको आकार, प्रकार, प्रकाश, उचित तापक्रम, हावा आदिको व्यवस्थापन,
- सबै बालबालिकालाई शिक्षकले सहज रूपमा देख्न सक्ने गरी कक्षाकोठाको बसाइ व्यवस्थापन गर्ने,
- बालबालिकाको बसाइ व्यवस्थापन एकले अर्कालाई देख्न सक्ने गरी गर्ने,
- कक्षाकोठामा समूहकार्य तथा अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्न आवश्यक ठाउँ रहने गरी कक्षाकोठा व्यवस्थापन गर्ने,
- कम्प्युटर तथा अन्य विद्युतीय उपकरणहरूलाई घाम, पानी, धूलो आदिबाट सुरक्षित हुनेगरी राख्ने,
- कक्षाकोठाको कुनै एक कुनामा बालबालिकाका लागि एक कक्षा पुस्तकालयको व्यवस्थापन गर्ने,
- बालबालिकाको पोर्टफोलियोलाई कक्षाकोठामै दराजमा व्यवस्थित गर्ने ।

## शैक्षणिक सामग्रीको व्यवस्थापन

दैनिक रूपमा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा आवश्यक पर्ने पाठ्यवस्तु र उद्देश्यअनुरूपका सामग्रीलाई शैक्षणिक सामग्री भनिन्छ । शिक्षण सामग्रीअन्तर्गत कक्षाकोठामा दैनिक प्रयोगमा आउने सामग्री (पाठ्यपुस्तक, कालो/सेतो पाटी, चक, डस्टर आदि) र शिक्षक निर्मित सामग्री (प्रतिमूर्ति, चित्र, वर्णपत्ती, शब्दपत्ती, वाक्यपत्ती तालिका आदि), मौखिक सामग्री (प्रश्न, उदाहरण आदि), संकलित सामग्री (पत्रपत्रिका, तस्बिर, वास्तविक वस्तु, पोस्टर आदि) तथा विद्युतीय सामग्री (टेप रेकर्डर, रेडियो, टेलिफोन, ग्रामोफोन, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर आदि) पर्दछन् ।

कक्षामा विद्यार्थीको तह तथा उनीहरूको बौद्धिक क्षमता, संख्या, अनुभवको सेरोफेरो, भाषिक र सांस्कृतिक पृष्ठभूमि, स्थानीय वातावरण, पाठसँगको तादात्म्य, विषयवस्तु र पाठ्यवस्तुको प्रकृतिजस्ता विविध कुराहरूमा विशेष ख्याल गर्नुपर्ने हुन्छ । यसरी उपलब्ध शैक्षिक सामग्रीको व्यवस्थापन पनि कक्षाकोठा व्यवस्थापनको महत्त्वपूर्ण पक्ष हो ।

शैक्षणिक सामग्री व्यवस्थापनको पक्षलाई निम्नानुसार बुँदाबाट प्रस्ट पार्न सकिन्छ ।

- दैनिक रूपमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि अत्यावश्यक शैक्षणिक सामग्रीहरू शिक्षक दराज वा शिक्षक डेस्कमा व्यवस्थित गर्ने,
- नियमित प्रयोग गर्नुपर्ने शैक्षणिक सामग्रीहरू सहज रूपमा भेटिने गरी व्यवस्थापन गर्ने,
- शिक्षक तथा विद्यार्थी निर्मित शैक्षिक तथा अन्य प्रवर्तनात्मक सिर्जनाहरूलाई सबैले हेर्न र कक्षा शिक्षणमा प्रयोग गर्न सक्ने गरी प्रदर्शन गर्ने,

- विद्यार्थी तथा शिक्षक निर्मित प्रवर्तनात्मक शैक्षणिक सामग्रीहरू कक्षाकोठाका भित्ताहरूमा कालो/सेतो पाटीका दायाँबायाँ वा डोरीको व्यवस्थापन गरी प्रदर्शन गर्ने ।

## शैक्षणिक व्यवस्थापन

कक्षाकोठा विद्यार्थी केन्द्रित हुनुपर्छ। शिक्षण सहजीकरणमा संलग्न शिक्षक सर्वदा विद्यार्थीमैत्री, खुल्ला र आत्मीय हुनुपर्छ। कक्षाकोठामा विद्यमान विविधतामा आधारित क्रियाकलाप सञ्चालन गर्नुपर्छ। सिकारुले सहज रूपमा शिक्षण सिकाइ क्रियाकलापमा सरिक हुने वातावरण तयार गर्नुपर्छ। शैक्षणिक सामग्रीहरूको उचित व्यवस्थापन गर्नुपर्दछ। यी सबै कार्यहरूले कक्षा शिक्षकलाई सरल, सहज र परिणामुखी बनाउन टेवा पुग्छ। पाठ्यवस्तुको प्रकृतिअनुरूप विभिन्न किसिमका शैक्षणिक क्रियाकलाप सञ्चालन गर्न सकिन्छ। बालबालिकालाई विभिन्न समूहमा विभक्त गर्न सकिन्छ, समूहमा आधारित शिक्षण सिकाइका लागि सामान्यतः ठूलो समूह, सानो समूह तथा जोडी बनाउने अभ्यास गर्न सकिन्छ।

समूह कार्य सञ्चालनले शिक्षण सिकाइलाई उपलब्धिमूलक बनाउँछन्। समूहकार्यले ध्यानपूर्वक सुन्ने, स्पष्ट रूपमा विचार व्यक्त गर्ने, सक्रिय रूपमा सहभागी हुने, तर्क गर्ने, सामूहिक सहमति खोज्ने, एकार्काका विचारको सम्मान गर्ने विषयवस्तु केन्द्रित विमर्श गर्ने, समस्या केलाई समाधान खोज्ने, नेतृत्व गर्नेजस्ता बानी तथा क्षमताको विकास हुन्छ।

शैक्षणिक व्यवस्थापनको पक्षलाई निम्नानुसार बुँदाबाट थप स्पष्ट पार्न सकिन्छ :

- बालबालिकाप्रति मिठो बोलीवचन प्रयोग गरी छलफल, अन्तरक्रिया तथा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- कृपया, धन्यवाद, स्याबास, क्षमा गर्नुहोस्जस्ता शिष्टाचार सूचक शब्दहरू प्रयोग गरी सहज र सकारात्मक वातावरण सिर्जना गर्ने,
- सकेसम्म सबैलाई नामबाट सम्बोधन गर्ने,
- आवश्यक पुनर्बलको प्रयोग गरी सबैलाई शैक्षिक गतिविधिमा सक्रिय सहभागी गराउने,
- सूचनालाई सहज र प्रभावकारी रूपमा प्रवाह गर्ने,
- सकारात्मक सन्देश प्रवाहमा जोड दिने,
- सामूहिक भावनाको विकासमा जोड दिने,
- कक्षागत बैठक गरी सिकाइ समस्याका बारेमा छलफल गराउने,
- उपयुक्त तरिकाले शिक्षण सहजीकरण गर्न सकेमा हरेक सिकारुले सिकाइ उपलब्धि हासिल गर्न सक्छन् भन्ने सकारात्मक सोच राख्ने,
- विद्यार्थीको शारीरिक, मानसिक र संवेगात्मक पक्ष ख्याल गरी सुरक्षित महसुस गराई शिक्षण गर्ने,
- कक्षाको विविधतालाई ध्यान दिई शिक्षण क्रियाकलाप सञ्चालन गर्ने,
- परिवेश र आवश्यकताअनुरूप विषय शिक्षण, बहुभाषिक शिक्षण र बहुकक्षा शिक्षण गर्ने,
- शिक्षण क्रियाकलालाई बालमैत्री, लैंगिकमैत्री, अपांगमैत्री र समावेशी बनाउने ।

उपरोक्त सबै कार्यहरूको व्यवस्थापन गरी कक्षा शिक्षणलाई सहज परिमाणमुखी वा गुणस्तरीय बनाउने गरी गरिने कक्षाभित्रको मानवीय, शैक्षिक, प्राज्ञिक तथा भौतिक पक्षको व्यवस्थापन नै वास्तविक अर्थमा कक्षाको व्यवस्थापन हो ।

## कक्षा व्यवस्थापनका विविध अभ्यास

शिक्षण सिकाइ क्रियाकलाप मूलतः विद्यार्थीलाई केन्द्र भागमा राखेर सञ्चालन गरिन्छ । स्रोत सामग्रीको उपलब्धता, सामाजिक सांस्कृतिक परिवेश, विषयवस्तुको प्रकृति, अपनाउनुपर्ने शिक्षण विधि, विद्यार्थी संख्या तथा शिक्षकको सक्षमतासमेतले कक्षाको व्यवस्थापन र अभ्यासलाई निर्धारण गर्दछ । नेपाल सरकारले तोकेका शिक्षकमा अपेक्षित आठ सक्षमतामध्ये कक्षाको उचित व्यवस्थापन पनि एक हो । शिक्षकको मूल कार्य शिक्षण हो । सम्पूर्ण ज्ञानको भण्डार शिक्षक हो विद्यार्थी भने सम्पूर्ण रूपमा खाली दिमाग लिएर विद्यालय आएको हुन्छ । शिक्षकले विद्यार्थीको खाली दिमागमा आफ्नो ज्ञान स्थानान्तरण गरिदिने हो भन्ने परम्परागत धारणामा परिवर्तन आइसकेको छ । अब शिक्षक केवल प्रवाचक होइन । ऊ विद्यार्थीको रुचि र क्षमताको पहिचान गरी शिक्षण सहजीकरण गर्ने सहजकर्ता हो र विद्यार्थीका प्रतिभालाई उजागर गर्न सघाउने स्रोत व्यक्ति हो ।

हाम्रा कक्षाकोठाहरूको व्यवस्थापन हेर्ने हो भने आज पनि अधिकांश विद्यालयमा परम्परागत शिक्षण विधि अनुकूलका छन् । शिक्षकले प्रवचन विधिमा पढाउने सिकारु निष्क्रिय रूपमा शिक्षकका प्रवचन सुन्ने परम्परागत शैलीअनुरूपको कक्षाको बसाइ व्यवस्था विद्यार्थी अगाडि फर्केर बस्ने र शिक्षक विद्यार्थीतिर फर्केर बोल्ने हो ।

छलफल तथा बैठक शैलीमा कक्षाको व्यवस्थापन गर्ने हो भने गोल मेच तथा ग आकारको बसाइ व्यवस्थापन उपयुक्त हुन्छ । कक्षामा आधुनिक सूचना प्रविधि मल्टिमिडियाको प्रयोग छ भने एलईडीजस्ता उपकरणको प्रयोग भए सोहीबमोजिम बसाइ व्यवस्थापन गर्न सकिन्छ ।

कक्षा पुस्तक कुना दराजजस्ता आधारभूत भौतिक पक्ष अधिकांश विद्यालयमा अनुपलब्ध नै छन् । यसर्थ शिक्षण सिकाइ कार्यको महत्त्वपूर्ण स्थान कक्षाकोठा हो । कक्षाकोठाको व्यवस्थापनले शिक्षणको प्रभावकारिता र अप्रभावकारिता निर्धारित हुने भएकाले शिक्षकले कक्षा व्यवस्थापनमा समेत विशेष ध्यान पुऱ्याउनुपर्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०६२), *नेपाली भाषाशिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषाशिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रालि ।

क्षेत्री, देवबहादुर (२०७५), *कक्षा शिक्षण,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : न्यु हिरा बुक्स इन्टर प्राइजेज ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७३), *प्रारम्भिक कक्षामा पठन सिप विकास,* भक्तपुर : शिक्षक स्रोत सामग्री

Rijal, Rishi Ram (2070), *Constructivist Perspective on Teacher Development*, Kathmandu: Subhakamana Prakashan.

# एकीकृत पाठ्यक्रम र विद्यालयमा प्रयोग

उमेश बुढाथोकी
मा.शि. द्वितीय, प्रधानाध्यापक
नन्द माध्यमिक विद्यालय
MTOT तथा प्रशिक्षक, शिक्षा तालिम केन्द्र, सुनसरी

## परिचय

पाठ्यक्रमको विकास, परिमार्जन तथा अद्यावधिक गर्ने कार्य निरन्तर चलिरहने प्रक्रिया हो । तोकिएका निश्चित सिकाइ उपलब्धिहरू प्राप्तिका लागि विद्यार्थीहरूलाई विभिन्न खालका अनुभवहरू हासिल गर्न बाटो देखाउने माध्यम पाठ्यक्रम हो । पाठ्यक्रमले विद्यार्थीले हासिल गरेका अनुभवहरूलाई व्यवहार उपयोगी बनाउन मार्गनिर्देश गरेको हुन्छ । पाठ्यक्रम भनेको नै सिकाइका लागि तयार गरेको बृहत् योजना हो । समग्र शिक्षाका उद्देश्यहरू प्राप्तिका लागि बनाइएको शैक्षिक दस्तावेज पाठ्यक्रम हो । ज्ञानको विस्तार तथा सिर्जना, प्रविधिमा आएको परिवर्तन, राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा आएको परिवर्तन, विद्यार्थीहरूमा विकसित हुनुपर्ने सिपहरूलगायत आजको प्रतिस्पर्धात्मक विश्वको आवश्यकतालाई विचार गरेर पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्नु आवश्यक छ ।

युग सुहाउँदो ज्ञान सिप प्रदान गर्नु वा युगअनुकूल मानिसलाई बाँच्न सक्षम तुल्याउनु पाठ्यक्रमको धर्म हो । फलस्वरूप २१ औं शताब्दीको समाजअनुकूल हुने गरी आधारभूत तह (कक्षा १-३) को एकीकृत नमुना पाठ्यक्रम विकास गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तयार गरेर कक्षा १ मा शै.स. २०७७ र कक्षा २ र ३ मा शै.स. २०७८ बाट देशैभरिका सबै विद्यालयहरूमा एकीकृत पाठ्क्रम प्रयोगमा आइसकेको छ ।

## एकीकृत पाठ्यक्रम

एकीकृत पाठ्यक्रम भन्नाले विभिन्न विषयहरूलाई अन्तरसम्बन्धित गरेर जीवनसापेक्ष हुने गरी सिकाइ सञ्चालन गर्ने भन्ने बुझाउँछ । विभिन्न विषयका ज्ञान र सिपलाई कुनै समस्यामा वा विषयक्षेत्रमा केन्द्रित गर्ने वा कुनै मुद्दा वा समस्यामा केन्द्रित भई विषयवस्तुको निश्चित सीमा निर्धारण नगरी समस्या समाधानका लागि आवश्यक ज्ञान तथा सिप प्राप्त हुने गरी शिक्षण सिकाइ सञ्चालन गर्ने गरी तयार गरिएको पाठ्यक्रम एकीकृत पाठ्यक्रम हो । विभिन्न विषयगत ज्ञान र सिपहरूलाई एकीकृत रूपमा सिकाउन सकिने गरी तयार गरेको पाठ्यक्रमलाई एकीकृत पाठ्यक्रमको रूपमा लिइन्छ । दुई वा दुईभन्दा बढी विषयहरूको संयोजन गरी एकअर्को विषयबिचको अवधारणाको सम्बन्ध खोज्न लगाउने, विद्यार्थीको समूह निर्माण गरी सिक्ने सिकाउने अवसर प्रदान गर्ने गरी तयार पारिएको पाठ्यक्रमलाई एकीकृत पाठ्यक्रम भनिन्छ । दुई वा दुईभन्दा बढी विषयका उद्देश्यहरू सँगै मिलाएर सिकाउन सकिने पाठ्यक्रम एकीकृत पाठ्यक्रम हो । अथवा विषयहरू जोडेर समग्र रूपमा सिकाउने विधि हो ।

बहुविषय तथा बहुशिक्षकबाट फरक-फरक समयमा फरक विधि र अलग-अलग विषयवस्तु शिक्षण गर्दा विद्यार्थीको सिकाइमा सहसम्बन्ध कायम गर्न सकिएन, विद्यार्थीको बुझाइमा एकरूपता कायम हुन सकेन । सिकेका कुरालाई विद्यार्थीले व्यवहारमा प्रयोग गर्न सकेनन्, विभिन्न विषय तथा विषयवस्तुको अन्तरसम्बन्ध, सिकाइ क्रियाकलापमा संयोजन हुन सकेन फलस्वरूप एकीकृत पाठ्यक्रमको अवधारणा अगाडि ल्याइयो ।

यद्यपि यो अवधारणा नौलो भने होइन । विभिन्न मुलुकमा यसको प्रयोग गर्ने सन्दर्भमा सन् १९२० तिर नै परिचर्चा चलेको थियो । नेपालको सन्दर्भमा पनि यसलाई धेरै पटक लागू गर्न खोजिएको थियो । प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले कक्षा १-३ मा मेरो सेरोफेरो विषय तयार गरी केही समय व्यवहारमा ल्याएको थियो । त्यसरी नै कक्षा ६-८ को पेसा व्यवसाय र प्रविधि, सामाजिक अध्ययन र जनसंख्या शिक्षा, कक्षा ९-१० को स्वास्थ्य, जनसंख्या र वातावरण विषयलाई एकीकृत रूपमा विकास गरी कार्यान्वयनमा ल्याइयो तर तिनलाई अन्तरविषयक संयोजन मात्र गरिएको मान्न सकिन्छ । साझा थिम निर्माण गरी प्रयोग भएको थिएन । अहिलेको एकीकृत पाठ्यक्रमले तोकिएको सबै विषयका विषयवस्तु तथा क्षेत्रमा साझा थिम निर्माण गरी प्रयोग गर्न खोजिएको छ ।

## एकीकृत पाठ्यक्रमको विद्यालयमा प्रयोगको अवस्था

- कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम तथा कक्षा ९ देखि १२ सम्म एकलपक्षीय पाठ्यक्रम ढाँचा अवलम्बन गरेको छ ।
- नेपाली, अंग्रेजी, गणित विषयलाई बहुविषयक र हाम्रो सेरेफेरो विषयलाई अन्तरविषयकको रूपमा व्यवस्था गरिएको ।
- ७ सात ओटा विषयक्षेत्रगत समूह गठन भई प्रारम्भिक मस्यौदा तयार गरिएको छ ।
- राष्ट्रिय पाठ्यक्रम तथा मूल्यांकन परिषद्ले सिफारिस गरेअनुसार नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६/०५/२० को निर्णयबाट स्वीकृत भई विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ विद्यालय शिक्षाको पाठ्यक्रम विकास तथा परिमार्जनको मार्गदर्शक दस्तावेजका रूपमा कार्यान्वयनमा आएको हो ।
- सक्षमतामा आधारित पाठ्यक्रम व्यावहारिक तथा सामाजिक जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान, सिप, प्रवृत्ति र मूल्यको आर्जन तथा तिनलाई प्रयोग गर्ने सामर्थ्यलाई सक्षमता भनिन्छ ।
- पाठ्यघण्टा र कार्यघण्टाको व्यवस्था गरी एक पाठ्यघण्टा बराबर ३२ कार्यघण्टा (Working hour) हुनेछ । कक्षा एकदेखि तीनसम्मका प्रत्येक कक्षाका लागि वार्षिक २६ पाठ्य घण्टा तोकिएको ।
- नेपाली र स्थानीय विषयको वार्षिक ५/५ पाठ्य घण्टा, अंग्रेजी र गणित विषयको वार्षिक ४/४ पाठ्य घण्टा र हाम्रो सेरोफेरोलाई ८ पाठ्य घण्टाको व्यवस्था गरिएको ।
- आधारभूत तह कक्षा १-३ मा माध्यम भाषा मातृभाषा वा नेपाली भाषा हुने व्यवस्था ।
- विद्यालय शिक्षालाई व्यवस्थित गर्न पाठ्यपुस्तकको गुणस्तर सुधार गर्दै विद्यार्थीमैत्री पाठ्यपुस्तक विकास गरी रंगीन पाठ्यपुस्तकको विकासमा जोड दिइएको ।

- कक्षा १-३ मा कार्यपुस्तक Workbook प्रयोगमा जोड दिएको ।
- रङको आधारमा शिक्षण सिकाइ प्रक्रियाको व्यवस्था गरिएको ।
- विद्यार्थीहरूको मूल्यांकन र प्रमाणीकरणका लागि विद्यालयस्तरीय परीक्षा र बाह्य सार्वजनिक परीक्षा सञ्चालन गरिने ।
- निरन्तर मूल्यांकन पद्धति र अक्षरांकन पद्धतिबिच तालमेल कायम गरिएको । विद्यालय शिक्षाको सबै कक्षाका लागि एक शैक्षिक वर्षमा कम्तीमा २०५ दिन पठनपाठन सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ ।
- सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित बनाइएको ।

## मूल्यांकनको अवस्था

- निर्माणात्मक मूल्यांकन प्रणालीको व्यवस्था
- निरन्तर मूल्यांकन र उदार कक्षान्नोतिको व्यवस्था (उत्तीर्णाङ्कको व्यवस्था नभएको)
- प्रत्येक विद्यार्थीहरूको मूल्यांकन अभिलेखीकरण फाइलको व्यवस्था (कार्यसञ्चयिका)
- सिकाइ उपलब्धिको आधारमा मूल्यांकन
- प्रत्येक सिकाइ उपलब्धिमा १ देखि ४ सम्म रेटिङ गर्ने व्यवस्था
- नियमित पढाइ पछिको मूल्यांकन र थप सहायतापछिको मूल्यांकन गरी २ पटक गरिने व्यवस्था ।
- विसं. २०७८ पुस ७ गतेदेखि लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार अक्षरांक पद्धतिको व्यवस्था ।
- श्रेणी निकाल्ने तरिका

एकीकृत पाठ्यक्रमको मूल्यांकन प्रक्रियमा राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ ले उल्लेख गरिएको व्यवस्था र हाल कार्यान्वयनमा आएको लेटर ग्रेडिङ निर्देशिका, २०७८ फरकफरक भई दुविधा ल्याए तापनि लेटर ग्रेडिङ निर्देशिका, २०७८ परिमार्जितअनुसार नै विद्यार्थीको मूल्यांकन गर्नुपर्ने देखिन्छ ।

## व्यवहार कुशल सिप

एकीकृत पाठ्यक्रमले विद्यालय शिक्षामा एउटा महत्त्वपूर्ण इँटा थप्ने प्रयत्न गरेको देखिन्छ । यसले विद्यार्थीहरूमा व्यवहार, कुशल सिपहरू विकास गराउन खाजेको छ । जुन सिपहरू सबैलाई आवश्यक हुन्छन् । व्यवहारकुशल सिपहरू कुनै निश्चित कार्य वा भूमिकामा मात्र सीमित नभई विभिन्न कार्य वा भूमिकाका लागि आवश्यक हुने गर्दछन् । व्यवहार कुशल सिपले विद्यार्थीका दैनिक जीवनका यथार्थ समस्या समाधान गर्न सहयोग पुऱ्याउँछन् ।

व्यवहार कुशल सिपलाई निश्चित सिकाइ उपलब्धि वा सक्षमताभन्दा माथि राखेर हेरिन्छ । निश्चित सिकाइ उपलब्धि वा सक्षमता हासिल गर्दैमा विद्यार्थीमा व्यवहारकुशल सिपहरू हासिल हुन सक्यो भनेर मान्न सकिँदैन । यसको दायरा फराकिलो छ । व्यवहार कुशल सिपहरू विभिन्न कार्य, पेसा, विषयक्षेत्र वा ज्ञानको क्षेत्रमा

विद्यार्थीले प्रदर्शन गर्न सक्ने क्षमतासँग सम्बन्धित छन् । व्यवहार कुशल सिपहरूलाई मुख्य गरी ५ क्षेत्रमा विभाजन गरिएको छ ।

- सोचाइ सिप Thinking skills (s1)
- वैयक्तिक सिपहरू Intrapersonal skills (S2)
- अन्तरवैयक्तिक सिपहरू Interpersonal skills (S3)
- सूचना प्रविधि तथा बहुसाक्षरता सिपहरू Information communication and multiliteracy skills (S4)
- नागरिक सिप Citizenship skills (S5)

अब प्रश्न यहाँनेर नै उठ्छ, विषयगत रूपमा एकीकृत गरेर तोकिएका सिकाइ उपलब्धि वा सक्षमतालाई कसरी व्यवहार कुशल सिपसँग जोड्ने ? माथि उल्लेखित व्यवहार कुशल सिप हासिल गर्नका लागि विद्यार्थीहरूमा थप केके क्रियाकलापमा सरिक गराउने त ? जस्तै सोचाइ सिप विकासका लागि गरिने थप क्रियाकलापहरू के के हुन् अनि सिकाइ सक्षमतासँग कसरी कति बेला जोड्ने ? हुन त यस पाठ्यक्रमलाई देशभरका छनोटमा परेका १०३ वटा विद्यालयमा एक वर्षको परीक्षण र प्राप्त सुझावका आधारमा नै प्रयोगमा ल्याउन खोजिएको छ ।

## निष्कर्ष

अन्त्यमा, शिक्षामा कुनै नयाँ विषय ल्याउनु अनौठो विषय तबसम्म हुँदैन जबसम्म कार्यान्वयनमा जाँदैन । विगतका धेरै अभ्यास निरर्थक बनेका उदाहरण छन् । अहिलेका अभिभावक तथा विद्यालयहरूको अंग्रेजी मोह चटक्कै छाडेर स्थानीय वा भाषा विषय अध्यापनमा कति सहज वा असहज होला ? यस अवस्थाबाट के प्रस्ट छ भने, यो पाठ्यक्रमको अवस्था पनि हिजो हामीले पुरानो पाठ्यक्रममा भएको प्रावधानलाई लत्याएको जस्तै हुने पक्का छ ।

एकीकृत पाठ्यक्रम कार्यान्वयनको बाटोमा जाँदा शिक्षकको श्रम, मिहिनेत र समय ज्यादा नै लाग्ला । शिक्षकको विकासका लागि हिजोको पुरानो पद्धतिभन्दा अलग खालको तयारी कोर्स सम्बन्धित निकायले निर्माण गर्नुपर्ला । यस विषयमा गहन रूपमा तालिम कार्यशालाको आयोजना गर्नुपर्ला । तर पनि शिक्षकहरूले सामूहिक रूपमा बसेर साझा धारणा निर्माण गरी शैक्षिक योजना निर्माणको अभ्यास नगरेसम्म यो विषय गाह्रो छ । एकीकृत पाठ्यक्रम मात्र पूर्णता हैन, विषयहरूको संयोजन गर्ने क्षमताको विकास पनि शिक्षकमा हुनुपर्छ । पाठ्यक्रम कार्यान्व्यन मार्गदर्शन, शिक्षक निर्देशिकाजस्ता सामग्री विकास गर्न ढिला गर्नु भएन । हामीले जति नै ज्ञान, सिप, प्रयोग, अभिवृत्ति, उच्च दक्षताजस्ता पक्षमा ध्यान दिएका छौं भने पनि ज्ञानात्मक सिकाइलाई प्रधानता दिएका छौं । यदि यो पाठ्यक्रमको साँच्चै प्रयोग गर्ने हो भने शिक्षकलाई यो साँघुरो दायराबाट बाहिर निकाल्नै पर्ने हुन्छ । सिकारुलाई गरिखाने सिपको विकास वा बजारमा बिक्न सक्ने क्षमतावान् नागरिक बनाउने सामर्थ्य शिक्षकमा हुनुपर्छ र त्यसका लागि आ-आफ्नो ठाउँबाट पहलकदमी आवश्यक छ ।

# सत्यम्-शिवम् सुन्दरम्

ओम दाहाल
सुनकोशी-१०, कटुन्जे ओखलढुङ्गा

देवाधिदेव महादेव अनादि, अनन्त, निरञ्जन, निराकार भएर पनि शिवभक्तको कल्याणार्थ सगुण साकार हुने रहस्य वेद, तन्त्र, पुराण आदिमा उल्लेख गरिएको छ। जसको जटाबाट परम् पावती गंगाजी प्रवाहित हुनुहुन्छ। अमृत तत्त्वका देवता जसको घुँडा मणि बनेर प्रकाशित हुनुहुन्छ। सूर्य, चन्द्रमा र अग्नि जसको त्रिनेत्रको प्रतीक हुनाले "त्र्यम्बक" नामले जो प्रसिद्ध हुनुहुन्छ। मृत्युमाथि विजय प्राप्त गर्न मृत्युञ्जय नामले वहाँको उपासना गरिन्छ।

शिव तत्त्वको रहस्य त्यति सजिलै बुझ्न नसके पनि वेदका विभिन्न ऋचाहरू, तन्त्रका विभिन्न साधनाहरू र पुराणका विभिन्न अध्यायहरूका माध्यमबाट आशुतोष भगवान् शिवको आराधना गरिन्छ। सबैभन्दा छिटो प्रशन्न हुने देवताको रूपमा प्रसिद्ध भगवान् शिवको जप, ध्यान, स्तुति देवता, ऋषि आदिले मात्र हैन दैत्य, दानव, असुर आदिले समेत गरेको प्रसङ्ग विभिन्न पुराणहरूमा हामीले सुन्दै आएका छौँ।

भगवान् शिवबाटै विद्या (शब्द ब्रह्मा) को उपदेश भएको पाइन्छ। पाणिनिले वैहाडै साधनाबाट अक्षरब्रह्मको साक्षात्कार गरेर संस्कृत व्याकरणको श्रीगणेश गर्नुभयो। यति मात्र हैन, प्रायःजसो पुराणहरूको उपदेशसमेत माता पार्वतीलाई वहाँले नै सुनाएको प्रसङ्ग उल्लेख गरिएको छ। यति मात्र हैन नृत्यकला, वाहाकला आदिको आदिगुरुसमेत भगवान् शिव नै हुनुहुन्थ्यो।

"शिव" शब्दको अर्थ कल्याण हो। 'शिव' यो शब्द उच्चारण गर्नाले मात्र सम्पूर्ण पापहरू नष्ट हुने कुरा श्रीमद्भागवत् आदि पुराणहरूमा उल्लेख गरिएको छ। शैव दर्शनमा भगवान् शिवलाई "पशुपति" शब्दले सम्बोधन गरिएको छ। सम्पूर्ण जीवलाई ज्ञानको अभावमा पशुको संज्ञा दिँदै अज्ञातबाट ज्ञानतर्फ लैजान प्रेरित गर्ने देवता भएकाले पशुपति भनिएको हो।

भगवान् शिवको लिङ्गात्मक उपास्य स्वरूपको वर्णन गरिएको छ। लिङ्ग शब्दको अर्थ विहत (विनष्ट) हो। जहाँ यो विश्वब्रह्माण्ड लीन हुन्छ अर्थात् समाप्त हुन्छ। त्यसैको प्रतीक लिङ्ग हो। जीवले आफूलाई भगवान्मा नै लीन गराउने उद्देश्यले ज्योतिर्मय लिङ्गको उपासना गरिएको हो।

आद्य जगत्गुरु श्री शंकराचार्यले भगवान् शिवलाई आत्माको रूपमा व्याख्या गर्नुभएको छ। आत्मा त्वं गिरिला मति सहचराः प्राणा शरीरं गृहाँएँ। हो, हामी सबैको आत्ममा भगवान् शिव हुनुहुन्छ। शिवबिनाको शरीर शव हो भन्ने मान्यतासमेत रहेको छ। भगवान् शिव र शक्ति नै यो सृष्टि, स्थिति र लयको केन्द्र हो र उनै शक्ति माता पार्वती हुनुहुन्छ।

हाम्रो देश नेपालका राष्ट्रदेव स्वयं भगवान् शिव हुनुहुन्छ। सुमधुर दाम्पत्यजीवनका लागि भगवान् शिवको

आराधना गरिन्छ।

सभ्यताको विकास गराउनु र लोप हुन लागेका संस्कार, संस्कृतिको संरक्षण गराउनु नै हो । मोलुङ गाउँपालिकाअन्तर्गत वडा नं ४ हर्कपुर मानेचौरमा रहेको जलजलेश्वर वेद विद्याश्रम गुरुकुल आवासीय संस्कृत विद्यालय र सुनकोशी गाउँपालिका-१० कटुन्जे भित्तामा रहेको त्रिवेणी धाम (गुरुकुल संस्कृत विद्यालय ओखलढुंगा) यी दुवै एकअर्काका पर्याय हुन् । यी दुवै विद्यालयको सम्बन्ध जलजलेश्वर महादेव मन्दिर र त्रिवेणी धामको महत्त्व, महिमा समाजसामु चिनाउनु नै हो ।

शैक्षिक संस्थाको स्थापना गरी यस्ता विषयको स्थानीय पाठ्यक्रममा निर्माण गरी शिक्षण सिकाइ गराउनु र यहाँको धार्मिक तथा पर्यटकीय क्षेत्रको रूपमा विकास गरी पर्यटकीय हबका रूपमा विकास हुनुपर्दछ भन्ने यस ठाउँमा बसोबास गर्ने आम जनमानसको सरोकार हो ।

## शैक्षिक संस्थाका उद्देश्य

- वैदिक धार्मिक संस्कृत शिक्षाको ज्ञान प्रदान गराउनु
- आयुर्वेदिक शिक्षा प्रणालीलाई जडीबुटी, व्यावसायिक, प्राविधिक, रोजगारयुक्त समाजको निर्माण गराउनु,
- पूर्वीय दर्शनको सम्बर्द्धन र संरक्षण गराउनु
- मठ, मन्दिरको वैदिक विधिद्वारा पूजापाठ, साधना आराधना गराउनु ।

## आजको सन्दर्भ

पूर्वीय जगत्का विविध भाषा, धर्म, साहित्य, धर्म र संस्कृतिमध्ये दक्षिण एसिया क्षेत्रका प्राचीन ग्रन्थहरूमा वर्णित सभ्यता र संस्कृतिमा पाइने संस्कृत वाङ्मयमा अपय र अमूल्य ज्ञानराशिको युगानुकूल प्रयोग, अध्ययनअध्यापन, अनुसन्धान त्यसमा आधारित गुरुकुल विद्यालयबाट प्राप्त हुने ज्ञान, शिक्षा, नैतिक मूल्यमान्यताका खातिर बहुभाषा, धर्म, संस्कार, संस्कृति आदिको संरक्षण गर्दै बहुसभ्यता र बहुसंस्कृतिबिचको एकता, सद्भाव, समन्वय, सह-अस्तित्वको प्रवर्द्धन गरी राष्ट्रियताको भावनालाई परिपोषण गर्दै मानव जातिको बहुमुखी कल्याण र बृहत्तर हित रक्षा गरी मानव जातिकै बहुमुखी जीवनशैलीमा नै अनुकूल परिर्वतन ल्याउने उद्देश्य राखी प्रचलित ऐनकानुनअनुसार अनुमति प्राप्त शैक्षिक संस्था जलजलेश्वर वेदविद्याश्रम गुरुकुल माध्यमिक विद्यालय साबिक जिल्ला कार्यालय हुँदै क्षेत्रीय शिक्षा निर्देशनालय धनकुटाबाट माध्यमिक तह कक्षा- १० २०७४ सालदेखि सञ्चालित विद्यालय हो । त्रिवेणीधाम गुरुकुल संस्कृत आधाभूत विद्यालय स्थानीय सरकार सुनकोशी गाउँपालिकाबाट अनुमति प्राप्त विद्यालय हो । यस विद्यालयमा कक्षा आठसम्म अध्यापन गराइन्छ । यी विद्यालयमा छिमेकी जिल्ला र अन्य जिल्लाहरूबाट पनि वटुकहरू आई पढ्ने गरेका छन् । गुरुकुल विद्यालयमा नेपाल सरकारको गुरुकुल विद्यालयको पाठ्यक्रमअनुसार नै शिक्षिण सिकाइ गर्रिंदै आइएको छ। वेद, व्याकरण, ज्योतिष, कर्मकाण्ड, आयुर्वेदजस्ता विषयका माध्यमले आधुनिक ज्ञान, सिप र व्यावहारिक परिवर्तन हुन सक्ने अपेक्षा गरिएको छ । मानव समाजमा संरक्षित एवं सम्वर्द्धित मूल्यमान्यता, परम्परा एवं संस्कार तथा धर्ममा निहित दान, सदाचार, सहकार्यजस्ता शाश्वत चिन्तनको अनुशील, प्रचारप्रसारका साथै स्वावलम्बी भावनालाई

परिपोषण गर्ने, समाज कल्याणमा अग्रसर रही गुरुकुल सञ्चालन गर्ने अवधारणाअनुसार स्थापित विद्यालय हुन् ।

नेपाली संस्कारभित्र भएका आफ्ना वैदिक परम्परालाई आम समाजले भौतिक विलासिताका रूपमा विकास गरी आफ्नो परम्पराभन्दा फरक अवस्थामा गराउनसमेत थालेका छन् । यस्ता समस्या समाजमा आर्थिक तथा सामाजिक समस्याका रूपमा देखा पर्न थालेका छन् । यिनै सामाजिक मूल्यमान्यतामा आधारित वैदिक परम्परालाई समाजभित्र जीवित तुल्याइराख्न समाजमा नैतिकता, निष्ठावान्, मितव्ययिता, सदाचारिताजस्ता विशेषता कायम राख्न वैदिक परम्परागत धार्मिक गुरुदलीय शिक्षा प्रणालीको आवश्यकता समाजले महसुस गर्दै आएको अवस्था हो । जसको फलस्वरूप त्रिवेणीधाम गुरुकुल संस्कृत विद्यालय सुनकोशी-१० कटुन्जे ओखलढुङ्गा समाजका प्रबुद्ध व्यक्तिहरूको भेला, छलफल र बैठका निर्णय पारित भई स्थानीय जनताको मागअनुसार सम्पूर्ण ऐनकानुन पूरा गरी स्थानीय सरकार अनुमति प्राप्त सरकारी सामुदायिक विद्यालय हो ।

धार्मिक तथा सांस्कृतिक सुशासनका व्यावहारिक ज्ञान प्राप्त भई आजको समाज निर्माणमा नैतिक, निष्ठावान् समाज निर्माणका लागि पूर्वीय दर्शन प्रणालीमा आधारित गुरुकुलीय शिक्षा प्रणालीको आवश्यकता रहेको पाइन्छ । देशभरि सबै स्थानीय तहमा परम्परागत धार्मिक विद्यालय सञ्चालन गर्नका लागि नेपाल संघीय सरकारबाट अनुदान रकम वितरण हुने गरेको छ । त्यसैले पनि विद्यालयहरूमा पनि यस्ता विषयवस्तुका पाठ्यक्रम तयार गरी शिक्षण सिकाइमा ल्याउनु आजको शैक्षिक माग हो ।

आजको समाज पश्चात्य दर्शनमा नजिक हुँदै गएको अवस्था छ । त्यसैले पनि पूर्वीय दर्शनमा आधारित शिक्षा प्रणालीमा कमी आएको देखिन्छ । यसले हामी समाजलाई नै इतिहास कुनै कालखण्डमा समस्या पनि ल्याउन सक्छ कि भन्ने सन्देश प्रवाह गर्नु पनि हो ।

यस सामुदायिक क्याम्पसले आफ्नो शैक्षिक क्षेत्रमा व्यावहारिक शैक्षिक उन्नति प्रगति गर्नका लागि गरेको सत्प्रयासको सफलताको हार्दिक मङ्गलमय शुभकामना !!!

# ग्रामीण क्षेत्रमा रहेका सामुदायिक क्याम्पसको समस्या

गणेशप्रसाद कट्टेल

## परिचय

समुदायद्वारा समुदायकै लागि सञ्चालित आम समुदायहरूको पूर्ण स्वामित्वमा रहेका उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थालाई सामुदायिक क्याम्पस भनिन्छ । सामुदायिक क्याम्पसमा अधिकाश न्यून आयस्रोत भएका सर्वसाधारणका छोराछरीहरूले सस्तोमा गुणस्तरीय शिक्षा पाइरहेका हुन्छन् । त्रिभुवन विश्वविद्यालय नेपालको अग्रणी विश्व विद्यालय हो । यस विश्व विद्यालयका ६० वटा आंगिक २ वटा प्रतिष्ठान र १०८४ वटा सम्बन्धनप्राप्त क्याम्पसहरू रहेका छन्, जहाँ ४ लाख १८ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययन गरिरहेका छन् । हाल नेपालमा ५४४ वटा सामुदायिक क्याम्पसहरू रहेका छन् जहाँ ठूलो संख्यामा त्रिभुवन विश्वविद्यालबाट सम्बन्धन लिएका छन् । त्यसैले यी सामुदायिक क्याम्पसहरूको आफ्नो छुट्टै विश्वविद्यालय छैन ।

हाल ग्रामीण भूभागमा रहेका सामुदायिक क्याम्पसहरू विश्वविद्यालय अनुदान आयोगको नियमित अनुदानबाट कठिन परिस्थतिका साथ सञ्चालन भइरहेका छन् भने कतिपय सामुदायिक क्याम्पसहरू सञ्चालन हुन नसकी बन्द हुने अवस्थामा छन् । यसरी त्रिभुवन विश्वविद्यालयका आंगिक क्याम्पसहरू प्रायः राजधानीकेन्द्रित तथा सहर एवं सुविधा सम्पन्न भूभागमा रहेका छन् । यद्यपि नेपालका ग्रामीण दूरदराजमा रहेका सामुदायिक क्याम्पसहरूले विपन्न वर्ग, जनजाति र समुदायमा पिछडिएका वर्ग आदिलाई उच्च शिक्षा प्रदान गरिरहेका छन् । यसरी ग्रामीण क्षेत्रका दूरदराजमा रहेका सामुदायिक क्याम्पसहरू विभिन्न समस्याहरूका बावजुद उच्च शिक्षा प्रदान गर्ने कार्यमा अहोरात्र खटिरहेका छन् । समग्रमा ग्रामीण क्षेत्रका सामुदायिक क्याम्पसहरूमा निम्नानुसारका समस्याहरू रहेका छन् ।

### १. स्वामित्वको अन्योल

सामुदायिक क्याम्पस न त कुनै विश्वविद्यालय न त कुनै सरकार, न त कुनै स्थानीय निकाय एवं न त कुनै व्यक्तिको स्वामित्वमा रहेका छन् । यस्ता सामुदायिक क्याम्पसको संरक्षक को हो ? प्रश्नको स्पष्ट जवाफ छैन । यसर्थ सामुदायिक क्याम्पस संरक्षकबिनाका टुहुरासरह भएका छन् । यसरी जुन सामुदायिक क्याम्पसहरू आर्थिक, भौतिक एवं शैक्षिक रूपमा अब्बल भए सबै राजनीतिक दल र तिनीहरूका भ्रातृ संगठनहरू लुछाचुडी गर्न तम्सन्छन् भने सामुदायिक क्याम्पसहरू धराशायी एवं कमजोर भए तिनै राजनीतिक दल र उनीहरूका भ्रातृ संगठनहरू हाम्रो मात्रै हो र ? राज्यले हेर्नुपर्छ भन्ने प्रश्न गर्दै देखा पर्न छोड्ने परम्पराको विकास भएको हुँदा अधिकांश सामुदायिक क्याम्पस स्पष्ट नीतिनियम र स्वामित्व ग्रहणका कारण धराशायी बन्दै गइरहेका छन् ।

### २. राजनीतिक प्रभाव

सामुदायिक क्याम्पसहरू पनि राजनीतिक चलखेलबाट टाढा रहन सकेका छैनन् । सामुदायिक क्याम्पस

सञ्चालनको मेरुदण्ड मानिने क्याम्पस सञ्चालक समिति आफ्नो क्याम्पसको नीतिनियमहरूलाई बेवास्ता गरी राजनीति भागबन्डामा निर्माण गरिन्छ । प्राध्यापक संघ, कर्मचारी संघ, प्राध्यापक कर्मचारी नियुक्ति आदिमा राजनीतिक विचारधाराका आधारमा गरिन्छ। यसरी राजनीतिक प्रभावका कारण तालाबन्दी, हडताल, राजनीतिक कार्यक्रम, झडप नाराबाजी इत्यादि सामुदायिक क्याम्पसका विशेषताजस्तै बनेका छन् । यसर्थ सामुदायिक क्याम्पसहरू राजनीतिक सिकार बन्दै गएका हुन् । यसले गर्दा संस्थाको शैक्षिक एवं प्रशासनिक गतिविधि ध्वस्त भएको छ।

## ३. पुराना शैक्षिक कार्यक्रम

अधिकांश सामुदायिक क्याम्पसहरूमा पुरानै शैक्षिक कार्यक्रमहरू, मानविकी संकाय, शिक्षाशास्त्र संकाय, व्यवस्थापन संकायका उनै पुराना विषयहरू सञ्चालनमा छन् । ती विषयहरू उपयोगी, व्यावहारिक तथा प्रविधिमैत्री छैनन् । उही पुराना शिक्षक कर्मचारीको भरमा सञ्चालित उही पुरानै शैक्षिक कार्यक्रमका कारण पनि विद्यार्थी संख्या क्रमशः घटिरहेका छन् । यसरी ग्रामीण भूभागका अधिकांश विद्यार्थीहरू मेडिसिन, इन्जिनियरिङ बीबीए तथा कम्प्युटरसम्बन्धी अनेकौं प्रविधिमैत्री नवीनतम विषयको खोजी गर्दै सहरकेन्द्रित भइरहेका छन् । यसरी सामुदायिक क्याम्पस बेरोजगार उत्पादन गर्ने थलो बन्दै गएका छन् ।

## ४. कमजोर भौतिक पूर्वाधार

आधुनिक उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूमा भौतिक पूर्वाधारहरूको सहज र सफल पहुँच हुनुपर्दछ। उच्च स्तरीय मापदण्डभित्र पर्ने कक्षाकोठा पुस्तकालय, प्रशासनिक भवन, आधुनिक प्रविधियुक्त ल्याबहरू, खेलकुद मैदान तथा यातायातको समुचित प्रबन्ध हुनु अनिवार्य छ । तर, अधिकांश सामुदायिक क्याम्पस विद्यालयको भौतिक पूर्वाधारमा सञ्चालन भइरहेको हुनाले सर्वसाधारणको मनमस्तिष्कमा सामुदायिक क्याम्पसप्रतिको मोह घट्दै गइरहेको छ।

## ५. अपारदर्शी क्याम्पस सञ्चालन नियमावली

कुनै पनि शैक्षिक संस्था सफल एवं प्रभावकारी बन्न त्यस संस्थाले लिएको निष्पक्ष, पारदर्शी र सकारात्मक नीतिनियममा भर पर्दछ । तर सामुदायिक क्याम्पसहरूले निर्माण गरेका नीति नियमहरू अपारदर्शी, पक्षपाती तथा परकेन्द्रित हुने गरेका छन् । जुन पार्टीको सञ्चालक समिति बन्यो त्यही पार्टी सुहाउँदो क्याम्पस सञ्चालन नियमावली बनाउने परिपाटीले गर्दा राजनीतिक पहुँचका भरमा अक्षम, अयोग्य व्यक्तिहरू स्थायी हुने, क्याम्पस प्रमुख हुने गर्दछन् । जसले गर्दा सक्षम र योग्य शिक्षक कर्मचारीहरू पलायन हुने हुँदा सामुदायिक क्याम्पसको शैक्षिक दिनप्रतिदिन खस्किँदै गइरहेको छ।

## ६. दक्ष शिक्षकको अभाव

अधिकांश ग्रामीण क्षेत्रका सामुदायिक क्याम्पसहरू विद्यालयमा पठनपाठन गराउने एमए, एमएड गरेका विषय मिल्ने शिक्षकहरूबाट अत्यन्तै असहज परिस्थितिका साथ आफ्नो कक्षा शिक्षण गर्न बाध्य छन् । जहाँ क्षमतावान् एवं अब्बल शिक्षक राख्नका लागि पर्याप्त आर्थिक स्रोतको अभाव रहेको छ भने सामुदायिक क्याम्पसमा अध्यापन गराउने शिक्षकहरूलाई समयसापेक्ष बनाउन बेलाबेलामा सेवाकालीन तालिम दिलाउने निकायको

अभाव रहेको छ। यसरी ग्रामीण क्षेत्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेको जनशक्ति सहर एवं राजधानीकेन्द्रित हुँदा अझै सामुदायिक क्याम्पस सञ्चालनमा दक्ष शिक्षकको अभाव छ।

## ७. प्रभावकारी नियमन निकायको अभाव

अधिकांश सामुदायिक क्याम्पसहरूको हरेक गतिविधिहरूको नियमन गर्ने निकाय त्रिभुवन विश्वविद्यालय नै राजनीतिक भागबन्डाको रोगले थलिएको छ। यसरी सामुदायिक क्याम्पसहरूको शैक्षिक, प्रशासनिकलगायत सम्पूर्ण गतिविधिहरूको नियमन गर्ने निकाय चुस्तदुरुस्त नहुँदा सामुदायिक क्याम्पसमा नै बेतिथिहरू मौलाउँदै गइरहेका छन्।

## ८. जनचेतना अभाव

ग्रामीण क्षेत्रमा सञ्चालित सामुदायिक क्याम्पस आफ्नो समुदायको शैक्षिक गहना हुन्, यस्ता संस्थाको राम्रो वृत्तिविकास र संरक्षण गर्ने दायित्व हामी सबैको हो है भन्ने कुराप्रति आम जनसमुदायमा चेतनाको कमी रहेको, जसका कारण सामुदायिक क्याम्पस सञ्चालनमा कठिनाइ पैदा भएको छ।

## ९. दीर्घकालीन सोचको अभाव

सामुदायिक क्याम्पस सञ्चालन क्षेत्रभित्रका समाजसेवी, शैक्षिक व्यक्तित्व, स्थानीय निकाय आदिको क्याम्पसप्रति दीर्घकालीन योजना निर्माण र कार्यान्वयन गर्ने पत्रमा संस्थाप्रति दीर्घकालीन सोचको अभाव रहेको छ, जसका कारण सामुदायिक क्याम्पसले आफ्नो विकासमा समस्या झेल्नुपरेको छ।

## १०. समुदायमा दूरदृष्टिको कमी

ग्रामीण समाजमा सामुदायिक क्याम्पसको सञ्चालन तथा व्यवस्थापन पत्रमा स्थानीय निकाय तथा सम्बन्धित अन्य सम्पूर्ण सरोकारवालाहरूको संख्याको विकासका लागि योजना निर्माण गर्ने दूरदृष्टिको अभाव रहेको छ, जसको मार सामुदायिक क्याम्पसले भोग्नुपरेको छ।

## ११. विद्यार्थी भर्नादरमा कमी

ग्रामीण क्षेत्रका अधिकांश विद्यार्थीहरू विद्यालय तहको कक्षा १२ पास गरेपश्चात् राजधानी एवं सहरी क्षेत्रका क्याम्पसहरूमा जाने मोहका कारण सामुदायिक क्याम्पसको विद्यार्थी भर्नादरमा कमी आइरहेको छ। जसका कारण सामुदायिक क्याम्पसको शैक्षिक गतिविधि सञ्चालनमा बाधा परिरहेको छ।

## १२. रोजगारीको ग्यारेन्टी नहुनु

ग्रामीण भूभागका अधिकांश युवाहरू उच्च शिक्षा हासिल गरेपश्चात् सम्बन्धित विषयमा रोजगारीका अवसर हरूको उचित ग्यारेन्टी राज्यले गर्न नसक्दा रोजगारीको खोजीमा विदेश पलायन हुनुपर्ने बाध्यताले विद्यार्थी संख्यामा कमी आई सामुदायिक क्याम्पस सञ्चालनमा बाधा पुगेको छ।

## निष्कर्ष

साधान र स्रोतको तुलनामा सामुदायिक क्याम्पसहरू भने च्याउ उम्रेजस्तै छन् । तिनीहरूका न त कुनै ठोस आधार छन् न कसैले माया नै गर्दछन् । तर सामुदायिक क्याम्पसले गरेको योगदानलाई सम्मान गर्ने हो भने, माथि उल्लेखित समस्या समाधान गरिनुपर्छ । यसलाई अभिभावकत्व नै सम्पूर्ण सामुदायिक क्याम्पसहरूलाई गोलबन्द गर्नु हो । सामुदायिक विश्वविद्यालय सञ्चालन गरी राज्यले आर्थिक तथा भौतिक दायित्व बहन गर्नुपर्दछ । राजनीतिक पार्टीहरूले सामुदायिक क्याम्पसहरूलाई राजनीतिमुक्त क्षेत्र घोषणा गरी प्रजातान्त्रिक एवं योग्य नागरिक निर्माण गर्न पवित्र शैक्षिक मन्दिर निर्माणार्थ आफ्ना दलका कार्यकर्ताहरूलाई लगाम लगाउनुपर्छ । शिक्षक कर्मचारी 'हाम्रो भन्दा पनि राम्रो' छनोट गरिनुपर्छ । राजनीतिक आडका भरमा अक्षम व्यक्तिलाई संस्थामा प्रवेश गराई संस्थालाई कमजोर पार्ने गरी आर्थिक दुरुपयोग गर्न नियमावली हटाउनुपर्छ । जहाँ अनुभवी, सक्षम र योग्य व्यक्तिलाई निश्चित मापदण्ड बनाई क्याम्पस प्रमुख तथा अन्य प्रशासनिक पदमा नियुक्ति गर्न परिपाटी सामुदायिक क्याम्पसले गर्नुपर्छ । यसरी राज्य, राजनीतिक दल, समाज तथा सामुदायिक क्याम्पसलाई कर्मथलो वनाएका सम्पूर्ण व्यक्तिहरू वैचारिक एकताका साथ सामुदायिक क्याम्पसहरूलाई शुद्ध मन, वचन र कर्मका साथ सामुदायिक क्याम्पसले सेवा गर्ने हो भने सामुदायिक क्याम्पसले उच्च शिक्षामा आफ्नो पहिचान कायम राख्न सक्छ ।

# प्रगतिशील शिक्षा पद्धति र ज्ञान ज्योति क्याम्पस

तीर्थराज सुवेदी
अधिवक्ता
सरस्वती नगर, काठमाडौं

'शिक्षा' को सामान्य अर्थ शिक्षित वा शिक्षित हुने कार्य वा प्रक्रिया हो। शिक्षा अर्थात् अग्रेजीमा 'Education' शब्दको ऐतिहासिकता भनेर खोज्दा ल्याटिन साहित्यसम्म पुग्नुपर्ने रहेछ, त्यस भाषामा Edu र Catam हुँदै भएको Educare शब्दको अर्थ 'उत्पादन गर्नु' अर्थात् अगाडि ल्याउनु भन्ने हुने रहेछ। यसै शब्दबाट व्युत्पन्न भएर शिक्षा शब्दको उत्पत्ति भएको पश्चिमा व्याख्या छ।

पूर्वीय दर्शनमा शिक्षाको अर्थ ज्ञान प्राप्त गर्नु वा सिक्नु भन्ने हो। यो संस्कृत भाषाको शिक्ष् धातुबाट उद्धृत गरिएको हो जसको अर्थ सिक्नु वा सिकाउनु नै भन्ने हुन्छ। सिक्ने र सिकाउने प्रक्रिया मानव उत्पत्तिदेखि नै चल्दै आएको छ। सुरुवातको शिक्षा जटिल र प्रक्रिया पनि जटिल थियो किनकि भाषा, लिपि, सञ्चार आदि केही थिएन तर आज त्यही चिज सरल, सुलभ र अनिवार्य जीवन तत्त्व बन्न पुगेको छ र जीवनको सार पनि। व्यक्तिले आफ्नो अनुभवबाट प्राप्त गर्ने जीवन उपयोगी ज्ञान नै उसका लागि 'शिक्षा' भएको छ।

जीवन उपयोग ज्ञान अनुभूत गर्ने, अनुभव गर्ने र खोज्ने क्रममा हाम्रा पुर्खाहरूले विषद् ज्ञानहरू सृजना गरेका छन्। हाम्रो पूर्वीय समाजमा 'वेद' सबैभन्दा पुरानो लिखित दस्तावेज हो। पूर्वीय समाजले मात्र होइन, आधुनिक विश्व समाजले नै 'ऋग्वेद' लाई विश्वकै सबैभन्दा प्राचीन ग्रन्थ मानेको छ। वेदको अर्थ 'ज्ञान' हो। विश्वमै वेद त्यस्तो दस्तावेज हो, जहाँ विविध ज्ञानको भण्डारण मौजुदा छ।

त्यस्तै, पाश्चात्य साहित्यमा गिल्गाभेश (२९८०-२३५० ईशापूर्व) र इलियड 'ईशापूर्व ८ औं शताब्दी' पर्दछन्। तिनमा पनि अनुभूति, ज्ञान, अनुभव विशेष गरी प्रकृति, देवता, जङ्गल र जनावरका बारेमा विस्तृत व्याख्या छन् भन्ने विद्वान्हरूको भनाइ रहेको छ।

वेद, गिल्गाभेश र इलियडपछि शिक्षाको विकास र आवश्यकताका बारेमा विश्वमा गहिरो खोज, ज्ञान र प्रकाशनहरू सृजना भएका छन्। कबिला समाज वर्तमान आधुनिक समाजसम्म रूपान्तरित हुँदा 'शिक्षा' मानव जीवनको मुख्य र प्रमुख अंश भएको छ। जुन चिजलाई हामी आज शिक्षालय नै धाएर व्यवस्थित सूत्रबद्ध रूपमा ग्रहण गरिरहेका छौँ।

'शिक्षा' के हो ? यो व्याख्यामा म जान चाहन्नँ। शिक्षा किन चाहिन्छ ? यो पनि भन्नै परेन। मैले यस आलेखमा चर्चा गर्न खोजेको विषयवस्तु भनेको शिक्षा कस्तो हुनुपर्दछ भन्ने हो। साथै शिक्षा प्राप्त गर्ने थलोको रूपमा पर्याय भएको आजको 'विद्यालय' कस्तो हुनुपर्दछ भन्ने सन्दर्भमा संक्षिप्त राय राख्न खोजेको छु।

'शिक्षा' कस्तो हुनुपर्दछ भन्ने प्रश्न दर्शन र सिद्धान्तसँग सम्बन्धित छ। राज्य कुन सिद्धान्तमा चलेको छ र कुन

दर्शनले राज्यको शासनलाई निर्देशित गरेको छ भन्ने तथ्यले आधारभूत रूपमा त्यस राज्यले अपनाएको शिक्षा पद्धति, सिकाइ र सिकाइ विधि तय हुने गर्दछन्। यो राज्यअनुसार फरक-फरक छ, त्यसैकारण विश्वका विविध कुनामा विविध प्रकारका मानव स्रोतहरूको उत्पादन भइरहेको हुन्छ।

विश्वमा अस्तित्वमा रहेको मानव सभ्यताहरूको आ-आफ्नै शिक्षा र शिक्षा पद्धति थिए र ती अझै छँदै छन्। त्यसैले हामी एक सभ्यता अर्को सभ्यतासँग फरक छौँ। खानपान, पहिरन, शासन शैली, शिक्षा, कानुन, मानव व्यवहार आ-आफ्नो सभ्यताअनुकूल देखिन्छन्। यसो हुनुको कारण शिक्षा र शिक्षा पद्धतिमा रहेको फरकपन हो। यसबारेमा विभिन्न विद्वान्हरूका विभिन्न चिन्तन र व्याख्या भेटिन्छन्। म यस आलेखमा केवल हाम्रो शिक्षा, जसले हामीलाई अझ प्रगतितर्फ लम्काओस्, त्यसको बारेमा केही उल्लेख गर्न खोज्दै छु।

अहिले विश्व समाजमा प्रगतिशील शिक्षा पद्धति सबैभन्दा बढी अभ्यासमा छ। पुरानो शिक्षा पद्धति जुनसुकै समाजमा पनि घोकन्ते प्रकृतिको थियो। गुरुकुल शिक्षा यसको एउटा नमुना हो। तर आज प्रगतिशील शिक्षा पद्धतिले पुरानो शिक्षा पद्धतिलाई प्रतिस्थापित गर्दै गइरहेको छ। यस शिक्षा पद्धतिको सूत्रपात विद्वान् जोन डिवेले गरेका हुन्। उनको 'विद्यालय र समाज'- १९५७ भन्ने रचनाको प्रकाशनपछि यस शिक्षा पद्धतिको अवलम्बनमा व्यापकता आएको हो। शिक्षाविद् प्रविज्ञ रेग्मीका अनुसार रुसोको प्रकृतिवाददेखि फ्रोबेलको खेल र सिर्जनशीलता, पेस्टालोत्जीको क्रियाशील सिकाइका साथै चार्ल्स स्यान्डर्सको व्यवहारवादबाट प्रभावित डिवेले हरवर्ट स्पेन्सरको विकासवाद, मार्क्सको सामाजिक न्याय, हेगेल्सको द्वन्द्वात्मक सिद्धान्तका परावर्तनसहित अन्य दर्शनका अन्तरनिहित तत्त्वहरूको गहन र मौलिक विश्लेषण गरी प्रगतिशील शिक्षाको अवधारणा विकास गरेका थिए। यो उनको परम्परागत शिक्षा जसमा अधिनायकवादी चिन्तन र सूचना केन्द्रित रट्ने शिक्षा शैलीलाई चुनौती थियो। मौलिक चिन्तन, अर्थपूर्ण सिकाइ र मनन्ले मात्र शिक्षा सफल हुन्छ अन्यथा शिक्षा अव्यावहारिक र यान्त्रिक बन्दछ भन्ने उनको आशय थियो। शिक्षालाई कार्यात्मक बनाउने त्यो एक क्रान्तिकारी सोच थियो।

उनका अनुसार 'शिक्षा जीवनको तयारी होइन यो त आफैं जीवन हो'। जोन डिवेको उपरोक्त दर्शनलाई मरिया मन्टेश्वरी, भाइगोत्सकी र जाँ पियार्जलगायत धेरै शिक्षाविद् र शिक्षा मनोवैज्ञानिकहरूले पूर्णता दिँदै आएका छन् र यसउपर विविध अनुसन्धानहरू भई नै रहेका छन्। ती विज्ञहरूका अनुसार प्रगतिशील शैक्षिक दर्शनको विद्यालयमा गरिने व्यावहारिक अनुवाद र अभ्यासले विद्यालय र विद्यार्थीलाई प्रगतिशील बनाउँदछ भन्ने रहेको छ।

जोन डिवेले अमेरिकाको सिकागो विश्वविद्यालयअन्तगर्तको प्रयोगात्मक विद्यालयमा आफ्ना विचारहरूलाई परीक्षण पनि गरेका थिए। त्यस परीक्षणमा मुख्य ३ सैद्धान्तिक आधारहरूको प्रयोग गरिएको थियो। त्यसमा मुख्य सामाजिक अन्तरक्रिया, शिक्षक भूमिका र मौलिक चिन्तन रहेका थिएँ, जसको व्याख्या निम्नानुसार रहेको छ।

पहिलो- अनुभावात्मक (Experment learning) र विद्यार्थी केन्द्रित सिकाइ - यसमा अनुभव र ज्ञानको एकीकरण हुन्छ।

दोस्रो- एकीकृत पाठ्यक्रम-जसअन्तर्गत ज्ञानका विविध विषय क्षेत्रहरूलाई समायोजन गरी व्यावहारिक बनाउने

र मूल ज्ञानको निर्माण गर्ने कार्य हुन्छ।

तेस्रो- कक्षाभित्रका शैक्षिक प्रक्रियामा लोकतान्त्रिक पद्धतिको अभ्यास-जसमा सहकार्य, समावेशिता, सहभागिता र समानताजस्ता मूल्यहरू स्थापित गर्न उत्प्रेरित गरिन्छ।

जोन डिवेले व्याख्या गरेका उपरोक्त मुख्य तीन आधारहरूलाई नै विस्तृतीकरण, अनुसन्धान र परिमार्जन गर्दै आजको विद्यालय शिक्षा अगाडि बढ्न खोजिरहेको छ। हामी पनि यही शिक्षा पद्धति अनुसरण गर्ने चरणमा नै उभिएका छौं। हाम्रो शिक्षा पद्धतिमा पूर्व र पश्चिमको सम्मिश्रण पाइने हुँदा यसलाई विभाजन गरेर हेर्न कठिन छ।

उनका अनुसार मुख्य कुरा शिक्षा लिनु भनेको ज्ञानलाई अनुभव गर्ने वातावरण सिर्जना गर्नु हो। त्यसको आधार क्रियाशील सिकाइ हो। शिक्षकहरूको भूमिका ज्ञानको प्रक्रियालाई सहजीकरण गर्नुमा केन्द्रित हुन्छ। विद्यार्थीहरूले सिकाइ प्रक्रियाका माध्यमले ज्ञान आफैं हासिल गर्नु यस शिक्षा पद्धतिको मूलपक्ष हो। विषयवस्तुका अमूर्त अवधारणाहरूलाई अनुभवको दायरामा ल्याई प्रयोग गरिनु वास्तविक व्यावहारिक ज्ञान हो।

मैले उल्लेखित सैद्धान्तिक पक्ष र तथ्यहरूलाई यस आलेखमा किन यति महत्त्व दिएर उल्लेख गरेको छु भन्दा पहिलो कारण ज्ञानज्योति सामुदायिक क्याम्पस र यसले फैलाएको र भावी समयमा फैलाउने शिक्षाको प्रकाश अर्थात् ज्ञानसँग तुलना गर्नु हो र दोस्रो, यसले अभ्यास गरिरहेको शैक्षिक वातावरण र पठनपाठनको विषयवस्तुउपर प्राज्ञिक सुझाव प्रदान गर्नु र त्यो शिक्षालयलाई अझ समृद्ध शैक्षिक केन्द्र निर्माण गरी समाज र राज्यलाई आवश्यक जनशक्ति उत्पादनको उर्वर थलो बनोस् भनी कामना गर्नु हो।

नेपालको शिक्षा क्षेत्र नराम्रोसँग तहसनहस भएको छ। यो क्षेत्र कुनै नीति वा सिद्धान्तबाट निर्देशित वा डोऱ्याइएकै छैन। नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत धारा ५१ मा राज्यका नीतिहरू भनेर उपधारा (ज) (१) मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक र राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार पार्ने भन्ने उल्लेख भए पनि संविधानको उक्त निर्देशन राज्यको शैक्षिक क्षेत्रले अवलम्बन गरेको देखिँदैन। मैले सुरुमै उल्लेख गरेको छु कि शिक्षा कुनै दर्शन वा सिद्धान्तबाट निर्देशित र परिचालित हुन्छ। त्यो सिद्धान्त तथा दर्शन राज्यको राजनीतिसँग सम्बन्धित हुन्छ। नेपालको वर्तमान राजनीति कुनै दर्शन वा सिद्धान्तबाट गाइडेड नभई खिचडी प्रकृतिको रहेको छ। तसर्थ शिक्षा क्षेत्र पनि निश्चित दिशा लक्षित नभई लक्ष्यहीन हुन पुगेको छ। त्यसको असर हाम्रो समाज वा ज्ञानज्योति सामुदायिक क्याम्पसमा नपर्ने प्रश्न नै भएन, परिरहेकै छ। परिणाम, हाम्रो समाजका हजारौं युवा मानवस्रोतहरू बेरोजगार भई रोजगारीको खोजीमा बिदेसिनुपरेको पीडादायी अवस्था विद्यमान छ।

शिक्षा क्षेत्रको अन्योलतालाई तपाईं-हाम्रो प्रयासबाट मात्र हटाउन सकिन्न। राज्य नै संकल्पकृत भई शिक्षा क्षेत्रको सुधारमा नलागी एउटा व्यक्ति र एउटा संस्थाको प्रयासले आमूल परिवर्तन ल्याउन सम्भव छैन। ज्ञानज्योति पनि अहिले त्यही परिवेशबाट गुज्रिरहेको होला, जुन अन्य ग्रामीण शैक्षिक केन्द्रहरूले समेत सामना गरिरहेको छन्। जुन समयमा जुन उद्देश्य लिएर यो क्याम्पस स्थापना गरिएको थियो समय मात्र फरक छ, उद्देश्य

अद्यापि तिनै छन् बरु परिस्थिति बदलिएको छ । क्याम्पस छ, विद्यार्थी हराउँदै गएका छन् । ज्ञानज्योतिवरिपरिका बस्तीहरू आज 'बूढाबूढीको आश्रमस्थल' मा परिणत भएका छन्, युवा जनशक्ति जब गाउँमै छैनन् भनेपछि विद्यालय जान बच्चा नै कम छन् । जब विद्यालयमा विद्यार्थी नै कम छन् भने क्याम्पसमा पर्याप्त विद्यार्थी हुने कुरै भएन । क्याम्पसमा विद्यार्थी कम भएपछि क्याम्पस चल्न नै मुस्किल छ । मुस्किलले चलेको क्याम्पसमा सक्षम प्राध्यापक राख्न कठिनाइ हुन्छ । सक्षम प्राध्यापक नभए ज्ञान प्रवाह त्यसै अबरुद्ध हुन्छ, ज्ञान प्रवाह अबरुद्ध भएपछि समाजमा सभ्य जनशक्ति उत्पादन बन्द हुन्छ र क्रमशः बाँकी समाज, कुण्ठित, रोगग्रस्त, बदलाको भावनाले ग्रसित र भ्रष्ट हुन्छ र अन्ततः राज्य कमजोर हुन्छ ।

हामी अहिले त्यस्तै राज्यको नागरिक भएका छौँ, जसमा समाजमा अधिकांश सदस्य दुःखित रहेको पाइन्छ । यस्तो परिवेशमा मैले माथि उल्लेख गर्न खोजेको प्रगतिशील शिक्षाको अभ्यास थलो ज्ञानज्योति सामुदायिक क्याम्पस बन्ला, नबन्ला ! निराश भएर भएन, अँध्यारो भई उज्यालो खोज्ने हो, काँडाहरूसँग जुधेर नै मिष्ठान फल खान सकिन्छ । तसर्थ मेरो सुझाव छ कि, हामी अब त्यतातर्फ लम्कनु पर्दछ, जता लम्कँदा ज्ञान प्रकाशको शिक्षा प्रगतिशील शिक्षामा बदलियोस्, प्रगतिशील विद्यालयका रूपमा चिनियोस् । संस्कृत सुभाषित-१९ मा रहेको यो श्लोक यसमा उल्लेख गर्नु सान्दर्भिक देख्दछु ।

*आचार्यात् पादमादत्ते पादं शिक्ष्यः स्वमेधया ।*

*सब्रह्मचारिभ्यः पादं पादं कालक्रमेण च ॥*

यसको अर्थ- शिष्य शिक्षाको एक चौथाइ भाग आफ्नो गुरुबाट सिक्दछ, दोस्रो एक चौथाइ आफ्नै बुद्धिबाट आफैं सम्झन्छ, तेस्रो एक चौथाइ भाग आफ्नो सहपाठीबाट सिक्दछ र अन्तिम एक चौथाइ भाग समयको साथमा आफ्नो अनुभवबाट नै सिक्दछ । विद्वान् जोन डिवेले पनि हाम्रो पूर्वीय दर्शनको उपरोक्त सूत्रलाई आफ्नो प्रयोगशाला खडा गरी पुष्टि गर्दै 'प्रगतिशील शिक्षा पद्धति' को नयाँ रूपमा विकास गरेका हुन् भन्न सकिन्छ ।

अर्थात्, हाम्रो पूर्वीय शिक्षा पद्धतिको विकासमा जोन डिवेले दिएको योगदानको अनुसरण गर्दै विविध कठिनाइका बिच ज्ञानज्योति सामुदायिक क्याम्पस अविरल यात्रामा प्रवाहित होस् भन्ने मेरो कामना रहेको छ । कठिन दिनमा पनि त्यहाँका प्राध्यापकहरूले यसको उद्देश्य मर्न दिनुभएको छैन । अग्रजहरूले जति सक्थे, त्यति गरे । अब थप राम्रो गर्ने दायित्व अहिले यहाँ भइरहेकाहरूको हो । त्यो संस्थालाई अझैं मिहिनेत गरेर पूर्ण रातको चन्द्रमाझैं बनाउन लागौँ, सबैको आस्था र भरोसाको मन्दिर बनाऔँ, सबैले सकेको मद्दत गरी यसलाई उभिराख्न उत्प्रेरणा प्रदान गरौँ । 'जय ज्ञान ज्योति'

# शैक्षिक उन्नयनमा सामुदायिक क्याम्पसको भूमिका

देवेन्द्र कटवाल
नेपाल खुला विश्वविद्यालय

सामुदायिक क्याम्पस एउटा त्यस्तो सामुदायिक संस्था हो, जसको व्यवस्थापनमा समुदायको मुख्य तथा सरकारको अप्रत्यक्ष र सहायक भूमिका रहेको हुन्छ। यस्ता क्याम्पसहरूले उच्च शिक्षा व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरले सन् १९१८ मा त्रिचन्द्र कलेजलाई पहिलो क्याम्पसका रूपमा स्थापना गरेका थिए। यद्यपि उक्त कलेजले उच्च तथा कुलीन वर्गलाई मात्र शिक्षा प्रदान गर्ने भएकाले उक्त कलेज आम जनताको लागि पहुँचयोग्य थिएन । नेपालमा पहिलो विश्वविद्यालयका रूपमा भने सन् १९५९ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको थियो । यसपछि हालसम्ममा डेढ दर्जन जति विश्वविद्यालयहरूको स्थापना भइसकेको छ भने केही खुल्ने क्रममा रहेका छन् । यसरी खुलेका विश्वविद्यालयको अधीनमा रही विभिन्न सरकारी, सामुदायिक र निजी क्याम्पसहरू स्थापना भएका देखिन्छन्। सरकारी क्याम्पसहरूलाई आंगिक भनिन्छ, जसको व्यवस्थापन पूर्णरूपमा सरकारबाट हुने गर्दछ भने सामुदायिक क्यापस सामान्यतः समुदाय (जस्तै- स्थानीय करबाट) द्वारा व्यवस्थापन गरिएको हुन्छ। सामुदायिक क्याम्पसहरू विश्वविद्यालयका स्याटेलाइट क्याम्पसहरू हुन् । यस्ता क्याम्पसहरूलाई स्वतन्त्र पाठ्यक्रम निर्माण तथा लागू गर्ने र डिग्री प्रदान गर्ने अधिकार भने हुँदैन । विद्यार्थीहरू विश्वविद्यालय भर्ना परीक्षाको आधारमा भर्ना हुन्छन् र उनीहरूले सम्बद्ध विश्वविद्यालयद्वारा बाह्य रूपमा नियन्त्रित राष्ट्रिय रूपमा प्रशासित परीक्षाहरू पास गरेमा विश्वविद्यालयको डिग्री प्राप्त गर्छन् ।

नेपालको उच्च शिक्षाको व्यवस्थापनमा सामुदायिक क्याम्पसहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको तथ्य विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएको पाइन्छ । विकासोन्मुख देशहरूमा जनताको आयस्तर कमजोर हुने भएकाले थोरै आम्दानी हुने तर उच्च शिक्षाको अवसरबाट वञ्चित हुने अवस्थालाई न्यूनीकरण गर्नका लागि स्थानीय स्तरमा खुलेका सामुदायिक क्याम्पसहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यस्ता क्याम्पसहरूले विद्यार्थीहरूलाई शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित हुनमा केही हदसम्म भए पनि रोकेको देखिन्छ। जसको प्रभाव समग्र देशको शैक्षिक अवस्थाको उन्नयनमा समेत परेको छ। सामुदायिक क्याम्पसको व्यवस्थापन समुदायहरूले नै गर्ने भएकाले आफ्नो सामाजिक, सांस्कृतिक र आर्थिक विकासका लागि समृद्धि गराउने क्रियामा उपयोग हुनु आवश्यक छ । यस्ता क्याम्पसहरूले सम्बन्धित समाजको उत्थान, सुधार र समृद्धि गर्न सहयोगी भूमिका खेल्नुपर्दछ। शैक्षिक उन्नयनमा सामुदायिक क्याम्पसको भूमिका महत्त्वपूर्ण छ र यसले सामुदायिक स्तरमा शिक्षा सुनिश्चित गर्न, समृद्धि बढाउने काम गर्दछ। सामुदायिक क्याम्पसले शैक्षिक उन्नयनमा निम्नअनुसार भूमिका निर्वाह गरेको देखिन्छ :

**सामुदायिक शिक्षा प्रदान गर्न** : सामुदायिक क्याम्पसहरूले उच्च शिक्षा प्रदान गर्दछन् । यसरी प्रदान गरिने शिक्षालाई स्थानीय सामुदायिक सन्दर्भसँग अन्तरसम्बन्धित गरिने भएकाले विद्यार्थीसँगै समाजका सदस्यलगायत

समग्र क्षेत्रमा नै चेतनाको स्तरमा बढोत्तरी गराउँछ। चेतनाका माध्यमबाट समृद्धिका लागि उनीहरूलाई अग्रसर गर्ने हुँदा समुदायको समग्र पक्षको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ।

**शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न** : सामुदायिक क्याम्पसले स्थानीय शिक्षण संस्थाहरूमा काम गर्ने शिक्षकशिक्षिकाहरूको सक्षमता वृद्धिका लागि सहयोग गर्दछ। यसका कारण उनीहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्नमा मद्दत पुग्दछ।

**सामुदायिक जागरुकता बढाउन** : सामुदायिक क्याम्पसले स्थानीय समुदायलाई शिक्षित बनाउने कार्यमा महत्त्वपूर्ण भूमिका खेल्छ र सामुदायिक जागरुकता बढाउँछ।

**समुदाय विकासमा सहयोग गर्ने क्षमता विकसित गर्न** : सामुदायिक क्याम्पसले विभिन्न समुदायहरूमा सहयोग गर्ने क्षमता विकसित गर्दछ, जसले समुदायको समग्र पक्षको विकास र समृद्धिका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ।

**शिक्षाको पहुँचमा सुधार गर्न** : सामुदायिक क्याम्पसले जनताहरूलाई शिक्षा पहुँचमा सहज बनाउँछ। यसका कारण समुदायका अधिकांश सदस्यहरूले शिक्षाको पहुँचमा अवसर पाउँछन्।

**सामाजिक सम्बन्ध सुमाधुर बनाउन** : सामुदायिक क्याम्पसले सामुदायिक समृद्धि र विकासमा सहयोग गरेको हुन्छ। यसले समुदायका सदस्यहरूमा आपसी सम्बन्ध सुमधुर बनाउनुका साथै समुदायमा एकता बनाउँछ।

यसका साथै सामुदायिक क्याम्पसले स्वास्थ्य सेवाको विकास, आर्थिक विकास, सामाजिक समृद्धि आदिजस्ता पक्षहरूमा पनि भूमिका खेलेको हुन्छ। नेपालको वर्तमान राजनैतिक संरचनागत विभाजनलाई हेर्दा पनि स्थानीय सरकारलाई समग्र पक्षको अधिकार प्राप्त भएकाले प नि सामुदायिक क्याम्पसहरूको शैक्षिक क्षेत्र उन्नयनमा महत्त्व अझ बढ्दै गइरहेको देख्न सकिन्छ। विद्यार्थीहरूले आफ्नै परिवेशमा पढेर सिक्न सहज हुने, शिक्षण शुल्कलगायत आर्थिक व्यवस्थापनको कोणबाट पनि सहज हुने, सिकाइलाई आफ्नो क्षमताअनुसार सहजीकरण गर्न मद्दत पुग्ने, सिकाइको उपयुक्त वातावरण प्राप्त हुने आदि पक्षबाट पनि यसको महत्त्व अझ बढ्दै गएको हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

समग्रमा भन्नुपर्दा, उल्लिखित कुराहरूका आधारमा नेपालमा सामुदायिक क्याम्पसले शैक्षिक उन्नयनमा महत्त्वपूर्ण खेलेको देखिए पनि पर्याप्त बजेटको कमीका कारण हुने भौतिक वा संरचनात्मक, जनशक्तिगत, व्यवस्थापकीयलगायतका समस्याहरू भोग्नुपरिरहेको देखिन्छ। यसका साथै त्यहाँबाट उत्पादित जनशक्तिका लागि एक्सपोजरको कमी, उपयुक्त पूर्वाधारको अभाव, प्राविधिक उपकरणहरूको उपलब्धतामा समस्या, बजेट/कोषको अभावजन्य समस्या तथा राष्ट्रियस्तरको शैक्षिक कार्यक्रममा विद्यार्थीको सहभागितामा कमी, शिक्षण सिकाइ समयानुकूल नहुने, आवश्यक पाठ्यपुस्तकहरूको सहज उपलब्धतामा कठिनाइ आदिजस्ता समस्याहरूलाई समाधान गरेर उपयुक्त शैक्षिक वातावरणको स्थापना गरेमा सामुदायिक क्याम्पसहरूको भूमिका अझ बढ्न सक्ने देखिन्छ। जसले देशको समग्र पक्षको विकासमा समेत भूमिका खेल्छ।

*(लेखक ज्ञान ज्योति सामुदायिक क्याम्पसका पूर्व विद्यार्थी हुन्।)*

# भुल्दै धर्म र संस्कार

निराजन घिमिरे
केन्द्रीय सदस्य, विश्व हिन्दु युवा संघ

प्रवल मानसिक शक्ति, जीवनोपयोगी संस्कार समन्वयात्मक संस्कृतिलगायतका कारण मानिस अन्य प्राणीभन्दा श्रेष्ठभन्दा श्रेष्ठ भयो । 'बलले हैन विज्ञानले, ज्यानले हैन ज्ञानले ठुलो भइन्छ' भन्ने चेतनाले मानिस अरू प्राणीभन्दा फरक बन्न पुग्यो । मानिसको बच्चा अरू प्राणीको जस्तो जन्मनेबितिकै आफैं खाने हिँडने हुँदैनन्, बिस्तार सबै कुरा सिक्दै आफ्नो बुद्धि र विकासलाई अगाडिब बढाउँछन् । त्यसैले कमजोर शरीर भए पनि ज्ञान, अभ्यान र युगानुकूल जिउने कलाले संसारमा मानिसले एकाधिकार जामायो र अन्य जीवहरूलाई दास बनाएर आफ्नो नियन्त्रणमा बस्न वाध्य बनायो । मानिस गर्भमा आएदेखि शास्त्रीय विधिपूर्वक विभिन्न संस्कार गराई ऊर्जाशील बनाउँछ । बच्चा जन्मेपछि विभिन्न संस्कार संस्कृति सभ्यताले बाँधेर बच्चा जति हुर्किंछ त्यति नै धार्मिक सांस्कारिक नियमभित्र राखेर परम्परालाई जोगाउँदै असल मानिए र सामाजको निर्माण भयो ।

धर्म संस्कारलाई आधार बनाई अग्रजलाई पुज्ने, कर्तव्य बुझ्ने, इतिहासलाई मनन गर्ने मानिस नै विद्वान् हो, मानिस कर्ममा बाँधिएर संस्कारले सिँगारिएर समाजको मर्यादाले कँसिएर सामाजिक प्राणी बन्दछ, धर्म, संस्कार, सभ्यता र असल शिक्षाले पूर्ण भएको मानिसले नै आफ्नो समाज र राष्ट्रको शिर उच्च राख्न सधैँ प्रयत्न गर्दछ । संस्कारले गर्न हुने र नहुने काम जिम्मेवारीको बोध गराउँछ । धार्मिक नियम, आचरण र संस्कारकै कारण देश चलाउने मान्छेहरू सीमाभित्र रहेर काम गर्दछन् । विद्यमान नेपालको राजनीतिमा संस्कार हराउँदा विकृत समाजले जरा हाल्न थालो । नेपालामा पछिल्ला समय सामाजिक, धार्मिक, राजनीतिक आचरणलाई भुल्दै आफ्नो परमपरा नमान्ने, राम्रा कुरालाई छोड्दै नराम्रो कुरा मात्र अंगाल्ले, राजनीतिले कुरीतिलाई प्रश्रय दिने भयो । हाम्रो देशमा थुप्रै प्रकारका सांस्कृतिक रीतिरिवाजहरू छन् ।

विविध जातजाति, भाषा, संस्कृति, फरकफरक धर्म, फरक भौगोलिक बसाइका आआफ्नै परम्पराहरू छन् जसले मानिसलाई संस्कारी बनाउँछ । आफूभन्दा ठूलालाई शिर झुकाएर आशीर्वाद माग्ने सानालाई मायाले शिक्षा प्रधान गर्ने, भगवान्लाई पुज्ने र डराउने धार्मिक ग्रन्थमा लेखिएका नियमहरूलाई पालना गर्ने, पुस्तौंदेखि चलिआएका नियमलाई मान्दै शिक्षा र चेतनाको विकास गर्ने, मठमन्दिरको पूजा गर्ने, आकाश धर्ती, सूर्य, चन्द्र ग्रहहरू, विभिन्न प्राणी, वृक्ष आदिलाई भगवान्को रूपमा मानी पूजा गर्ने, संरक्षण गर्नेजस्ता परम्पराले मानिसलाई सभ्य बनाउँछ । विडम्बना, आजभोलि आधुनिकतासँगै यस्ता परम्परा भुल्न थाले र समाजलाई विकृत बनाउँदै गए ।

राजनीतिक र राजनीतिक नियमले समाजलाई राम्रो बाटो हिँडाउँछ, धार्मिक परम्परालाई आधार मानेर बनाएको नीति (संविधान) मा समाजलाई हिँडाउन सके मात्रसम्म असल समाज बन्छ । संस्कारको बीज बच्चादेखि रोप्नुपर्छ, घरघरमा उमार्नुपर्छ, समाजमा पलाउनुपर्छ र राष्ट्रमा मौलाउनुपर्छ । यदि मानिसले संस्कार नछोड्ने हो भने संसारमा ठूल्ठूला, बम बारुद इत्यादि हुने थिएन । ठूल्ठूला रोग उत्पत्ति हुने थिएन । त्यसैले असल संस्कारले संसारै उज्यालो बन्ने भएकाले हामी सँधै संस्कारमा बस्नुपर्दछ ।

# किशोरावस्था र स्वस्थ जीवनशैलीलाई प्रभाव पार्ने तत्त्वहरू

मोहन थापा
शिक्षक, ज्ञान प्रकाश मा.वि.

औपचारिक शैक्षिक पद्धतिमा वा विद्यालयको घेराभित्र निश्चित उमेर र समयमा अध्ययन गर्ने विद्याथीहरू किशोरावस्थाका नै हुन्छन् । विश्व स्वास्थ्य संगठनले १० देखि १९ बिचका उमेर समूहका व्यक्तिहरू यस अवस्थामा पर्दछन् भनी उल्लेख गरेको छ। भनौं, बाल्यावस्था र वयस्क अवस्थाका बिचमा आउने विकासको संक्रमणकालीन चरण नै किशोरावस्था हो। यस अवस्थाको मुख्य उद्देश्य भनेको जागरणको विकास बढोत्तरी, इच्छाशक्तिको आत्मासंयम र भविष्य निर्माण गर्नुपर्ने समय हो । यस अवस्थामा किशोरकिशोरीहरूले धेरै चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ। यो उमेर उनीहरूको पहिचान खोज्ने उमेर हो। एकातिर उनीहरूलाई आफ्नो काम, व्यवहार र व्यक्तित्वले आफ्ना साथी समूहमा स्थापित हुनुपर्नेछ भने अर्कोतर्फ आफ्ना स्वप्निल सपनाको दुनियाँमा हराउने हुँदा उनीहरूको महत्त्वाकांक्षा वा सपना पूरा नहुन सक्छ । संसार जित्ने कल्पनामा रमाउने यस उमेरका किशोरकिशोरीहरूको कल्पनाशीलताको जहाजलाई कसरी सफल अवतरण गराउने त्यो अर्को चुनौतीको रूपमा रहेको हुन्छ।

उनीहरूको कल्पनाशीलतालाई सिर्जनशीलतातर्फ जोड्न सकेमा उनीहरू भोलिका सफल सर्जक बन्न सक्ने विश्वास गरिन्छ । यो उमेरलाई आँधी र तुफानको उमेरका रूपमा लिइने कारण यस अवस्थाका किशोरकिशोरीहरू हतास र निराश हुन्छन् । काम गराइमा हडबडाउने अभिभावकका विचार र काम गराइमा विमति जनाउने, चाँडै रिसाउने, खुसी हुनेजस्ता व्यवहार प्रदर्शन गर्ने हुँदा यसलाई सही र समयमा नै व्यवस्थापन गर्नु पनि किशोरवस्थाका चुनौतीका रूपमा लिन सकिन्छ । हार्मोनमा आएको परिवर्तन र मनोवैज्ञानिक दबाबका कारण खतराजन्य व्यवहारप्रतिको चासा र सरोकारलाई समेत समयमा नै व्यवस्थापन गर्नु अर्को प्रमुख चुनौतीको रूपमा रहेको छ बढ्दो साथीसंगत र घुलमिलले अपराध र दुर्व्यसनतर्फ किशोरकिशोरीहरू बहकिन सक्ने भएकाले त्यस समय अभिभावकहरू र सिङ्गो समाज संवेदनशील चनाखो, जिम्मेवार हुन जरुरी हुन्छ। यो पढ्ने सिक्ने र भविष्य बनाउने उमेर हो। पढाइमा निरन्तरता र दक्ष सिकाइका लागि उनीहरूलाई उत्प्रेरित गरी भोलिको सञ्चार र प्रविधिको युगको संसारमा बिक्न सक्ने सफल कर्म गरी टिक्न सक्ने गरी तयार गर्न सक्नुपर्छ ।

त्यसैले किशोरकिशोरीको व्यवस्थापनका लागि हर पक्षलाई मनन गर्न र सामना गर्न आजैदेखि हामी तयार हुनुपर्छ । समाज र अभिभावका साथसाथै किशोरकिशोरीहरूले पनि आ-आफ्नो जिम्मेवारी बहन गर्नुपर्छ । त्यसका लागि स्वस्थ जीवनशैली अपनाउनुपर्छ।

## स्वस्थ जीवनशैली

किशोरावस्थाको स्वस्थ जीवनशैली दैनिक जीवनसँग सम्बन्धित स्वस्थकर खाना, शारीरिक व्यायाम, निद्रा आदिसँग सम्बन्धित हुन्छ । यो अवस्था आरोग्य जीवनको आधार मात्र नभएर रोगहरूको औषधिसमेत हो । मानिसमा लाग्ने लगभग १०% रोग, वंशाणुगत हुन्छन् भने बाँकीका ९०% रोगचाहिँ खराब जीवनशैलीका कारण लाग्ने गर्दछन् । त्यसैले स्वास्थ्य जीवनशैली अवलम्बन गरेमा यी रोगहरूबाट बच्न सकिने कुरा अनुसन्धानले समेत देखाइसकेका छन् । त्यसैगरी व्यक्तिगत स्वच्छता, खराब लत नभएको स्वास्थ्य शिक्षामा सचेतना, सुरक्षित वातावरणप्रतिको सजगता, शारीरिक रूपमा स्वास्थ्य, सामाजिकीकरण र अत्मीय सम्बन्धसँग यो सम्बन्धित हुन्छ । जीवन जिउने तरिका नै जीवनशैली हो । जीवनशैलीमा कुनै पनि किशोरकिशोरीको खानपान, काम गराइ, आरामजस्ता पक्षले महत्त्व राख्दछन् ।

जीवनशैली स्वस्थ र अस्वस्थ दुवै हुन सक्छ । स्वस्थ्य जीवनशैलीले मानिस स्वस्थ्य र सुखी रहन्छ भने अवस्वस्थ जीवनशैलीले मानिसलाई रोगी र दुःखी बनाउँछ ।

### स्वस्थ जीवनशैलीका उपायहरू

(क) ताजा र स्वस्थकर खाना,

(ख) आवश्यकताअनुसारको शारीरिक व्यायाम,

(ग) पर्याप्त निद्रा,

(घ) व्यक्तिगत सरसफाइ र स्वच्छता,

(ङ) गलत संगत र बानीबाट मुक्त रहनु,

(च) स्वास्थ्य शिक्षाको जानकारी र सचेतना,

(छ) हमेसा सकारात्मक सोच,

(ज) सक्रिय सामाजिकीकरण,

(झ) शारीरिक र मानसिक स्वास्थ्यप्रति सजकता,

(ञ) वातावरणीय स्वच्छता कायम गर्नु ।

### स्वस्थ जीवनशैलीलाई प्रभाव पार्ने तत्त्वहरू

१. योग तथा ध्यान

२. खेलकुद

३. मनोरञ्जन

४. आराम र निद्रा

स्वस्थ जीवनशैली र उच्च स्तरको शिक्षा प्राप्तिका लागि माथिका ४ वटा तत्त्व अपरिहार्य रहेका छन् । यहाँ किशोरावस्थालाई चाहिने योग तथा ध्यानको संक्षिप्त व्याख्या गरिएको छ ।

### योग तथा ध्यान

योगको अर्थ जोड्नु हुन्छ । यो शब्द युन् धातुबाट बनेको हो । योगका प्रवर्धक पतञ्जलीले सुख प्राप्तिका लागि सधैँ योग गर्नुपर्छ भनेका छन् यसलाई अष्टाङ्ग योग मनिन्छ किनभने यसका आठवटा अंग रहेका छन् ।

यमः अहिंसा, सत्य, आस्तेय, ब्रम्हत्तरी र अपरिग्रह

अहिंसाः हिंसारहित कर्म, मन र वचन,

| | |
|---|---|
| सत्यः | युधिष्ठिरजस्तै सत्यवादी हुनु, |
| आस्तैयः | चोरी नगर्नु, |
| ब्रह्मचर्यः | विवाह पहिले यौनसम्पर्क नगर्ने, विवाहपश्चात् बफादार रहने, |
| अपरिग्रहः | अरूको रिसराग नगरी अनावश्यक वस्तुहरूको सञ्चय नगर्नु । |
| नियमः | शौच, सन्तोष, तपस, स्वाध्याय र ईश्वर प्रणिधान |
| शौचः | शारीरिक र मानसिक सरसफाइ, |
| सन्तोषः | खुसी र सन्तुष्टि रहनु, |
| तपशः | तपस्या तथा आत्मानुशासनमा रहनु, |
| स्वाध्यायः | अध्यात्मिकता, आत्मामा स्थिर रहनु, |
| ईश्वर प्रणिधानः | ईश्वरीय शक्तिमा आस्थावान् हुनु, |
| आसः | स्वस्थ शरीरका लागि विभिन्न शारीरिक आसानहरू गर्नु । |
| | जस्तै- सुखासन, खांसन, शीर्षासन बज्रासन, उष्ट्रासन आदि । |
| प्राणायामः | प्राणको वा आयुको योग वा कसरत श्वासप्रश्वास प्रक्रियाद्वारा गर्नु |
| | कपालभाँती, भ्रामरी, भस्त्रिका, |
| | नाडीशोधन (अनुलोमविलोम ) उचित (ॐ) |
| प्रत्याहारः | १० वटै इन्द्रियहरूलाई आफ्नो वशमा वा नियन्त्रणमा राख्नु |
| धारणाः | ध्यानद्वारा एकाग्र हुनु । |
| ध्यान : | एकाग्र भई आत्मा स्वरूपमा केन्द्रित हुनु । |
| समाधिः | जैन गुरुहरूको जसरी समाधि मृत्युवरण गर्नु । |

## किशोरावस्थाका बालबालिकाले गर्नुपर्ने प्रणायाम र योग

योगमा सूर्य नमस्कार योग सर्वोतम योग हो । जसमा ११ वटा आसन गरिन्छ ।

१. प्रणाम आसन,
२. हस्तउत्थान आसन,
३. हस्तपादासन,
४. अश्वसञ्चालन आसन,
५. दण्डासन,
६. अष्टाङ्ग नमस्कार आसन,
७. मुजाङ्गासन,
८. पर्वतासन,
९. अभ्तसञ्चालन आसन,
१०. हस्तपादासन,
११. हस्तउत्थान आसन,
१२. प्रणाम आसना

## प्राणायम

तीन वटा प्राणायम किशोरावस्थाको व्यवस्थापनका लागि आवश्यक छन् ।

(१) **भ्रामरी प्राणायम** : यो प्राणायम गर्दा लामो श्वास लिने र ओठ बन्द गरी छोड्दा मौरी वा भँवराको जस्तो आवाज निकाल्ने यसलाई जुनसुकै बेला गर्न सकिन्छ ।

(क) बोलीमा मिठास ल्याउँछ ।

(ख) तनाव, रिस तथा चिन्ता कम गरी शरीर शान्त बनाउँछ ।

(ग) डिप्रेसन र उच्च रक्तचाप हुनबाट बचाउँछ ।

(घ) मनलाई एकाग्र बनाउँछ ।

(ङ) गर्भवती महिलाका लागि अति उत्तम आसन ।

(२) **कपालभाँती प्राणायम** : मुख बन्द राखेर दुवै नाकका प्वालबाट श्वास लिने र अलिकति बलपूर्वक श्वास बाहिर फ्याँक्ने । फाइदाहरू :

(क) गहिरो निद्रा लाग्ने,

(ख) मोटोपन घटाउने,

(ग) मुटु, फोक्सो मजबुत बनाउने,

(घ) पाचनशक्ति बढाउने,

(ङ) स्मरणशक्ति बढ़ाउने

(च) छालामा चमक बढाउने ।

(३) **नाडीशोधन अनुलोमविलोम प्राणायम** : यसमा एउटा नाकको प्वाल बन्द गर्दा अर्कोतर्फबाट र अर्को बन्द गर्दा अर्कोतर्फबाट सासलाई दायाँ-बायाँ नाकका प्वालबाट उल्टो सिधा गरी श्वास लिने र फ्याँक्ने गर्नुपर्छ । यस प्रक्रियाबाट श्वास लिने र छोड्ने गर्दा शरीरमा रहेका ७२,००० (बहत्तर हजार) नाडीका अवरोधहरूलाई हटाई शरीरमा ऊर्जाको प्रवाहलाई बढाउँछ ।

किशोरावस्थाका बालबालिकाहरूलाई निम्न फाइदा हुन्छ :

- शरीरलाई ऊर्जाशील बनाई नाडीहरू खुल्ला पार्छ ।
- स्मरणशक्ति तेज गराई मन शान्त राख्छ ।
- तनाव र डरलाई समाप्त पार्छ ।
- कब्जियत, थाइराइड र पिनासको रोगमा लाभकारी छ ।
- छालालाई चम्किलो बनाउँछ ।
- नाक र शरीरमा सास बहने क्षेत्रलाई सफा गर्छ ।

## निष्कर्ष

किशोरावस्थामा स्वस्थ जीवनशैली अपनाउनका लागि उल्लेखित तत्त्वहरूलाई आफ्नो दैनिक व्यावहारिक जीवनमा लागू गर्नुपर्छ ।

# कृषिप्रधान देशको कृषि उपजमै बढ्दो परनिर्भरता

रमेश खत्री
बीएड तेस्रो वर्ष
ज्ञान ज्योति सामुदायिक क्याम्पस

नेपाल कृषिप्रधान देश हो। राष्ट्रिय जनगणना २०७८ अनुसार ६०.४ प्रतिशत मानिस कृषि पेसामा संलग्न छन्। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २३.९ प्रतिशत रहेको छ। विश्वका विकसित राष्ट्रमा १० देखि १५ प्रतिशत मानिस कृषिमा आश्रित हुँदा देशलाई आवश्यक पर्ने सम्पूर्ण उत्पादनमा आत्मनिर्भर बनेर विदेशी मुद्राआर्जन गर्दछन् तर नेपालमा कुल जनसंख्याको ६० प्रतिशत मानिस कृषिमा आबद्ध हुँदा औसतमा ५ देखि ७ महिना खानासम्म पुग्ने अवस्था छैन। आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले खाना पुग्ने परिवार संख्या ४५ प्रतिशत रहेको छ भने वर्षभरिमा खान नपुग्ने परिवार संख्या ५५ प्रतिशत रहेको छ।

कृषिप्रधान देश नेपालले एक वर्षमा अर्बौं रुपैयाँको खाद्यान्न विदेशबाट आयात गरेको छ। नेपालमा उत्पादन गर्न सकिने र उत्पादन भइरहेको धान गहुँ, मकै, कोदो, जौ छिमेकी राष्ट्र भारत, चीनदेखि युरोप, अमेरिका, अस्ट्रेलिया, अफ्रिकासमेतका राष्ट्रबाट आयात गर्नुले परनिर्भरता कति छ भन्ने कुरा पुष्टि गर्दछ। नेपालीहरू सुविधाभोगी हुँदै जाँदा विलासिताका सामग्रीहरूको माग बढ्दै गएको छ।

२०८० जेठ महिनासम्मको तथ्यांक हेर्दा मुलुकको व्यापारघाटा १० महिनामै १२ खर्ब रुपैयाँ पुगेको छ। सरकारले हरेक वर्ष बजेटमा स्वदेशी उत्पादन बढाएर आयात प्रतिस्थापन गर्ने नीति लिन्छ। तर परिणाम भने निराशाजनक छ।

स्वदेशमै उत्पादन गर्ने सकिने वस्तु पनि विदेशबाट आयत हुँदा व्यापार घाटा बढ्दै गएको छ। २०८०/८१ मा ६ महिनामै १ खर्बभन्दा बढीको कृषि उपज आयात भएको छ। नेपाली भान्सामा पाक्ने चामल, माछा, मासु, तेल, प्याज, आलु, धनियाँ आदि विभिन्न मुलुकबाट आयात हुन्छ।

अहिलेको समयसम्म परम्परागत खेती प्रविधि प्रयोग हुँदै आएको छ राम्रो बिउविजनको अभाव छ। पुरानो बिउको उत्पादकत्व कम हुन्छ। हरेक वर्ष वा दुई तीन वर्षमा बिउ फेर्नुपर्छ। तर त्यो हुन सकेको छैन। उन्नत बिउको प्रयोग गर्दा १५ देखि २० प्रतिशत उत्पादनमा अनेकौं चुनौती रहेका छन्। नेपालमा पुरानो तथा परम्परागत प्रविधिको प्रयोग हुनु, आधुनिक प्रविधिको प्रयोग गर्न नसक्नु, सरकारले लगानी बढाउन नसक्नु आदि समस्या हुन्।

कृषिविज्ञका अनुसार दक्षिण एसियामा नेपालको उत्पादकत्व निकै कम छ। हरेक वर्ष मलखादको प्रयोग बढ्नुपर्ने तर त्यसको भरपर्दो अबस्था छैन। सिँचाइ पनि निकै अनिश्चित छ त्यसैले आकाशेपानीको भर पर्नुपर्ने भएकाले उत्पादकत्व बढ्ने सम्भावना कम छ। उत्पादनशील जग्गा खण्डीकरण भइरहेका छन्। घडेरीका रूपमा

विकास गरिँदै छ । कृषियोग्य जग्गा बाँझो हुनु र बर्सेनि प्लटिङ हुँदै जानु, दक्ष जनशक्ति वैदेशिक रोजगारका लागि पलायन हुनु, खेतीयोग्य जग्गामा सिँचाइ अभाव, लागत खर्च अत्यधिक हुनु, रेमिट्यान्सको प्रभाव पर्नु, क्रयशक्ति बढ्दै जानुलगायत कारण आयात उच्च भएको छ । २०४० सालसम्म नेपालबाट भारत र तेस्रो मुलुकमा कृषिजन्य वस्तु निर्यात गर्दन्थ्यो । त्यो बेला सरकारले धान, चामल निर्यात गर्न कम्पनी खडा गरी बंगलादेश, भारत, जर्मनी, कोरिया, चीन, मलेसिया, अमेरिकालगायत मुलुकमा चामल निर्यात गर्ने गरेको थियो ।

सरकारले आयात तथा निर्यातसम्बन्धी नीतिमा आवश्यक सुधार गर्न कृषि उत्पादनमा विशेष ध्यान दिएर आत्मनिर्भर बन्न सक्छ । यद्यपि, नेपालमा उत्पादित कृषि उपज बजारसम्म पुग्न नपाई खेर जाने अवस्था छ भने आयातित वस्तुहरू हिमाल, पहाड र तराईसम्म सहजै पुगिरहेका छन् । कृषि क्षेत्रमा बिचौलियाको बिगबिगी दिनहुँ बढिरहेको छ । उनीहरूले मूल्य र गुणस्तरमा दोष देखाएर किसानबाट कम मूल्यमा खरिद गर्ने, बढी मूल्यमा बिक्री गरी कृषकलाई शोषण गरिरहेका छन् । राज्यले सही समयमा उपयुक्त तरिकाले कृषि क्षेत्रमा लगानी गरी, उत्पादन, व्यबस्थापन र प्रयोगमा उपयुक्त रणनीति बनाएर समस्या समाधान गरेन भने कृषिमा गरेको लगानी बालुवामा पानी हालेझैं भइरहने नै छ ।

जमिनको स्वामित्व र प्रयोगको अवस्था हेर्दा जसको जमिन छ, उसले खेती गर्दैन, जसको जमिन छैन उसले खेती कहाँ गर्ने भन्ने समस्या छ । उत्पादन हुने जग्गा प्लटिङ गरी सकिँदै छ, गाउँमा युवा छैनन्, भुराभुरी र बूढाबूढी मात्र छन् । खेती गर्ने जो किसान तयार छन्, कृषि क्षेत्रमा गरेको लगानी नउठेर हैरान छन् । खेर गएका वस्तुबाट व्यावसायिक अवसरहरू पहिचान गर्न सकिन्छ भन्ने ज्ञानको अभावले कृषिमा विविध सम्भावनाको खोजी गर्न सकिएको छैन । जसमा केरा र मेवाको फलबाट तरकारी, अचार, जाम, जुस, जेली, सर्वत र सस आदि र पातबाट टपरी, कम्पोस्ट मल सहज रूपमा उत्पादन गर्न सकिन्छ । लप्सीबाट क्यान्डी, जाम-जेली, अचार, अल्लो (चाल्ने सिस्नो) बाट कपडा बनाउन सकिन्छ । जडीबुटीको हिसाबले नागबेली, सुनाखरी, सुगन्धित तेल उत्पादन गरी आत्मनिर्भर बन्न सकिन्छ । यस्तै चिउरीबाट हर्बल साबुन उत्पादन गर्न सकिन्छ । जुनार तथा सुन्तलाको खेर गइरहेको फूल प्रशोधन गरी सुगन्धित तेल निकाल्न, बोक्राबाट पाउडर, क्रिम बनाउन सकिन्छ । अहिलेको संकटमा बाँझो, फालिएको जग्गामा कम्तीमा केरा र मेवा लगाउन सकेमा आफ्नो परिवारलाई आत्मनिर्भर बनाउन सकिन्छ ।

यसैगरी, कृषि पेसाअन्तर्गत बागवानी, पशुपालन, अन्नबाली, नगदेबाली, दुग्ध उत्पादन, मत्स्यपालन, तरकारी खेती आदि पर्दछन् । पशुपालनमा गाई, भैंसी, बाख्रा, कुखुरा, माछा, हाँस, परेवा आदि घरपालुवा जनावरको ब्यवसायबाट प्रशस्त फाइदा लिन सकिन्छ ।

अब पहाडी देश स्विजरल्यान्डको विकास प्रणाली र स्रोत व्यवस्थापन, प्राकृतिक स्रोतसाधनले कमी जापानको कार्यपद्धति, मरुभूमिको देश इजरायलको विकास प्रणालीबाट हाम्रो देशले पाठ सिकेर विकास र दिगो विकासलाई आत्मसात् गर्नुपर्दछ । यसका लागि योग्य जनशक्ति उत्पादन गरी सदैव क्रियाशील, परिणाममुखी काम, आत्मविश्वास, एकताको भावना र स्रोतसाधनको पूर्ण प्रयोग गर्ने इच्छाशक्ति सरकारमा र पाखुरीमा बल भएका सबै जनतामा हुनुपर्छ । देशको भौगोलिक अवस्था र स्रोतसाधन, सम्भावनाअनुसार कार्ययोजना बनाएर कृषि कार्यमा अगाडि बढेन सके हिमालमा धान नफल्ला तर पशुपालन, स्याउ, गेडागुडी, फापर, कोदो, जौ, ओखर, जडीबुटी र पर्यटनबाट मनग्य आर्जन गर्न सकिन्छ । पहाडमा उब्जनी कम होला तर लटरम्म फलफूल

खेती, कोदो,मकै, अलैंची, चिया, पशु व्यवसाय र खानीबाट जीवनस्तर उठाउन सकिन्छ। पशुपालन, घरेलु तथा साना उद्योग चलाउन र पर्यापयटन सम्भव छ। तराईमा तराई क्षेत्रमा सुन खानी नपाइएला तर सुनरूपी खाद्यान्न तथा नगदेबाली फलाउन, मझौला तथा ठूला उद्योग चलाउन र पशु व्यवसायबाट देशलाई आत्मनिर्भर बनाउन सकिन्छ।

परिवर्तनशील र गतिशील समयलाई पछ्याउन नसके मानिसको अस्तित्व रहन सक्दैन । सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा मात्र ल्याएर पुग्दैन । युवाहरूलाई विदेश पठाउनु र रेमिट्यान्स भित्र्याउनुलाई गौरव मान्ने मानसिकता तोड्नु जरुरी छ। नारालाई व्यवहारमा उर्तान स्वदेशमा रमाएर कमाउने र राज्यलाई कर तिर्ने वातावरण सृजना गर्न नेपाल सरकारकाले विभिन्न निकायसँगको सहकार्य गरी युवाहरूको समृद्धिमा लाग्न आवश्यक छ। नेपाली युवाहरूमा स्वदेशमा सिप सिकेर, घरमै बसेर थोरै लगानीबाट उद्यम गरेर सुखी र खुसी जीवन जिउन सकिन्छ भन्ने विश्वास र आशा जगाउन जरुरी छ। युवाहरूले पनि समाज र नेपाल आमालाई के दिन सक्छु भन्ने नवीन सोच, उत्साह र चिन्तन बोकी आफूले सक्ने कामबाट समाज परिवर्तन गर्नतर्फ सिर्जनशील, लगनशील, कर्तव्यनिष्ठ भई अगाडि बढ्नु अत्यन्त आवश्यक छ।

विदेशमा गएर अप्ठ्यारोमा परेका नेपाली युवाहरूलाई समृद्धिका लागि कृषि तथा गैरकृषि क्षेत्रमा आय आर्जनसम्बन्धी सम्भाव्यता खोजी लघु, घरेलु तथा साना उद्यम सञ्चालन गर्न र ग्रामीण गरिबी निराकरण गर्ने कार्यक्रम कार्यान्वयनमा ल्याउन आवश्यक छ। जिल्लाको भूगोल, वातावरण, स्रोतसाधनको उपलब्धताको अध्ययन गरी सम्भावना र औचित्यका आधारमा उत्पादन पकेट क्षेत्रको रूपमा परिचित गराएर स्थानीय कृषक, वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई प्रेरित गरी ग्रामीण स्तरमा रहेका लाभग्राहीहरूलाई समान पहुँच पुऱ्याउने, क्षमता विकास गर्न कर्जा प्रवाह गर्ने, कृषक समूह, व्यापारी, सेवा प्रदायक र सरोकारवाला निकायहरूलाई जोड्ने, कृषकसँग बजारीकरण, व्यापारी र उत्पादन जोड्ने तथा बचत गर्ने बानीको विकास गराउने, युवायुवतीहरूलाई कृषितर्फ आकर्षित गर्ने र स्थानीय स्तरमा रोजगारीका अवसरहरू सिर्जना गर्ने, आधुनिक कृषि कार्यबाट थोरै जमिन भएका किसानहरूको आर्थिक क्रियाकलाप र जीविकोपार्जनको स्तर माथि उठाएर आकर्षित गर्ने किसिमका कार्यक्रम ल्याउन र अबिलम्व कार्यान्वयन गर्न जरुरी छ। युवाहरूलाई उन्नत कृषि तथा पशुपालन पद्धतिको अनुसरण, ज्ञान र सिप आदानप्रदान गर्न समय समयमा अध्ययन अवलोकन भ्रमण, आर्थिक सहयोग र प्राविधिक सहयोग, गुणात्मक परिवर्तन र सकारात्मक धारणाको विकासका लागि वित्तीय शिक्षा र व्यावसायिक तालिम, बजार व्यवस्थापनमा सहयोग तथा सहजीकरण गरी लाभान्वित गर्न गराउन अति आवश्यक छ।

# बालबालिका र शिक्षा

राजेशकुमार थापा
संस्थापक अध्यक्ष, ज्ञानज्योति सामुदायिक क्याम्पस
तथा उपसचिव, नेपाल सरकार
चम्पादेवी-७, फूलबारी

## पृष्ठभूमि

शिक्षा क्षेत्रको सञ्चालन, विकास र शिक्षा प्रणालीको दिशानिर्देश मुलुकको शिक्षा नीतिले गर्दछ। समयानुकूल, प्रविधिमैत्री, व्यावहारिक र वैज्ञानिक शिक्षा आजको अपरिहार्य आवश्यकता हो। बालबालिकाको व्यक्तित्व विकासको मूल आधार पनि शिक्षा नै हो। शिक्षाबाट नै व्यक्तिको ज्ञान र सीप (Knowledge and Skill) को विकास भई धारणा (Attitude) मा समेत परिवर्तन आउने हुँदा हरेक अभिभावक र राज्यले शिक्षामा लगानी गर्नु आवश्यक छ। बालबालिकाको शिक्षामा राज्यको भूमिकाले मात्र पुग्दैन। विद्यार्थी, अभिभावक, विद्यालय सबैको अहं भूमिका रहनुपर्छ।

## बालबालिका र घर

एउटा असल अभिभावकले स्वस्थ बच्चा जन्माउनु अघि नै सोको लागि पूर्वयोजना बनाई पौष्टिक आहार र उपयुक्त विहारमा ध्यान दिनुको साथै आमाको शारीरिक र मानसिक स्वास्थ्यमा ख्याल गर्नुपर्ने हुन्छ। एउटा स्वस्थ बच्चा जन्मियो भने बाबुआमालाई आर्थिक भार र दायित्व कम हुन्छ। बालबालिकाका लागि पहिलो पाठशाला नै घर हो। बालबालिकाले आफ्नो बा-आमा, हजुरबुबा-हजुरआमा, दाइ, दिदी, काकाकाकीबाटै सबै कुरा सिकिरहेका हुन्छन्। अरू बोलेको ट्वाँ परेर हेर्छन र हेर्दाहेर्दै भाषा सिक्छन। त्यसैले जुन भाषा बोल्ने परिवारमा जन्मिन्छन, त्यही भाषा सिक्छन् र बोल्छन्। आफूभन्दा ठूलाले जे-जे गर्छन्, त्यही-त्यही सिक्दै जान्छन्। त्यसैले त यिनीहरूको अगाडि नराम्रो बोल्नु र नराम्रो गर्नु हुँदैन। बालबालिका आठ वर्षको उमेरसम्म अवचेतन मन (Subconscious mind) मा बाँच्ने हुँदा उनीहरूको दिमाग वा मनस्थितिमा जस्तो विचार घुस्यो, त्यस्तै बन्ने हुँदा उनीहरूलाई सधैं सकारात्मक विचार दिनुपर्छ। सकारात्मक विचारले मान्छेलाई महान् बनाउँछ भने नकारात्मक विचारले खत्तम र कमजोर बनाउँछ। यी कुराहरूलाई मनन र बोध गरी अभिभावकले आफ्ना बालबालिकालाई सोहीअनुसारको उपयुक्त वातावरणमा हुर्काउनुपर्छ। हाम्रा बालबालिका हुर्किने क्रममा उनीहरूको स्वास्थ्य र शिक्षामा ध्यान दिनुपर्छ। बालबालिकालाई प्राप्त हुने सन्तुलित भोजन तथा खेल्ने, सुत्ने र उठ्ने व्यवस्थित दिनचर्याले उनीहरूलाई स्वस्थ बनाउँन मद्दत गर्छ। यसका लागि अभिभावकले उनीहरूलाई समय दिनुको साँथै आवश्यक हेरचाह र रेखदेखमा समेत ध्यान दिनुपर्छ। बच्चाहरूको पालनपोषण, संरक्षण, सुरक्षा र भविष्यमा अभिभावकको महत्त्वपूर्ण भूमिका हुन्छ। जसरी कुमालेले ठूलो मिहिनेत, परिश्रम र लगानीबाट काँचो माटोलाई एउटा माटोको भाँडोको आकार दिन्छ, त्यसैगरी एउटा असल सन्तान जन्माई उसको व्यक्तित्व विकासमा अभिभावकले ठूलो मिहिनेत गर्नुपर्छ।

## बालबालिका र विद्यालय

बालबालिकाका लागि पहिलो पाठशाला घर भए पनि औपचारिक शिक्षाका लागि विद्यालय पठाउनुपर्छ। अब ध्यान दिनुपर्ने कुरा के हो भने, बालबालिकालाई कुन उमेरमा स्कुलमा भर्ना गर्ने, कस्तो विद्यालय छनोट गर्ने, विद्यालयको वातावरण, विद्यालयको व्यवस्थापन, विद्यालय प्रशासन, खेलमैदान, प्राथमिक स्वास्थ्यलगायतका विषयले उनीहरूको भविष्यको रेखा कोर्छ। आफ्नो बालबालिकालाई विद्यालय पठाएर मात्र अभिभावकको दायित्व पूरा हुँदैन। अभिभावक पनि बारम्बर विद्यालय जाने, शिक्षक-अभिभावक बैठकमा सक्रियतापूर्वक सहभागी हुने, आफ्नो बच्चाको गतिविधि बुझ्ने, पढाइमा रूचि राख्छ कि राख्दैन ? कुन विषयप्रति उसको रूचि छ ? कस्ता साथीहरू बनाउँछ ? जस्ता कुराहरूमा जानकारी लिनु अभिभावकको मुख्य दायित्व हुन्छ। शिक्षक शिक्षिकाहरूले पनि प्रभावकारी विधि अपनाएर डरत्रास नदेखाई सिकाइ प्रक्रियालाई अगाडि बढाउनुपर्छ ताकि विधार्थीहरूले पनि विद्यालयलाई आफ्नै जस्तो मानुन्, निर्धक्कसँग बोल्न सकुन्, प्रश्न गर्न सकुन्, मनमा लागेका कुरालाई भन्न सकुन्, सुमधुर वातावरणमा सिक्न सकुन्, जसको कारण उनीहरूको व्यक्तित्व विकासमा सकारात्मक प्रभाव परोस्। उनीहरूले गल्ती गरे भने तत्काल सामान्य सजाय दिने र राम्रो गरे पुरस्कार दिने व्यवस्था भयो भने गलत गर्न डराउने र राम्रो गर्न उत्प्रेरित हुने हुन्छ। विद्यालयको वातावरण तथा सिकाइ प्रक्रिया उनीहरूको चौतर्फी क्षमता विकासमा सहयोगी हुन जरुरी छ। कक्षा शुरु हुनु अगाडि जसरी व्यायम जरुरी छ, त्यसरी नै पाँचदेखि दस मिनेट मेडिटेसन (ध्यान) जोडेर अगाडि बढाउने हो भने सुनमा सुगन्ध हुन जान्छ। यसले उनीहरूलाई मन एकाग्र गर्न सहयोग पुग्छ र छिट्टै पढाएको कुरा बुझ्न सक्छन्।

## अभिभावक र विद्यार्थी

जब हाम्रा बालबालिका ठूला हुँदै जान्छन्, उनीहरूको व्यवहारमा पनि परिवर्तन देखिँदै जान्छ। यतिबेला अभिभावकले छोराछोरीहरूको मनोभावलाई बुझ्न जरुरी हुन्छ। यहाँ भन्न खोजेको कुरा के हो भने अभिभावकको सोच एउटा र छोराछोरीको सोच अर्को हुन सक्छ। अभिभावकको धारणा हुन्छ- मेरा छोराछोरी मैले भनेकै बन्नु पर्छ, मेरा छोरा डाक्टर वा इन्जिनियर वा पाइलटै बन्नुपर्छ आदि। तर छोराछोरीको लक्ष्य यो नहुन पनि सक्छ। यसरी विचारमा फरक पर्न गयो भने तनाव सिर्जना भई गन्तव्य पहिल्याउन मुस्किल पर्छ। अभिभावकलाई लाग्न सक्छ - मेरा छोराछोरीले मैले भनेको मान्दैनन्, यत्रो दुःख गरेर हुर्काएँ, बढाएँ, पढाएँ। अब छोराछोरीलाई पनि लाग्न थाल्छ- यी मेरा बाबाआमा मलाई माया नै गर्दैनन्, मलाई बुझ्दैनन्, मेरो इच्छा, मेरो क्षमता, मेरो लक्ष्य के हो मतलब नै गर्दैनन्। यसरी अभिभावक र छोराछोरीको सोचमा फरक परेपछि उनीहरूले गलत बाटो पनि रोज्न सक्छन। यसर्थ, उनीहरूले भन्न खोजेको के हो ? पढ्न खोजेको के हो ? बन्न खोजेको के हो ? बुझेर उनीहरूको लक्ष्यमा पुग्नलाई सहजीकरण गरिदिने भूमिका अभिभावकको हुनुपर्दछ। अभिभावकले एउटा सर्त भने राख्नुपर्छ कि तिमीहरूको इच्छाअनुसार जे पढ्छौ पढ तर त्यसमा राम्रो गरेर शिखरमा भने पुग्नुपर्छ। छोराछोरीले पनि मेरा बाबाआमाले मेरै लागि यो भन्नुभएको हो भन्ने कुरा बुझ्नुपर्छ। बाह्र कक्षा पढिसक्दा उनीहरूले आफ्नो लक्ष्य (Goal) बनाइसकेका हुन्छन्। धेरैले आफ्नो क्षमता चिन्ने र आफ्नो काम आफैं गर्न सक्ने हुन्छन्। हरेक मान्छेले आ-आफ्नो क्षमता (Intelligence० लिएर आएको हुन्छ र म कुन क्षमता (Intelligence) लिएर जन्मेको हुँ भन्ने कुरा चिन्यो भने लक्ष्य पहिल्याउन सजिलो हुन्छ। हामी अभिभावकले पनि बालबालिकाका लागि शिक्षा आर्जनको स्वस्थ वातावरण तयार गरी मार्गदर्शन गर्न सक्नुपर्छ।

## अभिभावक र छोराछोरी वीचको बढ्दो दूरी

सञ्चार र सूचना प्रविधिको क्षेत्रमा ठूलो फड्को मारी आर्टिफिसियल इन्टेलिजेन्सको जमाना आइसकेको सन्दर्भमा हामी भने पुरानै सोच, संस्कार र विचारमा छौं। हाम्रो सोच र बालबच्चाको सोच मिल्दैन। जेनेरेसन ग्याप छ। हामी आफ्नो विचारबाट टसमस हुँदैनौं। हामी हाम्रो बालबच्चालाई निःस्वार्थ माया गर्दैनौं र हामीले जन्माए, हर्काए, बढाए र दुःख गरेबापत आश राख्छौँ। हामीले यो गरेबापत तिमीहरूले यो गर्नुपर्छ, त्यो गर्नुपर्छ भन्छौं। यस्तो गनगन उनीहरूलाई मन पर्दैन अनि सकेसम्म अभिभावकबाट टाढा रहने सोच बनाउँछन् र सँगै बसे पनि मनमुटाव भइरहन्छ। किन यस्तो भयो भनेर हामीले कहिल्यै प्रश्न गर्दैनौँ। अभिभावकको बुझाइ छोराछोरीले हाम्रो लागि केही गर्दैनन् भन्ने छ र छोराछोरीको बुझाइ आमाबाबुले हामीलाई माया गर्दैनन् भन्ने रहन्छ। यसले अभिभावक र छोराछोरीबिच दूरी बढ्दै गएको छ। अभिभावक र छोराछोरीबिच सम्बन्ध सुमधुर बनाउने हो भने हामीले आफ्नो सोच बदल्नुपर्छ। हामी परिवर्तन भयौं भने उनीहरू आफैं परिवर्तन हुन्छन्। हामीले जे गर्छौं, छोराछोरीले त्यही सिक्छन् किनकि मान्छेको दिमागको मिरर सेलले त्यसलाई नक्कल गर्छ। यसकारण छोराछोरी हामीले भनेको जस्तो बनाउनु छ भने हामी आफैं परिवर्तन हुनुपर्छ। हाम्रो बालबच्चालाई निःस्वार्थ माया गर्नुपर्छ।

## अभिभावक, विद्यालय र कलेजबिचको सम्बन्ध

विद्यार्थीका लागि पठनपाठनको उपयुक्त वातावरण तयार गर्न अभिभावकले सधैं ध्यान दिनुपर्छ। आफ्नो छोराछोरीको संगत कस्तो छ ? बानीव्यहोरा कस्तो छ ? रुचिका साथ पढिरहेका छन् कि छैनन् ? नियमित कलेज गएका छन् वा छैनन् ? भनेर अभिभावकले विद्यालय, कलेज प्रशासनसँग छलफल र समन्वय गर्न जरुरी हुन्छ। यसो भयो भने कलेजले पनि विद्यार्थीमाथि बढी जिम्मेवारीबोध गर्छ भने अभिभावकलाई पनि ढुक्क हुन्छ कि छोराछोरी सही बाटोमा छन्। उनीहरूको इच्छा र लक्ष्यअनुसारको विषय, अभिभावकको त्यसमा समर्थन र विद्यालय र क्याम्पसमा स्वस्थ वातावरण भएमा विद्यार्थीमा पढ्ने वातावरण सृजना भई लक्ष्यको शिखरमा पुग्न सजिलो हुन्छ। शिक्षकले पनि आफूलाई नयाँ प्रविधि र विषयवस्तुमा अद्यावधिक गरी मिहिनेतका साथ पठनपाठन गर्नु, गराउनुपर्छ।

## बालबालिका र स्वास्थ्य

बावबालिकाको स्वास्थ्यमा जति ध्यान दिनुपर्ने हो, हामी अभिभावकले त्यति ध्यान दिएको पाइँदैन। अहिले गाउँघरमा चाउचाउ, चाउमिन, कुरकुरे, चिप्स, चना चट्पटे, पानीपुरी, बिस्कुटजस्ता जंक फुड र कोक, फ्यान्टा, पेप्सी, रियल जुस आदि पेयपदार्थ प्रशस्त मात्रामा पाइन्छ। अब सोचौं, यस्तो खानेकुराले हाम्रो बालबालिकाको स्वास्थ्य कस्तो हुन्छ ? कहाँ गए हाम्रो गाउँको अर्गानिक तरकारी, फलफूल ? गाईभैंसीको दूध, दही, मोही, घ्यू ? ढिँडो, च्याँख्ला ? गाउँघरमा समेत चामल किनेर भए पनि भात मात्रै खाने, रोग लाग्नसाथ दबाई किन्ने र खाने। यस्तो प्रवृत्तिले हाम्रो बालबालिकाको स्वास्थ्य बिग्रँदै जान्छ। रुघा लाग्नासाथ र ज्वरो आउनासाथ हामीले औषधी खुवाइहाल्नु पर्दैन। हाम्रो शरीरले नै रोग प्रतिरोधात्मक शक्ति (Immunity power) उत्पादन गर्छ, रोग ठिक हुन्छ। औषधी खुवाइहाल्यो भने शरीरले रोग प्रतिरोधात्मक शक्ति उत्पादन गर्न पाउँदैन, साइड इफेक्ट बढ्छ अनि अरू रोग पनि लाग्न थाल्छ। रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु बुद्धिमानी हुन्छ। यसैले हामीले सन्तुलित भोजन, घरमै उत्पादन गरिएको चिजहरू, घरमै बनाएको खानाहरू, उपलब्ध भएसम्म

खानासँगै थरीथरीका फलफूल, सलादहरू, तरकारीहरू खानु र खुवाउनुपर्छ । खानामा लगानी गर्‍यौँ भने स्वस्थ होइन्छ, उपचारमा पैसा खर्च गर्न पर्दैन । यसको साथै व्यायाम, श्वासक्रिया (प्राणायम), मेडिटेसन (ध्यान) मा जोडिन सक्दा अझ शारीरिक र मानसिक रूपमा स्वस्थ हुन्छौँ । यदि हामी स्वस्थ भएर बाँच्ने हो भने हामीले हाम्रो जीवनशैलीलाई बदल्नै पर्छ । यी कुरामा ध्यान दिइएन भने शारीरिक तथा मानसिक रोगहरू लाग्न सक्छन् । यसैले स्वस्थ समाज निर्माणका लागि हामी विद्यार्थी, अभिभावक, विद्यालय सबैमा यी विषयको सचेतना हुनु जरुरी छ ।

## बालबालिकाको प्रश्न गर्ने क्षमता

बालबालिका तीक्ष्ण क्षमताका हुन्छन् । आठ वर्षसम्म त उनीहरू अवचेतन मनमा नै बाँचेका हुन्छन् । उनीहरूलाई कसले के भन्छ भन्ने मतलब नै हुँदैन । अवचेतन मन चेतन मनभन्दा पाँच हजार गुणाभन्दा बढी शक्तिशाली हुन्छ । यो विज्ञानले पत्ता लगाएको कुरा हो । यति बेला उनीहरू बढी जिज्ञासु हुन्छन् र प्रश्नमाथि प्रश्न गर्छन् । यो के हो ? कसरी भयो ? किन भयो ? तर हामी अभिभावक दिक्क मान्दै भन्छौँ कि चुप लागेर बस । कति सोधेको ? विद्यालयले पनि उनीहरूलाई उत्तर मात्र घोकाउँछ, प्रश्न गर्न दिँदैन । जति ठूलो हुँदै जान्छ, उत्तर घोक्ने बानीले प्रश्न सोध्ने क्षमता मर्दै जान्छ । हामी अभिभावक र विद्यालय भएर उनीहरूको प्रश्न सोध्ने क्षमतालाई मारिदिन्छौँ । सही प्रश्न गर्न सक्ने क्षमताले नै मान्छेलाई महान् बनाउन र सही ठाउँमा पुर्‍याउन मद्दत गर्छ । हुन्छ वा हुन्न भन्ने तागत प्रश्न सोध्ने क्षमताले नै दिने हुँदा हामीले बालबालिकाको प्रश्न गर्ने क्षमतालाई बढाउँदै लैजानुपर्छ ।

## व्यावहारिक शिक्षा

हाम्रो जुन शिक्षा प्रणाली छ, त्यो त्यति व्यावहारिक देखिँदैन । कुहिरोमा हराएका कागजस्तै बन्न पुगेका छन् अधिकांश शिक्षित वर्गहरू । पढाइ हेर्‍यो मास्टर डिग्री छ तर अब के काम गर्ने भन्ने अन्योलता व्याप्त छ । बेरोजगारी समस्या जहाँको त्यहीँ छ । अनि सोच्छन्- नेपालमा त केही नहुने रहेछ, विदेश जान पर्‍यो । विदेशमा चाहिँ के छ त ? विदेशमा जाने कति युवाहरू मानसिक तनावले आत्महत्या गर्न बाध्य भएका छन् । आफ्नो देशमा चाहिँ केही नगर्ने विदेशमा गएपछि चाहिँ जस्तासुकै काम गर्न तयार हुने । कसरी घुस्यो नेपाली युवायुवतीमा विदेशको मोह ? यिनीहरू जे छ विदेशमै छ भन्ने भ्रमबाट हिप्नोटाइज्ड भएका छन् । एउटा पक्ष यो छ भने अर्को पक्ष मान्छेको स्वभाव भीड जता गयो तेतै जाने भेडाजस्तो प्रवृत्ति छ । म किन जन्मिएँ ? म को हुँ ? मेरो क्षमता के छ ? म के गर्न सक्छु ? भनेर आफ्ना लागि सही प्रश्न (Right Question) गर्नु पर्दैन ? आफ्नो क्षमतालाई चिनेपछि त जहाँ बसे पनि जहाँ गए पनि प्रगति गरिहाल्छ नि । यस्तो अन्योलमा पर्नुका कारण व्यावसायिक शिक्षा नहुनु नै हो । प्रश्न उठ्छ- के हो त व्यावहारिक शिक्षा ? सरल भाषामा भन्दा व्यावहारिक शिक्षा त्यो हो, जुन शिक्षा आर्जन गरिसकेपछि अब म के गरौँ भनेर अल्मलिन नपरोस् । जसको जे क्षमता छ, त्यो क्षमताअनुसार आयआर्जन गर्न सकोस् ।

हाम्रो शिक्षा प्रणालीमा आठ वटा विषय सबैमा राम्रो गर्नै पर्ने, सबैमा राम्रो नम्बर ल्याउनै पर्ने, बच्चाहरूले सके पनि नसके पनि झोलाभरि किताब बोकेर जानै पर्ने र घोक्नै पर्ने बाध्यता छ । विद्यालय गयो शिक्षकशिक्षिकाको दबाब, घर आयो अभिभावकको दबाब । अब भन्नुस्- हाम्रो बालबालिकाको माइन्डको विकास कस्तो होला ? यसको परिणाम सकारात्मक कि नकारात्मक ? विभिन्न देशको शिक्षा प्रणालीलाई हेर्न सकिन्छ, उनीहरूले

झोलाभरि किताब बोकेर जानु पर्दैन, उनीहरूलाई व्यावहारिक कुराहरू विद्यालयमा सिकाइन्छ र पढ्नका लागि ठूलो तनाव पनि हुँदैन।

सुन्दा सामान्य लाग्न सक्छ- खाना बनाउने, तरकारी काट्ने, सरसफाइ गर्ने, बाँझो खेतबारी खन्ने, नाम्लो, डोको बुन्ने आदि घरायसी कामदेखि लिएर बालबालिकाको आफ्नो रुचिको विषय कुन हो ? त्यो विषयमा अब्बल हुनुपर्ने गरी शिक्षालाई व्यावहारिक बनाएर लग्यो भने उनीहरूको क्षमता प्रस्फुटन हुन्छ र यहींबाट देशलाई आवश्यक विषयविज्ञ, वैज्ञानिक, शिक्षक, डाक्टर, इन्जिनियर, प्रशासक, राजनीतिज्ञदेखि लिएर देशलाई आवश्यक पर्ने कलाकर्मी, मजदुर, किसानलगायत सबै क्षेत्रका जनशक्ति उत्पादन हुन्छन्।

बालबालिकाको स्वभाव, रुचि र क्षमताअनुसारको शिक्षा दियो भने उनीहरूले आफ्नो सिपको विकास गर्न सक्छन्। आफ्नो रुचिको विषय पढ्न पायो भने त्यो विषयको विज्ञ बन्न सक्छन् र उनीहरूमा म केही गर्न सक्छु भनी आत्मबल पनि बढ्दै जान्छ।

## निष्कर्ष

जसरी पानी सफा हुनका लागि मुहान सफा हुन जरुरी छ, त्यसैगरी असल सन्तान बनाउनका लागि अभिभावक नै असल हुनुपर्छ। अभिभावक र सन्तानबिचको सम्बन्ध नङ र मासुको जस्तो हुन्छ। एउटा राम्रो र स्वस्थ फल फलाउनका लागि जति मिहिनेत, लगानी र समय लाग्छ, त्यसैगरी एक असल सन्तान बनाउनका लागि पनि। हामीले आफ्नो सन्तानलाई पढाइदिएकै छौँ, चाहिएका कुरा दिएकै छौँ, आवश्यक खर्च दिएकै छौँ, त्योभन्दा के चाहियो भनेर सोच्छौँ तर हामी कहाँनिर चुक्छौँ भने हामी समय दिन सक्दैनौँ, समय नदिएपछि उनीहरू हामीबाट कतिखेर टाढा हुन्छन् पत्तै हुँदैन। आजका बालबालिका भोलिका कर्णधार हुन्, भोलिका तारा हुन्, देशको भविष्य उनीहरूकै हातमा हुन्छ। त्यसैले उनीहरूमा लगानी गर्न र उपयुक्त वातावरण बनाउन हामी चुक्नु हुँदैन। यसमा शिक्षक, अभिभावक, समाज र सिंगो राष्ट्रले गहन जिम्मेवारी र दायित्व पूरा गर्नुपर्छ। स्वस्थ र असल नागरिकबाट स्वस्थ परिवार निर्माण हुन्छ, स्वस्थ परिवारबाट असल समाज निर्माण हुन्छ र असल एवं मर्यादित समाजबाट समुन्नत देश बन्छ।

# सामुदायिक विद्यालयमा खस्कँदो शैक्षिक गुणस्तर र राजनीतिक हस्तक्षेप

सुदर्शन कार्की
चम्पादेवी-६

विद्यालय एउटा शैक्षिक संस्था हो । जहाँ व्यक्तिमा रहेको अन्तरनिहीत क्षमतालाई प्रस्फुटन गराउने र समयसापेक्षानुरूप शिक्षक र विद्यार्थीबिच सिकाउने र सिक्ने अभ्यास निरन्तर चलिरहन्छ । आजको दुनियाँमा विश्वमा जति पनि परिवर्तन र विकाश भएका छन्, ती सबै शिक्षाकै माध्यामबाट भएका छन् र त्यो शिक्षा प्रदान गर्ने प्रारम्भिक थलो नै विद्यालय हो । नेपालमा शिक्षाको विकास गुरुकुल परम्पराबाट थालनी भएर विस. १९१० सालमा जंगबहादुर राणाले आफ्ना सन्तानलाई अंग्रेजी शिक्षा पढाउने उद्देश्यले खोलिएको दरबार स्कुल नै नेपालाको पहिलो औपचारिक शिक्षालय बन्यो । राणाकालमा सर्वसाधारणले औपचारिक शिक्षा प्राप्त गर्न नसके तापनि प्रजातन्त्र स्थापनापछि सर्वसाधारणले पढ्न पाउने गरी थुप्रै सामुदायिक विद्यालय स्थापना भए । प्रजातन्त्रपछिको यो सात दशकभन्दा बढीको समयान्तरमा सामुदायिक र निजी गरेर हजारौं विद्यालय, विश्वविद्यालयहरू स्थापना भइसकेका छन् ।

नेपाल सरकारले विद्यालय तहको शिक्षा प्रादायकका रूपमा सामुदायिक र निजी विद्यालय गरी दुई प्रकारका विद्यालय अवधारणा विकास गरेको छ । प्रत्येक नागरिकलाई राज्यका तर्फबाट आधारभूत शिक्षामा पहुँचको हक हुने तथा उक्त तहको शिक्षाको अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक भएको विद्यालयलाई सामुदायिक विद्यालय र नेपाल सरकारबाट अनुदानप्राप्त नहुने (कुनै व्यक्ति वा निजी संस्थानले स्थापना गरिएको) विद्यालयलाई निजी विद्यालय भनेर परिभाषित गरेको छ । नेपाल सरकारले शैक्षिक सुधारका लागि विभिन्न समयमा थुप्रै नीति, ऐन, आयोग र समितिहरू गठन गरे तापनि हालसम्म नेपालले शैक्षिक क्षेत्रमा अपेक्षाकृत सफलता हासिल गर्न सकेको छैन । अझ दुःखद् कुरा त के छ भने, शैक्षिक सुधारका लागि भनेर राज्यले सामुदायिक विद्यालयहरूमा वार्षिक अर्बौं रकम लगानी गरिरहेको छ, शैक्षिक गुणस्तर बढेर सामुदायिक विद्यालयप्रति बढ्दो आकर्षण हुनुपर्ने ठाउँमा हरेक दिन खस्कँदो गुणस्तर र अभिभावक र विद्यार्थीमा घट्दो आकर्षण छ । यस विषयमा विभिन्न खालका चिन्तन बहस, छलफल भए तापनि सहकार्य, समन्वय, कार्यान्वयन भने कमै मात्र भएको देखिन्छ ।

कुनै पनि देशको शिक्षा नीति आफ्नै देशको मौलिकता, मूल्यमान्यता, दर्शन र दृष्टिकोणबाट निर्देशित हुनुपर्छ । स्थानीय स्रोतसाधन, मूल्यमान्यता, परम्परा र मौलिकताका आधारमा लागू गर्न सक्नु नै नेपालमा शैक्षिक क्षेत्रको प्रमुख समस्या हो । लामो समयसम्म एउटै पाठ्यक्रम र पाठ्यपुस्तक हुनु, प्रभावकारी योजनाहरू नबन्नु, विषयविशेषज्ञसँग सहकार्य, समन्वय कमी हुनु, स्पष्ट नीति नहुनुजस्ता विविध कारणले नेपालमा शैक्षिक क्षेत्र कमजोर र घराशायी बनेको छ । बिनायोजनाका लगानीहरू, दूरदर्शी नीति निर्माण नहुनुजस्ता कुराहरूले

सामुदायिक विद्यालयमा गुणस्तर खस्कँदै जानुले सामुदायिक विद्यालयहरूको चिन्ताजनक अवस्था छ। सिलाई सामग्री, प्रविधिमैत्री भौतिक पूर्वाधार, नवीन र खोजमूलक सिकाइ, समुचित व्यवस्थापन, प्रगतिशील सिकाइ, विद्यार्थी, अभिभावक, शिक्षक र व्यावस्थापकीय पक्षबिचको एकअर्कामा सहकार्य, छलफल, बहस र समन्वय विद्यालय सुधारका आधारहरू बन्न सक्छन् । त्यसैगरी निजी विद्यालयमा अंग्रेजी भाषा, प्रविधियुक्त सिकाइ, अतिरिक्त क्रियाकलाप, सुविधासम्पन्न भवन खेलकुदजस्ता विविध कारणले अभिभावक र विद्यार्थीको आकर्षण बढ्दो क्रममा छ। तर आजभोलि कतिपय अभिभावकले विद्यार्थीहरूको मनोभावना नबुजीकन देखासिखी र अंग्रेजी भाषा नै सर्वज्ञान हो भन्ने गलत बुझाइका कारण पनि निजी विद्यालयतिर आकर्षण बढेको देखिन्छ। आफ्नो सन्तानले विद्यालयमा पढ्नुपर्ने, सिक्नुपर्ने, गर्नुपर्ने कुराहरूतर्फ ध्यान नदिईकन अन्योलमै दौडिनाले पनि स्वयं विद्यार्थीहरूकै भविष्य अन्योलग्रस्त हुने देखिन्छ। त्यति मात्र नभएर नेपाली भाषाको उपेक्षा हुँदै भाषा लोप हुने र वैदेशिक रोजगार र शिक्षाका लागि विद्यार्थी विदेश पलाएन हुने खतरा पनि उत्तिकै देखिन्छ।

पछिल्लो, समय सामुदायिक विद्यालयहरूमा निजी स्वार्थका लागि विद्यालयलाई राजनीतिक थलो बनाइएको पाइन्छ। विद्यालय व्यवस्थापन समिति गठनदेखि लिएर शिक्षक सरुवा, बढुवा, दरबन्दी वितरण राहत, अनुदान र बालविकासको कोटामा ठाडो राजनीतिक हस्तक्षेप हुने गरेको छ। त्यति मात्र नभएर शैक्षिक सुधारका लागि विभिन्न सरकारी तथा गैरसकारी संस्थाको पूर्वधार र शैक्षिक सामग्रीका लागि विनियोजन गरेको रकममा समेत कमिसन र राजनीतिक भागबन्डा नै बन्ने गरेको छ। सामुदायिक विद्यालयहरूमा राजनीतिले यति ठूलो प्रभाव पारेको छ कि, विभिन्न संगठनको नाममा शिक्षकहरू नै विद्यालय परिसरभित्र खुलेआम राजनीति गर्दछन् । विद्यार्थीहरू पनि संगठनकै झन्डा नै विद्यालयमा तालाबन्दी, आन्दोलनदेखि पहुँचका आधारमा गुन्डागर्दीसमेत गर्छन् । विद्यालय व्यवस्थापन गठन प्रक्रियामा समेत राजनीतिक दलकै प्रतिनिधि चुनिन्छन् । राजनीति आफैंमा नराम्रो कुरा त हैन। हरेक देश र जनताको, भविष्य नै राजनीतिमा निर्भर रहन्छ तर विद्यालयजस्तो पवित्र भूमिमा निश्चित स्वार्थका लागि गुणस्तरीय शिक्षालाई नै ओझेलमा पारेर राजनीति गरिनु योभन्दा दुःखद् कुरा अरू केही हुन सक्दैन । विद्यार्थीहरू नै चेतना र सिर्जनाका खानी हुन् । भविष्यमा उनीहरूबाट दुनियाँ सञ्चालित हुन्छ। यति धेरै फराकिलो र विशिष्ट दायरा भएको संस्थामा राजनीति मिसाउनु नै देश र जनताको भविष्य अन्योलग्रस्त र खतरा हुनु हो।

सामुदायिक विद्यालयहरूमा भएका समस्याग्रस्त नीति र शिक्षा प्रणालीलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गराउनु आजको आवश्यकता र समस्या समाधानको आधार हो । हामीले पाठ्यक्रम र पाठ्यपुस्तकलाई व्यावहारिक, व्यावसायिक र वैज्ञानिक तवरले अगाडि बटाउन सक्यौं भने सामुदायिक विद्यालयले गुमाएको विश्वसनियताको साख पुनः ब्युँतन सक्छ। विद्यार्थी, अभिभावक, शिक्षक, विषय विशेषज्ञ र व्यवस्थापकीय पक्षबिच आपसी, सहकार्य, समझदारी, छलफल, बहस चिन्तन गर्दै सबैले आफ्नो ठाउँबाट आत्मविश्वास र संकल्पका साथ सामुदायिक विद्यालयलाई गुणस्तरीय बनाउन पहल प्रयत्न गरियो भने निजी विद्यालयमा भन्दा गुणस्तरीय शिक्षा प्रदान गराउन सकिन्छ।

# प्रिय ज्ञान ज्योति

अम्बिका थापा
चम्पादेवी-६

प्रिय ज्ञान ज्योति !

तिम्रो लालनपालन अनि रेखदेखका लागि

याद छ मलाई छरछिमेक सँगसँगै आफ्नै घरकालाई घुर्काउनुपरेको थियो

बिर्सियौ कि सम्झाना छ कुन्नि तिमीलाई यतिसम्म बलियो र मजबुत बनाउन

हामीले १/२ हैन धेरैसँग पाखुरी सुर्कायाउनुपरेको थियो

अरू त अरू नै भइहाले के कुरा गरौं र अहिले

त्यति बेला

आफ्ना सन्ततिलाई पढाउनुपर्छ भनी घरमै गई अभिभावकलाई फुर्कायाउनुपरेको थियो

गाउँमा क्याम्पस चलाउन सम्भव नै छैन भनी चिया गफसँग चोकचोकमा हासीमजाक उडाउनेहरूलाई,

सम्भव छ भनी बुझाउन रिसाएको गहले थर्काउनुपरेको थियो

साँच्चै हो ज्ञान प्रकाश तिम्रो लालनपालन अनि रेखदेखका लागि याद छ।

# मातृभूमि

गिरिराज सुवेदी
चम्पादेवी-७, ओखलढुङ्गा
हालः कपन, काठमाडौं

ढुङ्गा ओखलको विशाल छ जहाँ, नेपालको गौरव ।
अग्ला शैलहरू सिरान जसका, यो भूमिको सौरभ ॥
लेकाली वनकुञ्ज शोभित लता, माधुर्यता सुन्दर ।
प्यारो लाग्दछ जन्मभूमि जहिले, ताते गरेको घर ॥

रम्दै स्वर्गसरी उषा किरणमा, आभा सुनौलो छरी ।
प्यारो यो हिमशैलको चहकिलो, मुस्कानमा माधुरी ॥
कोशी बग्दछ पूर्वमा हिमजलै, दुग्धैसरी छैन र ?
प्यारो लाग्दछ जन्मभूमि जहिले, ताते गरेको घर ॥

रात्माटे पोकली सुरम्य झरना, लोभिन्छ साह्रै मन ।
पाखोभीर हराभरा छ जहिले, हाम्रो यही हो धन ॥
यस्तो सुन्दर स्वर्ग मिल्दछ कहाँ, यो भूमिभन्दा पर ?
प्यारो लाग्दछ जन्मभूमि जहिले, ताते गरेको घर ॥

लाली पोत्छ गुराँसले पनि यहाँ, पाखा पखेराभरी ।
कस्तूरी पनि नाच्छ तीव्र गतिमा, वास्ना अनेकौं छरी ।
वासन्ती वन कोइली मधुरता, के गीत गुन्जन्न र ?
प्यारो लाग्दछ जन्मभूमि जहिले, ताते गरेको घर ॥

श्रीचम्पा रमणे प्रसिद्ध ककनी, आस्था छ मन्दिरमा ।
मेला कात्तिकको उजेली तिथि हो, एकादशी पर्वमा ॥
भेला हुन्छ अपार भक्तजनको, ढाकी बजारै भर ।
प्यारो लाग्दछ जन्मभूमि जहिले, ताते गरेको घर ॥

छाँगो निर्मल झर्छ छङ्छङ गरी, पोखिन्छ मोती सरी ।
लाएको कपडासमेत सबले, भिज्ने अनौठो गरी ॥
ओभानो कसरी बनिन्छ क्षणमै, आश्चर्य कम्ता छ र ?
प्यारो लाग्दछ जन्मभूमि जहिले, ताते गरेको घर ॥

देवी पूजन गर्दछन् जनहरू, राखेर चोखो मन ॥
चाहेको वरदान मिल्छ सहजै, टर्छन् सबै बन्धन ॥
तार्छन् फूल अनेक भक्तजनले, झल्किन्छ पाखोभर ।
प्यारो लाग्दछ जन्मभूमि जहिले, ताते गरेको घर ॥

बारी खेत अनेक दृश्य गतिला, पाखा र मैदानमा ।
बस्ती धेर मिलेर शोभित भयो, झन् शैलका काखमा ॥
डाँडामाथि छ कोलको चउरमा, बस्ती झनै सुन्दर ।
प्यारो लाग्दछ जन्मभूमि जहिले, ताते गरेको घर ॥

पूर्वैतर्फ बहन्छ स्वच्छ जलले, खोलो पताले भनी ।
अर्को पश्चिमतर्फ मन्द गतिले, शेरा बगेको छ नि ॥
हाम्रो गाउँ छ बीचमा प्रकृतिको, भूस्वर्गझैं सुन्दर ।
प्यारो लाग्दछ जन्मभूमि जहिले, ताते गरेको घर ॥

बस्तीको तलतर्फ फाँट रसिलो, देखिन्छ मैदानमा ।
हेरौँ लाग्छ हराभरा छ जहिले, यो शैलको काखमा ॥
शेराकै जलले अचम्म सँगले, माटो भयो उर्वर ।
प्यारो लाग्दछ जन्मभूमि जहिले, ताते गरेको घर ॥

बस्ती उत्तरको पहाड रसिलो, गाई चरेको वन ।
सिस्नेको जरुवा छ अमृत सरी, पानी पँधेरो झन ॥
हेर्दामा वनकुञ्ज शोभित छटा, के प्यास मेटिन्न र ?
प्यारो लाग्दछ जन्मभूमि जहिले, ताते गरेको घर ॥

पूर्वै गाउँ रमाइलो छ बहुतै, त्यो फूलबारी घर ।
त्यो बालापनको उमेर अहिले, झल्कन्छ आँखी भर ॥
शेराको नजिकै छ कात्तिके उँभो, घोराखरी सुन्दर ।
प्यारो लाग्दछ जन्मभूमि जहिले, ताते गरेको घर ॥

जिल्ला पश्चिममा बगी लिखुनदी, सीमा बनेको छ नि ।
सुन्कोशी सँगमा प्रवाह जलको, मिल्दा ठुलो हुन्छ नि ॥
कोशीकै तटमा छ सिल्खु मलिलो, के धान झुल्दैन र ?
प्यारो लाग्दछ जन्मभूमि जहिले, ताते गरेको घर ॥

रक्षा खातिर नर्वदेश्वर बसे, सीमा नदीकै तट ।
आस्था मन्दिरमा छ भक्तजनको, घण्टा बजेकै छ त ॥
मागेको वर मिल्छ ध्यान शिवको, चोखो मनैले गर ।
प्यारो लाग्दछ जन्मभूमि जहिले, ताते गरेको घर ॥

मार्गेकृष्ण चतुर्दशी तिथि यहाँ, मेला ठुलो लाग्छ नि ॥
भेला हुन्छ अपार पुण्य थलमा, पर्वैहरूमा पनि ॥
पुर्खाको धरती भुलिन्छ कसरी, के सम्झना छैन र ?
प्यारो लाग्दछ जन्मभूमि जहिले, ताते गरेको घर ॥

# नरम आघात

गोपाल सुवेदी
चम्पादेवी-७ कोलचौर

बरू कर्मले सुगन्धित बनाउँछन् निष्पट रातहरू
यहाँ गुनासो बोकेर बाँच्दैनन् पारिजातहरू

रातभर जूनको दुःख सुनेपछि - बिहानपख
आँसुले भिजेर बसेका छन् धर्तीमा पातहरू

आँसुले भिजेकाहरूलाई के फरक पर्छ र ?
आउँछन्, बर्सिन्छन्, फर्किन्छन्, वर्षात्‌हरू

धेरैपछि तिमीलाई सम्भिएँ, यतिकै बग्न पुगेछु
कति नरम रहेछन्, तिमीले दिएका आघातहरू

# मनोद्वेग

चोलेन्द्रप्रसाद दाहाल
मोलुङ-२, लामीडाँडा, ओखलढुङ्गा

कति स्वप्न थिए उसै रहे
कति वाचा अब बिर्संदै गएँ
अब गर्छु भनैं न ता गरैं
दिनका पत्र सधैं नयाँ भए।

गुरुका पदमा परेर म
गुरुकै संगतमा रहेर म
नित कर्म चिनूँ शुभाशुभ
शुभ बाटातिर लाग्छु है अब।

अब अक्षर बीज छर्छु म
श्रमको फूल फुलाउँदै छु म
नव गीत कथी म गाउँछु
सब साथीकन प्रीत लाउँछु।

नित प्रीत छरी समाजमा
सृजना छल्किरहोस् दिमागमा
समता ममता कताकता
धन खोज्ने नबनूँ जतातता।

जगमा मनको तुलो लिई
नित तौलेर नयाँ प्रभा दिई
छ जुनी अनमोल चिन्नुछ
भवमा नूतन गोल गर्नुछ।

# आन्तरिक यात्रा

जानुका थापा
चम्पादेवी -७, फूलबारी

डुबौं डुबौं आफैभित्र, खुसी भेटिन्छ नि
आफैंलाई बुझ्न सके, दुःख मेटिन्छ नि ।
संसारको माया, मोह, दुई दिनलाई हो नि
डुब्न सके आफैभित्र, प्रेम जन्मन्छ नि ।।

इच्छामाथि इच्छा गरे, दुःख मात्र आउँछ
आवश्यकता केहो भनी, पहिल्याउनुपर्छ ।
ठूला मान्छेभन्दा पनि, असल बन्नु छ नि
असल मान्छेहरूबाटै, संसार बदलिन्छ नि ।।

बुझ्ने मात्र हैन हेर, बदलिनु छ नि
आफैंबाट परिवर्तन, सुरु गर्नु छ नि ।
सुखी मान्छे बन्नु छ नि, दुःखी बन्नु छैन
सुख हुन्छ मनलाई बुझे, धन सम्पत्ति चाहिन्न ।।

दोष मात्र देख्ने आँखा, गुण देख्न थाल्छन्
देखावटी, आडम्बरी, खोललाई फाल्छन् ।
बोक्रा मात्र हेर्ने चक्षु, गुदी देख्न सक्छन्
दर्शक मात्र बन्ने व्यक्ति, द्रष्टा बन्न सक्छन् ।।

फुल्न सके मात्र यहाँ, सुवास छर्न सक्छन्
बल्न सके मात्र यहाँ, ताप दिन सक्छन् ।
ध्यान, ज्ञान जोड्दै गए, मान्छे बन्न सक्छन्
सात्विक कर्म गर्दै गए, संसारले चिन्छन् ।।

# सपनाको सहरसम्म

दिनेश खड्का
पूर्वविद्यार्थी एसएलसी-२०६९

स्कुल छाड्ने त्यो दिन...
आजबाट बिदा भयो एउटा, तस्बिर पारेर खिचिक्क
पीडा सबै मनमा लुकाई, हाँस्दै खिचिक्क ।

अलि परको यात्रापछि .......
म रोकिए, यात्रा पनि रोकियो
अघि सर्न सकिनँ म
सायद, तिमीहरूको यादहरूले तर्साएर होला
म तर्सिएँ
तिमीहरूबिनाको बाटोले मलाई गिज्याउँछ
तिमीहरूबिनाको यो यात्राले मलाई सताउँछ
मेरा दुई पाङ्ग्राहरू यही मसितै थन्किरहेछन्
यसलाई अघि बढाऊँ या बिसाइदिऊँ ?
भन ! खै के गरूँ ?
आफ्नै प्रश्नको उत्तरमा ....
अघि बढिरहेको मेरो प्रतिबिम्ब
फूलैफूल बर्सिंदा ओझेल भइदिन्छ
तिमीहरूलाई याद छ ?
हामीले यही फूलैफूलले सिँगारेर
भविष्यका हाम्रा घरहरू बनाएका थियौँ
पछि जवानीमा यसैको सिरक बनाई हामीले ओढेका थियौँ
तर आज यही सादा चित्रजस्तै बनेको छ
मेरो चलचित्र
म आत्तिन्छु, म झस्किन्छु
मुटुभित्र चिसिएर बसेका तिमीहरूका यादहरू
सम्झनाको रापले धूँवा बनी छरिदिन्छ हरेक अंगभरि
मुख खोल्दा पनि तिमीहरूको याद बाफ बनी निस्किदिन्छ
म के गरूँ ?

मलाई फूल बन्न मन थियो
किनकि
फूलहरू, उम्रिन्छन् र मुस्कुराउँछन्
फुल्छन् र मुस्कुराउँछन्
फक्रिन्छन् र मुस्कुराउँछन्
झर्छन् र मुस्कुराउँछन्
फूलहरू....
खडेरीको अभावमा पनि सहन्छन्
असिनाको चोट पनि पचाउँछन्
वर्षाको वेगमा पनि नाच्दछन्
र... तुसारोको पीडामा पनि सुगन्ध छर्छन्
फूलहरू ...कहिल्यै झिँजिंदैनन्
कहिल्यै रिसाउँदैनन्
कहिल्यै गुनासो गर्दैनन्
कहिल्यै अभिमान गर्दैनन्
सधैँ एकनास खुसी रहन्छन्
त्यसैले मलाई फूलजस्तै बन्नु छ ‼

जब एउटा सपना बोकी सहरतिर लागेँ म
तर....यहाँ त
कुल्चनेहरूले कुलचिएको माटो देख्दैन
अन्याय गर्नेहरूको जड मुठ्ठी देख्दैन
भोकै मर्नेको भोक
अन्न, गोदाममा थुपार्नेको थोक
सडकको चिसोमा मर्नेको शोक
अहँ कत्ति पनि केही देख्दैन
यो अन्धो सहरसँग मुटु नै छैन
यसले कत्ति पनि चासो दिँदैन
अक्सिजनको मास्कभित्र पहुँचदार देख्दैन
सर्वसाधारणको फोक्सोले गुहारेको आर्तनाद देख्दैन
आईसीयूमा को छ, भेन्टिलेटरमा को छ
चिसो भुइँमा को छ, अस्पतालको गेटमा को छ
कसको हातमा सिटामोल छैन
कसको साथमा भोलि मास्क फेर्ने १० रुपैयाँ छैन
यो कहालिलाग्दो प्रहरभित्र
बजारभित्रको कालोबजार देख्दैन, लुटतन्त्र देख्दैन
अहँ कत्ति पनि केही देख्दैन
यो अन्धो सहरसँग मुटु नै छैन
यसले कत्ति पनि चासो दिँदैन ....!
त्यसपछि "मेरो सपना मऱ्यो "
देख्दै छु भविष्य धमिलो, जब समय गयो खेर
लाग्दै छ मलाई रमाइलो, तेही रात र अँध्यारो
के गर्छौं यहाँ ज्ञानको कुरा, जब जानेर पनि लाग्यो सबै अपुरो
कसरी बन्न सक्छु र म प्यारो, यहाँ पैसा कमाउनु नै छ धेरै गाह्रो
कोही छैन परिवार हेर्ने मेरो, कसरी बुझाँऊ त्यो रिनको तिरो
घर चलाउँथे होला केही हजारले, तर दिँदैन यो महँगो बजारले
कुरा गऱ्या हैन बेरोजगारको, यहाँ रोजगारिलाई पनि छ दुःख साह्रो
काम उही मिहिनेत तेही हो, तर थोरै कमाइले मेरो सपना माऱ्यो ।

"हजार हजार पर्वतहरू"

हजार हजार पर्वतहरू छेक्दै छेक्दै आएँ
पाइलाभरि आफ्ना ती सपनाहरू देख्दैदेख्दै आएँ
परिवारसँगको मेरो तनको दूरी सयौं कोस छ
आँखाभरि तस्बिर देख्दै देख्दै आएँ

बाटोभरि भेटिएका बरपीपल र चौतारीमा
विश्राम लिँदै वियोगको घाउ सेक्दैसेक्दै आएँ
खानेमुखलाई जुँगाले छेक्दो रहेनछ
च्वास्स घोच्ने काँडामाथि टेक्दैटेक्दै आएँ ।

# बालापन

दिलीप पहाडी
निमाशि, नेपाली
हर्कपुर मावि

कागजका नाउहरू
कति बनाउँथ्यौं हामी
फूर्तिसाथ चढेर त्यसैमा
कल्पनामा कहाँ मात्र पुगेनौं ?

अघाउँजी परिभ्रमण गरेर सारा विश्व
फर्केर फेरि उही किनारमा आउँदै गर्दा-
खोलाका साना छालहरूमा
अकालमा मर्थ्यौं हामी डुङ्गा पल्टिएर।

ढलपल डुँगाजस्तै थियो हाम्रो जीवन
यसरी बितेको हो बाबु, हाम्रो बालापन।

निदाउन मन लागेमा-
हामी आफैं गाउँथ्यौं लोरी
गुडाउन मन लागेमा कुनै रहर-
हाम्रा गोडाहरू आफैं बन्थे साइकल

उडाउन मन लागेमा खुसीको चङ्गा
आफैं उडिदिन्थ्यो हाम्रो मन
कल्पनामा सबै साकार हुन्थे हाम्रा सपना
यसरी बितेको हो बाबु, हाम्रो बालापन।

भाँडाकुटी बनाएर खेल्थ्यौं हामी
तारा, जून, आकाश र बादललाई

हाम्रो एक इसारामा
तारा झर्थे हाम्रो पोल्टामा
हाम्रो एक अनुरोधमा
जून ओर्लन्थ्यो अँजुलीमा

हामीले जहाँ बोलायो
त्यहीँ आउँथ्यो बादल
बाँसझैं नुहेर भुँइमा
बुई चढाउँथ्यो पहाड।

सुकीजाने शीतलाई पनि घामबाट गर्थ्यौं जतन
यसरी बितेको हो बाबु, हाम्रो बालापन।

कसैले नदेखेको जलपरी- देख्थे हाम्रा आँखाले
कसैले नभेटेको सञ्जीवनी- भेट्थे हाम्रा गोडाहरूले

कसैले नचढेको वायुपङ्खी घोडा- चढ्थे हाम्रा इच्छाहरूले
कसैले नसुनेको दन्त्यकथा- सुन्थे हाम्रा कानहरूले।

हामी हुर्केर बालकजस्तै हुँदैथ्यौँ झन्झन्
यसरी बितेको हो बाबु, हाम्रो बालापन।

नाङ्गा पैतालाले कति चहाथ्र्यौं भीरपाखा
धारिला चट्टानले कहिल्यै बिझाएनन् हामीलाई ,
काँडाले हाम्रो कोमल दिल
कहिल्यै दुखाएन
निःवस्त्र देखेर हाम्रो शरीर
सिरेटो कहिल्यै बौलाएन
उपहार दिइरह्यो गिट्ठाभ्याकुर
आफ्नो छाती खोस्रिए भनेर पृथ्वी रिसाएन।

हिलोलाई पनि हामी रंगीन देख्थ्यौँ
रातलाई पनि हामी दिन देख्थ्यौँ
अरूहरू देख्थे ढुङ्गालाई स्थिर र निर्जीव
हामीचाहिँ-
कुनै काममा ढुङ्गा पनि तल्लीन देख्थ्यौँ।

पहाड, नदी, वन, पवन
सबै वाचाल थिए
उनीहरूसँग उत्तर थिए
हामीसँग सबाल थिए

प्रकृतिजस्तै थियो हाम्रो पनि हाँसो र रोदन
यसरी बितेको हो बाबु, हाम्रो बालापन।

# बधाई छ दुनियाँ

तेजप सुवेदी
चम्पादेवी-७, ओखलढुङ्गा (हाल काठमाडौं)
एसएलसी-२०६९

मलाई थाह छ, कि,
कसैले मरेर केही लाँदैन,
मरिहत्ते गरेर केही लाँदैन,
सबै रित्तो आउँछन्,
रित्तो जान्छन्,
तैपनि,
तिमीजस्तै,
म कमाउन, रमाउन,
समाउन, बचाउन खोज्छु,
मरेर के-के नै लाने जसरी,
लावालस्करसहित जाने जसरी
मरिहत्ते गरिरहेको छु, तिमीजस्तै
ठ्याक्कै तिमीजस्तै,
कमाउन आफैं मरिरहेको छु,
त्यसैले,
बधाई छ दुनियाँ,
मलाई पनि तिमीले,
आफूजस्तै बनाउन सफल भएका छौ

मलाई थाहा छ,
एक छन् भगवान्,
एक छ धर्म,
आउने-जाने बाटो एक हो,
तिमीले धेरै बनाएका हौ,
व्यापार चलाएका हौ,
म हिन्दु हुँ,
मलाई हिन्दु छोडेर अन्त जाने आँट आएको छैन,
तिमीले हरेक धर्ममा, मुक्तिको मार्ग देखाएका छौ,
दुनियाँ मानिरहेको छैन,
सत्य ठानिरहेको छैन,
म त्यसमध्ये एकमा पर्छु,
मलाई थाह हुँदाहुँदै,
तिमीले बनाएकै धर्ममा अल्भिरहेको छु,
दुनियाँ,
तिमीलाई हार्दिक बधाई छ।

तिमीले गीता पढाएनौ,
बाइबल घोकाएनौ,
कुरान सिकाएनौ,
म पनि तिम्रो औपचारिक शिक्षाको प्रमाणपत्र लिन दौडिइरहेको छु,
तिमीजस्तै,
तिम्रो शिक्षाले मोक्षको बाटो देखाउँदैन,
मलाई थाहा छ,
मोक्षको बाटो लेखिएका पुस्तक तिमी पढ्न दिँदैनौ,
म तिमीले बनाएका सूत्रहरू रट्न लागेको छु, घोक्न

लागेको छु,
मलाई थाहा छ,
मसँग सूचनाहरू धेरै छन्, ज्ञान अलिकति पनि छैन,
मसँग जानकारी छ, मसँग बोध छैन,
मलाई थाहा छ,
यी तिम्रा शिक्षाहरूले मानिस हुनुको औचित्य सिकाउँदैनन्,
शिक्षाको प्रयोगले तिमीले केवल तिम्रो कामको लागि चाहिने डाक्टर, पाइलट, इन्जिनियर, यस्तैयस्तै उत्पादन गर्छौ,
तिमीलाई जस्ता मान्छे चाहिन्छ, त्यस्तै,
तिम्रा शिक्षाले आत्मोन्नतिका लागि कहीँ कतै बोलेको छैन,
माफ गर "म" तँ पनि फसिसकेको छस्, दुनियाँमा,
दुनियाँले तँलाई फसाइसकेको छ,
बरु भन,
बधाई छ दुनियाँ !

आज तिम्रो र मेरो युद्ध चलेको छ,
तिमीले भौतिकता दिएका छौ,
म आध्यात्मिकता खोजिरहेछु
तिमीले सुख दिएका छौ,
म खुसी खोज्न निस्किएको छु,
तिमीले तातो दिएका छौ,
मैले न्यानो चाहिन्छ भनेको छु,
तिमीले चिसो दिएका छौ,
मैले शीतलता खै भनेको छु,
तिमीले सम्पत्ति दिएका छौ,
म प्रेम देऊ भन्छु,
प्रेम लैजाउ भन्छु,
तिमीले विवाहमा दिएका छौ,
म प्रेम कहाँ छ भन्छु,
तिमीले श्रीमती दिएका छौ,
म प्रेमिका खै भन्छु,
तिमीले पैसा दिएका छौ,
म मूल्य देऊ भनिरहेछु,
म ज्ञान मागिरहेछु,
तिमी सूचना दिन तयार छौ,
म भोक मागिरहेछु,
तिमी खाना दिन तयार छौ,
म निद्रा मागिरहेछु,
तिमी ओछ्यान दिन तयार छौ,
तिमी परम्परा दिन्छौ,
मैले वैज्ञानिकता मागिएरहेको बेला,
तिमी धर्म देखाउँछौ,
मैले धार्मिकता मागेको बेला,
एक दिन तिमी,
मृत्यु दिनेछौ,
म चिच्याएर भन्नेछु,
मोक्ष खै ???
तिम्रा यत्रो वर्षौंको सभ्यताले जीवनको मोक्ष कसरी हुन्छ, पत्ता लगाउन सकेन ?
तिम्रो र मेरो यो युद्ध दिव्य आदिकालदेखिको हो,
अझै अनन्तकालसम्म चल्नेछ,
दुनियाँ तिमीले मलाई अल्झाउन सकेका छौ,
अझै तिम्रो नै जित भएको भन्ठान्छौ भने,
बधाई छ दुनियाँ
धेरै धेरै बधाई छ,
म तिमीले भनेको, चाहेको जस्तै बनेको छु,

# विसंगत जीवन

नवराज घिमिरे

जीवन तरंग, असमझदारीका तनावहरू,
अप्रत्याशित पीडाहरूले बाँधित एउटा धुन।
दुःखको गीतमा जोडिएका खुसीका टिपोटहरू,
एक यात्रा जहाँ सद्भाव अक्सर गलत।

अराजकताको लय, असन्तुष्टि गहिरो,
चिरबिराहट आवाज, सानोतिनो आशा।
अव्यवस्था माध्यम, लचिलोपनको हेराइ,
असङ्गत नोटका लागि नदेखिने सपना।

समयको भूलभुलैया, प्रतिध्वनिको भिडाइ,
विरोधाभासको झुन्डयाइ, जीवन्त फ्ल्यास।
असन्तुष्ट तारहरू, एक प्रमाण स्पष्ट,
जीवन अप्रत्याशित मार्ग खाल्डाखुल्डी।

झगडाको अँगालो, लचिलोपन फस्ट्याइ
अराजकतामा पनि, आत्मा पुनर्जीवित।
कठिनाइ गीत, कठोर साहसी भए पनि,
कथालाई आकार दिन्छ, अकथित कथा।

# महाकवि

प्रकाश विमिल

भव भाव बिच छाल उठाउँछ जो
मन झिकी अति दुर गुडाउँछ जो

मैला र सफा सब वस्त्र दिलका
अति प्यार गरी गरी लगाउँछ जो

रिसराग बिना लोभ क्षोभ बिना
सब तात्त्विक अर्थ खुलाउँछ जो

रची एक दुनियाँ नभ मण्डलमा
रवि पारी पछिपछि नचाउँछ जो

अहा ! जाउ पुज पाउ प्रणाम गरिद्यौ
बुझ ईश सरी ! ऊ महाकवि हो।

# मृत्यु होस् त त्यस्तो

महेशकुमार सुवेदी
सहायक क्याम्पस प्रमुख
ज्ञान ज्योति सामुदायिक क्याम्पस

(१)

सुनसान स्तब्धता विह्वलता अनि हृदयविदारक
यी र यस्तै पृष्ठभूमि
लास लम्पसार छ, निष्कपट निर्जीव पार्थिव र जड
कलेवरमा ।
दिन बित्दै छ असीम छटपटाहटमा
भत्भति सल्किँदै छ ज्वारभाटा हृदयाकाशमा
खाली ओछ्यान तड्पिँदै छ एकान्तमा
अनायास,
एक दिव्यपुरुष धकेलिँदै छ मृत्युको कालकोठरीमा ॥

(२)

दुनियाँ सारा अचेत छ
आँसु र कोलाहलको चौपट्टी छ
घर शून्यतामा दिग्भ्रमित भइरहेछ
अनि गुहार र पुकारको आग्रहमा रात व्यतीत छ
देशका कुनाकाप्चा र कन्दरा शोकमग्न छन्
मानौँ, समूल विश्व नै दिवास्वप्नभित्र जलिरहेछ

(३)

पार्थिव शव परिक्रमित छ सारा सहर
बिछिप्त भीडहरूका मुखारबिन्दमा राम नाम छाउँदै छ
कोलाहलबिच पीडाबोध चिच्याहट र बेचैनी छ

युग सदासदा रोइरहेछ तिनको स्मरणमा
जसका वायुपङ्खी मन र चेतना
स्वःस्फूर्त अटल पहरेदारी
स्वार्थनामेटता र स्वसंकल्पित वीरताको अविछिन्न
शृङ्खला ॥

(४)

एक महापुरुष र युगको अन्त्य भएको छ
आशा, भरोसा र सपनाको विनाश भएको छ।
जोड-घटाउको गणितमा अपार रिक्तता छाएको छ
मलीन अनुहारहरू टुहुरा बनिरहेछन्
अविरल अश्रुधाराहरु फगत खनिइ रहेछन्

(५)

लास दन्किँदै छ अग्निज्वारमा
भावविभोर छ दुनियाँ छटपटीमा
धर्तीको मूल सुक्दै छ भासिँदै छ
दिव्य त्यो कान्ति लुक्दै छ मासिँदै छ॥
आसको दियो जल्दै छ छेकिँदै छ।
छहारी रूख ढल्दै छ रेटिँदै छ॥
अनि,
अनि देख्नु मात्र छ खरानी।
सिर्फ खरानी
केवल खरानी।

# सम्झनामा त्यो असार १५

श्रीकृष्ण सुवेदी
चम्पादेवी-७, कोलचौर, ओखलढुङ्गा (हाल भक्तपुर)

२०७९ सालको असारको मध्य समय थियो। असार १२ गते थाहा भयो कामको सिलसिलामा ओखलढुङ्गा जिल्लाको हिमाली क्षेत्र खिजीदेम्बा गाउँपालिका-४ खिजीकातीको स्वास्थ्य चौकीसम्म पुग्नुपर्ने भयो। मेरो गाउँ चम्पादेवी-७ मा भए पनि खिजीदेम्बाको यात्रा भने पहिलो चोटि थियो। मध्य असारको समय कच्ची सडक ओखलढुङ्गादेखि रामपुर, प्राप्चा, श्रीचौर, खिजीफलाटे हुँदै खिजीकाती पुग्नुपर्ने थियो। नयाँ गाउँठाउँ सम्झिँदा रमाइलो लागे पनि मनमा डर भने असाध्यै लागेको थियो। मध्य बर्खाको समय, कहिल्यै यात्रा नगरेको कच्ची सडक, कतै बिचमा पुगेपछि बाढीपहिरोले गर्दा बाटोमै अलपत्र परिने हो कि ? कतै वन जंगलमा जंगली जनावरको आक्रमणमा पो परिने हो ? मनमा डर अनि नयाँ बाटोको यात्रा कल्पना गर्दै असार १३ गते ओखलढुङ्गाको कोठामा निदाइयो।

२०७९ असार १४ गते विहान म र एक जना दाइ बालकुमार श्रेष्ठ ओखलढुङ्गा रमाइलो डाँडाबाट तातो थुप्पाको सुप खाएर मोटरसाइकलमा खिजीकातीको यात्रामा निस्कियौँ। रामपुरसम्म त पक्की सडक यात्रा गरिराखेकै बाटो केही समस्या थिएन। असारको मौसम ओखलढुङ्गामा रातितिर सिमसिम पानी परेर चिसोचिसो नै थियो। दुवै जना हेल्मेट, ज्याकेट लगाएर न्यानो गरी निस्केका हामी मोलुङ खोला तर्दा मकैबारीको गर्मी र विहानको घामले भेट्दा थोरै गर्मी भएजस्तो भयो। त्यसपछि प्राप्चा हुँदै श्रीचौरतिर उकालो लाग्दा चिसोचिसो बढेजस्तै हुँदै गयो। असारको चिसोको त खासै मतलब थिएन रामपुर सकिनेबित्तिकै सुरु भएको कच्ची बाटोको अत्यन्तै डर थियो। प्राप्चाबाट माथि लागेपछि उकालो बाटो त्यही माथि रातो माटो अनि अघिल्लो रातिको पानी अझ हामीभन्दा अगाडि ट्र्याक्टर हिँडेको रहेछ। बिस्तारै उकालो लाग्दै जाँदा मोटरसाइकलको टायरमा हिलो लागेर उकालो चढ्न मुस्किल हुँदै थियो।

धेरैजसो ठाउँमा बालकुमार दाइ झरेर मोटरसाइकल ठेल्दै अगाडि बढ्दै हामी जसोतसो श्रीचौर पुगियौँ। त्यहाँ वर्कसपमा सामान्य चेकजाँच गरेर टायरमा लागेको हिलो निकाल्यौ। त्यहाँ पुग्दा लगभग बिहानको १० बजिसकेको थियो। झन्डै ३ घण्टाको यात्रा गरिसकेका थियौँ। हामीले श्रीचौरमा खाना खायौँ र एकछिन आराम गर्यौं। श्रीचौरसम्म त्योभन्दा अगाडि एकचोटि रातको समयमा पुगेर फर्केको थिए। त्यएपनि त्यहाँ सम्म बाटो थाहा थियो। अब अगाडिको बाटो थाहा थिएन त्यहाँ सोध्दै हामी अगाडि बढ्ने योजना गर्यौं।

हामी श्रीचौरबाट अगाडि लागेपछि बिचमा यलुङरेखाला पर्थ्यो। खोलाबाट मोटरसाइकल तार्दा मेरो जुत्ता सबै पानीमा डुब्यो। बालकुमार दाइ जुत्ता हातमा बोकेर खोला तर्नुभयो। खोला तरिसकेपछि हामी जंगलको बाटो जानुपर्ने थियो। मध्य बर्खाको मौसम लेकको कच्ची सडक कुहिरो लागेर सबै वरपर ढाकिएको बेला जंगलको चिप्लो बाटो दुई जना मात्र, अहो ! अहिले सम्झिँदा पनि मन चिसो भएर आउँछ। खोला तरेर लगभग एक

घण्टा अगाडि पुगेपछि एक/दुइटा घरहरू नजिक देखिए। केही मानिसहरू बाटो सोलिङ गर्न लाग्नुभएको रहेछ।

खिजीफलाटे जाने यतै हो भनेर सोधेपछि हामी अगाडि बढ्यौँ। अब फलारे बजार पुग्न केही समय उकालो सडकको यात्रा तय गर्नुपर्ने रहेछ। अब त्यहाँ लागेको कुहिरोको पानीले कपडा सबै भिजाइसकेको थियो। जुत्ता त यलुङखोलामै चुर्लुम्मै डुबेको थियो। चिसोचिसो मौसम, अगाडि जंगलको उकालो बाटो, सिमसिम पानीले बाटोमा काई पलाएर हिँड्न नमिल्ने ठाउँमा मोटरसाइकलको यात्रामा थियौँ। मोटरसाइकलले नतान्ने ठाउँमा दाइ पछाडिबाट धकेल्ने म विस्तारै चिप्ल्याउँदै मोटरसाइकल अगाडि लाने गर्दै अगाडि बढ्यौँ। यात्रा झन्झन् कठिन हुँदै थियो भोक लाग्छ भनेर श्रीचौरबाट चाउचाउ झोलामा हालेर हिँडेका थियौँ। अब उकालो सकिने बेला भएको रहेछ। उकालो सकिएपछि भन्ज्याङमा पुगेर एकछिन् आराम गर्न रोकियौँ। मोटरसाइकलबाट झरेर खुट्टातिर आँखा लगाउँदा त खरी जुँका जुत्ताबाट भित्र जान खोज्दै गरेको देख्यौँ। पानी जमेको ठाउँमा टायर पर्दा पानी उच्छिटिएर खुट्टामा पर्दा त्यहीँबाट जुँका पनि सल्किदा रहेछन्। जुँका टिपेर हामी खिजीफलाटेतिर ओरालो झर्‍यौँ। उकालो चिप्लो बाटो केही सहज थियो तर ओरालो चिप्लो अनि बजारका ट्याक्टरले गिजोलेको माटोबाट मोटरसाइकल लिएर जान निकै कठिन थियो। बल्लतल्ल मोटरसाइकल थेग्दै फनाटे बजार पुगियो। हिलोले गर्दा ब्रेक पनि नलाग्ने अवस्थामा थियो। बालकुमार दाइले चिनेको एक जना साथी फुलाटेमा मोटरसाइकल वर्कसप चलाएर बस्दा रहेछन्। त्यहाँ ब्रेक सु फेरेर फेरि टायरमा बसेको माटो हटाएर हामी अब खिजीकाती झर्ने योजना गर्न लाग्यौँ। अघिसम्म कुहिरोको पानीले मात्र भिजाउँदै थियो, अब पानी मजाले पर्न लाग्यो। फलाटे बजार बाटो ओरालो लाग्दा भने बाटो सोलिङ गरेको केही सहज थियो। हामी उज्यालो हुँदै खिजीकाती पुग्नुपर्ने थियो। असारको दिन लामो नै भए पनि कालो बादल र कोहिरोले गर्दा दिउँसै झमक्कै अँध्यारो भएजस्तो भएको थियो। मध्य असारको बेला खोलाखोल्सी चारैतिर सुसाएको सुनिन्थ्यो। धेरै खोलाखोल्सीहरू पार गरेर बाटो पहिल्याउँदै ५ बजेतिर खिजीकाती पुगियो। त्यहाँ पुग्दा मुसलधारे पानीले कुटेर झरीको स्यालजस्तै भएका थियौँ। धन्न भगवान्को कृपा भनौँ या अनुभव भनौँ यस्तो चिप्लो बाटोमा हिँड्दा अहिलेसम्म मोटरसाइकल कतै ढल्किएको पनि थिएन। स्वास्थ्य चौकीमा पुगेर चाउचाउको तातो सुप खाँदै गर्दा त्यहाँका वडाध्यक्ष हेमबहादुर सुनुवारज्यू पनि आइपुग्नुभयो। खाजा खाएर हाम्रो नापजाँच गर्नुपर्ने सबै सक्यौँ। त्यति बेलासम्म साँझको लगभग साढे ६ सात बजिसकेको थियो। पानी मुसलधारे परिरहेकै थियो। मेरो घर ऊ त्यो हो, हजुरहरू त्यहाँ आउनुस् है भनेर बाटो देखाउँदै वडाध्यक्ष छाता ओढेर हिँड्नुभयो। हामी रेनकोट ओढेर मोटरसाइकलमा वडाध्यक्षको घरमा पुग्यौँ। मुसलधारे पानीले कुटेको शरीर चिसो निकै भएको थियो। तातो पानी, चिया बिस्कुट खाएर हामी एकछिन् आराम गर्दैगर्दा रात झमक्कै पर्‍यो। मोबाइलमा भएको चार्ज पनि सकिँदै गएको थियो, त्यहाँ बत्तीको सुविधा पुगेको रहेनछ। एकैछिन्मा वडाध्यक्षज्यूको परिवारले खाना तयार गर्नुभयो। चिसो मौसममा तातो खाना असाध्यै स्वादिलो गरी खाइयो। असार १४ गते खिजीकाती वडाध्यक्षज्यूको घरमा पुगेर बास बसियो।

## असार १५, २०७९

पानी बेलुकैदेखि निरन्तर परिरहेको थियो। रातिदेखिको पानीको आवाज र बादलको गड्याङगुडुङले निदाउन सकेको थिइनँ। अरूभन्दा पनि फर्किंदा खोलानाला बढेर बाटो छेक्यो भने के गर्ने होला ? पहिरो खसेर बाटो बन्द भए कसरी फर्किने होला भन्दै मनमा अनेकौं कुराहरू खेलेर अत्यन्तै डर लागेको थियो। बालकुमार दाइ पछाडि बस्ने भएर होला मलाई जति डर उहाँलाई लागेको थिएन। दाइ आनन्दले निदाउनुभयो। बल्ल

बिहान भयो, पानीले एकछिन आँखा भिम्काएभैं गरेको थियो । अब फर्किन ढिला नगर्ने विचार गरेर हिँड्न लाग्दा वडाध्यक्षज्यूले चियाबिस्कुट तयार गरेर ल्याइसक्नुभएछ। चियाबिस्कुट खाएर बिदा मागेर हामी आफ्नो बाटो तताउने सुरसारमा लाग्यौँ । वडाध्यक्षज्यूको छोरा पनि माथि फलाटे बजारसम्म जाने भनेर हामी दुईटा मोटरसाइकलमा सँगै निस्कियौँ । १०/१५ मिनेटको यात्रापछि रातिदेखिको डर साँच्चै सावित भयो । भर्खरै खनेको सडकको माथिपट्टिको माटोसँगै उत्तिसका रूखहरू बाटोमा तेर्सो परेर सबै सडक छेकेको रहेछ। त्यसरी बिग्रेको सडकबाट जेनतेत गरेर माटो, हाँगाबिँगा पन्छाउँदै काहीँ बोक्दै काहीँ ठेलेर पार गऱ्यौँ । भर्खर खनेको सडक सकिएपछि हिजो पार गरेका खोल्सीहरू आज तर्न नसकिने भएर एक डोल भएर बगेका रहेछन् । ढुङ्गा पल्टाँउदै एक डोल भएर बगेको पानी फिँजाउँदै जसोतसो ३/४ वटा त्यस्तै प्रकृतिका खोल्सीहरू तर्दै उकालो चिप्लो बाटो फलाटे बजार पुग्यौँ । यहाँसम्म आइपुग्दा सँगै आएर हामीलाई साथ दिने वडाध्यक्षज्यूका छोराहरूले निकै सहयोग गर्नुभयो । असाध्यै भोक लागेकाले खाजा खान होटलमा पसेर तातो थुप्पाको सुप खायौँ । अहिलेसम्मको मेरो जीवनकालमा त्यति मिठो थुप्पा खाएको पहिलोचोटि थियो ।

A dozen of friends- all male- had a naïve start. Short and long stories, one-act plays, poems, and essays were the contents. However, the book for Grades 9 and 10 was single. I think, still, many secondary students avoid optional English and major English. Hey, don't get afraid! Language is supple; it needs to be nurtured; words need to be caressed; you can master it ultimately. It is however easier said than done. Mastering a foreign language is an arduous task. What we must not forget is- patience and passion which result in perseverance. Patience helps us cope with misery and passion keeps on zeal. Similarly, perseverance hones skills- reading, writing, speaking, and understanding.

There is no black-and-white method to learn foreign language. What we need is how much time you give to play with words, cogitate with sentences, and glean meaning from paragraphs. However, I do not rule out the role of a good instructor.

There can be many instructors in one's life throughout which we continue learning. Sometimes, your teachers may be good instructors while others as per the context. Respect the instructors; reap benefits from their knowledge. Yes, back to the book again. It was a tough job not only for naïve students to know new English words, but also for the teacher to inculcate skills to grasp the meaning. Context matters much. We all have Nepali context, but daring the foreign context. It was/is painful to negotiate such adversity. I still remember the moment my English teacher failed to instill the meaning of the word 'fountain' in us. Why? Because we have a different setup than the English.

Mind-boggling essays, the grandeur of poems, image and metaphor, climax and denouement, tragedy and comedy- all these were distant and difficult for us to comprehend. We, the students having the background of rote learning, were poor. Some friends did not like to negotiate the troubled path of learning English. Some braved hostility that emboldened their strength and appetite to know more. You know, survival of the fittest!

Is learning English essential? It too depends on context. If you get better opportunities and better knowledge when you learn English, it is essential indeed. If you are opulent with other knowledge and skills, English is not necessary. Even the countries/people near English countries do not speak English. Why? They are rich in their own language, culture, development, thoughts, ideas, and communications. But, for us, who depend largely on others, especially for knowledge and development, English is imperative to link and open up to the outer world. Now, you can, as I did, wonder why writing is difficult. A simple, clear answer- because we do not read English as we do Nepali. We have a limited vocabulary. We have no library at home, and if there is, most of the books are Nepali, while English books 'gather dust'.

Is there any mantra to *'commit to mind'* (kanthagarnu) new vocabulary? It is an equally pressing query. I suffered from such a predicament many times during my struggle to learn English. In the beginning, there is no alternative to 'rote learning'. But, in the later phase, we can adopt techniques to memorize new words. Once, my mantra was 'read, reread and read it again'. It was the line in a major English book I read during my intermediate level at RR Campus, Kathmandu.

Finally, worrying much is not good. Learning is a gradual process. Practicing regular reading and writing leads us to betterment. Perfection is not easily achievable. Unlike past, there are adequate reading materials. The urgency of learning prods us to read books, newspapers, and magazines that ultimately contribute to widening our horizon of knowledge. Even after college/university life, reading is essential. Read much to write comfortably, and flawlessly.

# Learning to Say No

**Dipak Khadka**

Every time you say yes to something that is unimportant, you say no to something that is important. “Yes, men and yes women" never create anything great. There is huge value in getting good at saying no.

Here are some points on why and how to say no:

1. Be clear of your vision. (This is what you want to say yes to. Everything else = No).
2. Know the implications of your saying yes ( The more you say yes, the further you drift from your vision)
3. Realize saying no is okay.
4. Use the medium you are most comfortable with Facebook, e-mail, face-to-face whatever works)
5. Keep it simple (You don't contribute any explanations)
6. Be respectful (value the other party's stance)
7. Provide an alternative (Only If you want to )
8. Make yourself less accessible (Provide your contact only to those important to you)
9. Write everything down first (To process your thoughts)
10. Sometimes, delay right me your response (No need to reply right away)

Say no to the friend who wants to meet over coffee to gossip. Say no to the co-worker who wants to spread his negativity and cynicism ( ) say no to the relative who laughs at your dreams and makes you doubt yourself. Say no to the Social obligations that drain time from your Life's work.

Every time you say yes to something that is unimportant. you say no to that is important" (Robin Sharma)

You can't be all things to all people the best among us get that know your …… know all people. to all The best --that know your priorities. Know what needs to get done over the coming weeks, months, and years. For you feel you played games as human beings. And then say no to everything else. Sure, some people around you might not be happy. But would you rather live your life according to the approval of others with your truth and dreams?

Nice ways to say no to your

1. Sounds nice but am not available
2. I am honored that you asked me but I Can't do it.
3. Unfortunately, it is not a good time
4. I appreciate you asking me but I can't commit to that right now.
5. Thanks for thinking of me but I can't no thanks

# Bangladesh, Sofya, and Cox Market

**Bhoj Kumar Dhamala**
Author of "The Selfish City" an anthology of 54 poems in English

In May 2023, I paid a visit to Bangladesh accepting the invitation of **the National Poetry Stage,** to participate in the International Nazrul Poetry Festival, representing Nepal as a poet. The program was attended by prominent poets from Bangladesh and around the globe. I was the only invitee there from Nepal. The program was held on 25th May, at the International Mother Language Institute, Dhaka, to commemorate the 124th birthday of Kaji Nazrul Islam. He is known as the Rebel Poet of his time in Bangladesh and his poetry includes the themes of equality, justice, anti-imperialism, humanity, rebellion against oppression, and religious devotion. I felt honored to be a part of this poetic festival.

My stay as a guest poet gave me a new sense of understanding, excitement, and experience. I was awe-struck when I heard two naïve faces waiting for me outside the Hazrat Shahjalal International Airport gate to welcome me into their love-filled nation with a bouquet in their hands for more than two hours. Ayon and Tasnova, accept my apologies for making you wait for hours there. It was just a miscommunication about the proper timing of landing I guess. How humble and happy they were to greet their guest. As soon as we met, they called an ECO-Friendly CNG auto rickshaw to central Dhaka Topkhana Road, some twenty km away from the airport, where the organizer had arranged the hotels for the international delegates.

It took us nearly one and a half hours to cross the twenty km road due to heavy traffic. They confessed this traffic was the real culprit for Bengali people. When I saw the posters of Marx, Lenin, Che, Gorky, and Mao on the wall along with their founding father of the nation, Bangabandhu, who was murdered by the conspirators in 1975, it was not difficult for me to guess there were many communist supporters like here in Nepal. The conveners of the event Md. Shamsul Haq Babu and Nijami Bhai were there in the hotel waiting to welcome the international delegates. All of these did not come together though. The international attendees of the program were kept in the different hotels there. I admire the vigor of Mr. Babu for organizing such a great feat despite his bad health. It was almost the late evening when I reached the hotel. Though a little tired, I was relaxed, less worried, and thankful to

the organizing committee, and felt as if I were home.

I spent my second day meeting some literary figures since the program was on the 25th and 26th. It was then Mr. Babu insisted I must meet the Russian artist, and poet Sofya Yechina by the midday. He informed me he had arranged our tea talk meeting in the evening. Not concerned too much, I met her just as a formality. Not more than that. There were other two people, later I knew were her parents. But as we talked, the immediacy I felt was divine. The soothing words of her father were charismatic. He is a man of compassion who has only love to share. I didn't have any difficulty guessing the girl, Sofya, whom I talked less then, is as benevolent as her father. The talk was amusing. It was not only exchanging words but also establishing new relationships, and if it had to, it happened in a flash.

Mr. Babu endowed the responsibility of taking a few of the delegates to the program venue on the 25th along with me and I readily accepted since it was just 1.2 km from the hotel where we stayed. Others went on a rickshaw but we (Sofya, Marina, and me) decided to go on foot. On the way, Sofya told me her parents are fond of me. Instantly, I asked her what she felt about me, instead of being direct, she informed me her parents had already entrusted this Nepali boy with a smile on her face. Her enigmatic smile was no less than Vinci's Monalisa, and her splendor was as elegant as Helen of Troy. Soon reaching the venue I was mesmerized to see our posters hung here and there giving the reorganization of the international delegates. It was a true honor given by our Bengali friends. The program was due to begin; we decided to take some photos together. Upon looking at one of the photos taken (the one with pointed fingers up and both of us learning each other slightly unknowingly) I cracked a joke that she looked like Angelina Jolly and I like Brad Pitt, she again just smiled, and I guess it was the smile of contentment. After that, we were there for the program the whole day. What a marvelous presentation by the participants! The program was stunning.

It was lunchtime in the afternoon and we were surrounded by poetic hearts. In the second session, I was told to call Sofya since she had already left the program for the reason I did not know. She was almost crying on the phone, and said it was a tough time for her there because everyone was trying to be close to touching her body parts. I was right in my guess. We South Asians, especially people surrounding the Indian Sub-continent, try establishing relationships from a proximal distance, and being too loyal to our guests is what we believe our best souvenir to offer. As I informed her about the cultural differences and tried to console her for what she felt, she joined the program again. It is ridiculous for those who are unaware of this culture here.

I was already saddened to hear her moving to her country early morning the next day. You know the thing is, I was much fond of her, or let me be honest and tell the truth, she is my silent crush now. Sofya is not just a name; she represents the epitome of love, beauty, and passion for me. The language of love is universal and it is silent too.

It was two days later when I shared my plan to go to Cox Bazar alone, I could only sense her worry about me. Her guidance in this strange place made me feel like we were friends for ages. She had been to this place before for her artwork and poetry. Her generosity and selflessness are her strength. She has the power of love to bring joy, inspire greatness, and transform lives. The person she suggested I meet was Hasan Vai, a fantastic fellow, and expressionist there in the area. His beautiful description of the area is still fresh in my memory. The civility of If a Jinnatara back in Dhaka is one more pleasant momentum added to my life.

This visit has taught me several things. First, it served me as a reminder of the transformative power of literature and its ability to shape our lives in profound ways. Second, it reminded me to embrace the wonders of the world. Third, a loving heart pays back if you are true to yourself. And finally, love is not just a fleeting emotion but a powerful force that can shape our lives and drive us to achieve greatness.

# My Memoirs of Revered Academia

**Grishma Niroula**
Suryodaya Municipality–11, Ilam

"Mero Pyaro Okhaldhunga", written by the prolific Nepali poet of the era: Yugakavi Siddhicharan Shrestha was the only thing that I had in my mind when I got an opportunity to embark on a journey to Ghorakhori, the western part of Okhaldhunga district. Shree Gyan Prakash Secondary School and its sibling institute Shree Gyan Jyoti Community Campus were my then destination from Kathmandu.

Tanka Karki, a teacher at the school, had accompanied me to my new destination from Kathmandu. We got on the bus early in the morning and early in the evening we were in Sanghutar from where we had to walk to Ghorakhori for 4 to 5 hours. We had a good trek up and down to Ghorakhori the next day. Reserved by nature, Tanka sir responded to my curiosities about the geographical, socio-economic, and political aspects of Ghorakhori very clearly. Upon reaching there, we had a very delicious and organic food served by Bimala Madam, Tanka Karki's wife. One thing I even miss today is the organic and delicious meal of Ghorakhori. And Bimala Madam's prepared food used to be mind-blowing.

I still vividly remember my first day at my new workplace. I was warmly welcomed by the teachers and students with garlands and vermilion. The adoring and innocent faces of the students in no time won my heart. Naïve to the new place, my eyes began to navigate the surrounding hills, which were blessed with lush greeneries and steep slopes of rocks. Being far away from the modern amenities of a maddening crowd of the city, I could see the immense possibilities in students; and the development and prosperity of Ghorakhori. What morality and discipline had guided the students of Ghorakhori, I never saw rowdiness and vulgarities in them. Always a deep respect and responsibility in them made me think that hardships and struggles only could bring sincerity and goodness in human beings. Ghorakhori campus and school are the two flowers bloomed in the rocks, leading thousands of children to their bright future molding them to be responsible citizens of the nation.

Bharat Adhikari, my schoolmate, who was teaching there, had called me to substitute for him as he was going to his hometown Ilam. Matrika Subedi, who was also a teacher there in the school, was my roommate. Living more than 12 years in

Kathmandu, I had gone there as a teacher in the school and the campus. I didn't feel at all bored in my secluded working place as I had to take classes on campus till 10 AM early in the morning and then classes at school, especially from 11 and 12 till evening. Moreover, we teachers from outside Okhaldhunga used to live in Pradhan Ba's house together. Pradhan ba and his better half Aamoi were very fantastic. They had four houses and in the middle courtyard, a place where we teachers, Pradhan Ba, and other people had good chit-chat during the holidays. Frankly, by nature, Pradhan Ba was a politically active social worker.

My stay at Ghorakhori extended to six years. I witnessed different kinds of changes in the school and campus in the whole six-year time. When I reached there, only a few dilapidated buildings were there. There were no modern amenities in the school, except a set of old printers, and a desktop computer. Access to the internet was a distant star. However, slowly and gradually the school began to acquire new technologies which were very needful and essential to the students to compete with the modern world. Computer education was initiated in class six. I even took that class. Broken parts of computers such as CPU, hard disk, Monitor, Mouse, and so on were the main teaching materials. To teach 'how the computer works', I used to take my laptop to class. The laptop is used to draw the students' naïve and curious attention, the way 'a shining object' attracts people. I used to enjoy finding the students' mesmerizing attention to the visuals and other things displayed on the monitor. Every class on the campus was always refreshing and rejuvenating as the students were attentive and vigorous in learning something. They were all guided by their aims as they were already in their graduate classes. I could see their dreams of reaching their destination in their eyes.

The devastating earthquake of 2072, not only brought chaos for a certain time but it also became a major cause for deconstruction; and also taught a good lesson to all the people that Nepal is a vulnerable region for seismic activity. Old houses around the communities were substituted by earthquake-resistant houses. The century-old houses of Pradhan Ba's houses were also severely cracked due to the quake. Then I began to live at the house of Ganesh Kattel, who is presently the campus chief of Shree Gyan Jyoti Community Campus. Chop Lal Dhamala, who was then the campus chief, was my roommate. Dhamala sir had a good knowledge of education faculties. Discussion and daily talk about education-related subjects with him helped me to pass the TSC examination of the secondary level easily as I was quite immature on the subject matter of education faculties since I was from a humanities (arts) background. Old ramshackle school buildings were replaced by ADB-funded modern buildings. Thus, deconstruction was a must for Ghorakhori School and Campus; and it was made possible by the earthquake. New state-of-the-art facilities were the transformation for both the school and the campus, heralding

new possibilities for academic development and a far-sighted vision of the both school and campus.

Shree Gyan Jyoti Community Campus is indeed a must-be academic institute as it has been an academic hub for those local students who want to pursue further education living in their own homes. Nevertheless, it was facing some financial complications due to the lack of an adequate number of students and the very low fee structure of the campus as the main source of income for the campus had always been the students. The fee structure couldn't be raised as the financially impoverished students wouldn't be able to join the campus. After the University Grants Commission began to provide certain funds for the campus, many financial problems were solved. Campus administration and management committee, teachers, and many other concerned people were accredited to make UGC fund the institute.

Just after a couple of weeks of my arrival there, the students used to throng around me to ask me any kinds of questions related to study or the outer world as I was liberal and democratic and guided by the notion of avoiding corporal punishment to the students. As a teacher, my responsibility was to complete the course on time quenching students' thirst for knowledge. Besides that, inspiring students and instilling hope in their goals is the hidden course that I used to apply to students. In the last years of my sojourn over there, I saw many students pursuing their dream aims. Some of my students, who are now in Australia, America, Japan, Korea, and in government services and other sectors, time and again get in touch with me and tell me what they are doing currently. They remember me and bestow their warm greetings. This is what I earned at Ghorakhori. My six years of staycation at Ghorakhori was neither short nor long, but for me, my duration of working there as a teacher was a long enough period to learn about the topographical, socioeconomic, political, and cultural variations of Ghorakhori. I learned many things about the place. The simplicity and modesty that I saw everywhere in the people of Ghorakhori and its surrounding places were simply rare in the present scenario. I don't want to mention the names of all the people who have directly and indirectly played a great role in making Ghorakhori School and the Campus a worthy academic institute as I may not be able to include all names in this short article. I want to beg my humble pardon for that.

Even after leaving Ghorakhori following my permanent posting in my birthplace district, Ilam, if my old memory sweetly hunts me is that of Ghorakhori. When I was at Ghorakhori -

I wandered lonely as a cloud

That floats on high o'er vales and hills;

And my inner feelings now exclaim – Mero Pyaro Ghorakhori.

# Tears

**Leela Dahal**
Champadevi-06, Ghorakhori, Okhaldhunga

Only the walls of my room
Have seen my tears
Only my pillow knows my tears
No one else has seen my tears except the people around me

I usually don't have anyone to cry to,
When I am alone
I always run to my room
When I am asked
What's going on with my mind

Because I am afraid of
Answering someone when I am in tears
Since I am afraid of answering
They out of anger which will be called
As rudeness to the other people

But then again, I am very happy that my walls and pillow
Have seen my tears and heard my sounds
Because people aren’t trustworthy
Anyone as we always think they are

# A Friend of Mine

**Sangita Karki**
B.Ed. 4th year

I know a girl, a lovely girl
The red angel with a lovely dimple
The innocent face and lovely heart
Just the shake of the hand
And the genuine friendship arises,
With the hope that it never dies.

I love the way she smiles
You can sense music in her eyes
I like the way she calls my name
And her words that flow into my heart
Notice her when she is reading
Her lovely eyes make me feel good
And that song she hums unknowingly
You feel like she was in her own world.

I think she is a friend forever
You can share your thoughts with her
You can confess your mistakes with her
If you have pain in life
Just remove it by sharing it with her
You can confess your mistakes with her.

I hope the love between us lasts forever
The moment we shared together
That will last on a memory
I found myself very close to her
At Gyan Jyoti Community College
The moments remembering, we spent together.

वार्षिक प्रगति प्रतिवेदन
त्रिभुवन विश्वविद्यालय
**ज्ञान ज्योति सामुदायिक क्याम्पस घोराखोरी**
चम्पादेवी गाउँपालिका-६, ओखलढुङ्गा

मितिः २०८०/०८/०९

# चौधौं क्याम्पस सभामा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन

आदरणीय अध्यक्षज्यू, प्रमुख अतिथि, क्याम्पस सभाका सदस्यज्यूहरू

## १. क्याम्पसको पृष्ठभूमि

ओखलढुङ्ग जिल्लाको सदरमुकामबाट करिब ३६ किमि पश्चिम भागमा पर्ने चम्पादेवी गापा वडा नं. ६ घोराखोरीमा उच्च शिक्षाको स्थानीय र राष्ट्रिय आवश्यकता पूरा गरी आजको जटिल विश्वको विविध समस्याहरूसँग जुध्न सक्ने सक्षम जनशक्ति निर्माणका निम्ति समयसापेक्ष गुणात्मक र व्यावहारिक शिक्षा प्रदान गर्ने लक्ष्य लिई जनताको सहभागिता र जनसमुदायकै सहयोगमा श्री ज्ञान प्रकाश माविको पृष्ठभूमिमा रहेर यस ज्ञान ज्योति सामुदायिक क्याम्पसको स्थापना भएको हो। त्रिवि शिक्षाशास्त्र संकायबाट विसं. २०६५ साल माघ १३ गते सम्बन्धन लिई विधिवत् रूपमा तत्कालीन अर्थमन्त्री प्रकाशशरण महतबाट यो क्याम्पसको विसं. २०६५ साल फागुन २९ गते उद्घाटन भएको थियो। जुन यस भेगको उच्च शिक्षा विकासको कोसेढुङ्गा साबित भएको छ।

त्रिवि मापदण्ड पूरा गर्नुपर्ने र भौगोलिक विकटता, आर्थिक रूपले पिछडिएका समुदायबाट व्यवस्थापन गर्ने गरी आर्थिक व्यवस्थापन गर्नुपर्नेजस्ता विषयहरू यसका कठिनाइहरू थिए। यस परिस्थितिमा पूर्ण सामुदायिक सेवामूलक दुर्गम ग्रामीण स्तर तथा समुदायको प्रयासमा सञ्चालित यस क्याम्पसले प्रत्यक्ष रूपमा यस भेगका चम्पादेवी, लिखु र सुनकोसी गापा लगायतका क्षेत्रहरूका विद्यालय शिक्षा (कक्षा १२) पूरा गरेका विद्यार्थीहरू तथा सहरी र महँगो क्याम्पसमा पढ्न तथा अध्ययन गर्न आर्थिक पहुँच नभएका विद्यार्थीहरूलाई शिक्षाशास्त्र संकायअन्तर्गतको स्नातक तहको उच्च शिक्षा घरदैलोमा उपलब्ध गराउँदै आएको छ। विशेषगरी यस भेगका गरिब, दलित, छोरी, बुहारी, जनजाति आदिलाई छात्रवृत्तिसमेत प्रदान गरी उच्च शिक्षा उपलब्ध गराउँदै आएको यहाँहरूलाई सर्वविदितै छ।

यस गरिमामय घडीमा यस क्याम्पसको स्थापनाकालदेखि निरन्तर आफ्नो सक्रिय योगदान र उत्प्रेरणा प्रदान गर्नुहुने हाम्रा अग्रज, समाजसेवी, शिक्षाप्रेमी महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

भौतिक रूपमा स्थापित हुनका लागि आर्थिक हैसियत सबल हुनुपर्छ जुन यसको मुख्य चुनौती हो। यस

क्याम्पसले स्थापनाकालदेखि नै निरन्तर रूपमा विभिन्न चुनौतीहरू सामना गर्दै आइरहेका अवगत गराउँदछु। तसर्थ यस घडीमा सबै चुनौतीहरूको सामना गर्दै क्याम्पसको भौतिक, आर्थिक, शैक्षिक विकासका निमित्त यहाँहरूको अमूल्य साथ-सहयोगको अपेक्षा गर्दछु।

## २. क्याम्पसको शैक्षिक अवस्था र शैक्षिक प्रगति

यस क्याम्पसमा अध्ययनरत विद्यार्थी र उत्तीर्ण प्रतिशतलगायतका पक्षहरूलाई आधारहरू मानेर यस क्याम्पसको देहायअनुसारको शैक्षिक प्रगति प्रस्तुत गरिएको छ।

विश्वव्यापी महामारी कोभिड-१९को कारण शै.स.२०७७र०७८ को शैक्षिक कार्यतालिका पूर्ण रूपमा प्रभावित रह्यो। यस क्याम्पसमा शै.स.२०७७/०७८ मा प्रथम वर्षमा ६८ जना विद्यार्थीहरू भर्ना भई रजिस्ट्रेसन कायम गरिएको थियो। गत सालभन्दा शै.स.२०७६/०७७ बाट विद्यार्थीहरूको भर्नादरको संख्या बढिरहेको छ। यसरी शै.स.२०७८/०७९ मा प्रथम वर्षमा ५० जनाभन्दा बढी भर्ना हुने अनुमान गरिए पनि विभिन्न कारणले शै.स.२०७८/०७९ मा ४२ जना मात्र भर्ना भई त्यसको रजिस्ट्रेसन कायम गरिएको छ भने शै.स.२०७९/०८० मा ४९ जना विद्यार्थीहरू भर्ना भएका छन्। यसरी विभिन्न कारणले त्रिविको शैक्षिक कार्यतालिका प्रभावित भएर दोस्रो वर्षमा नयाँ २ वटा ब्याच रहेका छन् जसमा नयाँ दोस्रो वर्षमा ४९ जना छन् भने पुराना दोस्रो वर्षमा ४२ जना छन्। त्यस्तै तेस्रो वर्षमा ६८ जना र चौथो वर्षमा ६७ जना गरी जम्मा २७८ जना विद्यार्थीहरू नियमित रूपमा अध्ययनरत रहेका छन्। जसमध्ये छात्राको संख्या १७७ जना अर्थात् ६४.३९ प्रतिशत र छात्रको संख्या ९७ जना अर्थात् ३५.६१ प्रतिशत रहेको छ। त्यस्तै क्याम्पसले ३ वटा ऐच्छिक विषयहरू नेपाली, अंग्रेजी र जनसंख्या विषयको पठनपाठन सञ्चालन गर्दै आएको छ। यस क्याम्पसको शै.स.२०७९/०८० को बीएड चौथो वर्षको नियमित परीक्षामा १९ जना विद्यार्थी सहभागी भएका थिए, जसमा ४ जना विद्यार्थी अर्थात् २१.०५ प्रतिशत विद्यार्थीहरू उत्तीर्ण भएका छन् भने पहिलो वर्षमा २ वटा ब्याच थिए, जुन नयाँ पहिलो वर्षबाट ४९ जना र पुरानो पहिलो वर्षबाट ४२ जना नियमित परीक्षामा सामेल भएका थिए, जसको नतिजा आउन बाँकी छ। दोस्रो वर्षमा नियमित परीक्षामा सामेल ५८ जना थिए जसको नतिजा आउन बाँकी छ। तेस्रो वर्षमा नियमित परीक्षामा सामेल ५८ जना थिए जसको नतिजा आउन बाँकी छ। शै.स.२०७८/०७९ को प्रथम वर्षको परीक्षा हुन बाँकी छ।

### २.१ क्याम्पसको विद्यार्थी भर्ना प्रवृत्ति विश्लेषण

यस क्याम्पसको गत तीन वर्षयताको विद्यार्थी भर्ना प्रवृत्तिलाई निम्नलिखित तालिकाबाट विश्लेषण गर्न सकिन्छ।

**तालिका नं. १**

*विद्यार्थी भर्ना प्रवृत्ति विश्लेषण*

| शैक्षिक वर्ष | जम्मा भर्ना पहिलो वर्ष | छात्र | छात्रा | जनजाति | | दलित | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | छात्र | छात्रा | |
| २०७६/०७७ | ६७ | २४ | ४३ | १३ | २१ | ३ | ४ | हाल चौथो वर्ष |
| २०७७/०७८ | ६८ | १७ | ५१ | ७ | ५ | - | २ | हाल तेस्रो वर्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०७८/०७९ | ४२ | १४ | २८ | ७ | ८ | २ | ३ | हाल पुरानो दोस्रो वर्ष |
| २०७९/०८० | ४९ | २६ | २३ | ४ | ५ | ४ | १ | हाल नयाँ दोस्रो वर्ष |
| २०८०/२०८१ | ५२ | १८ | ३४ | ४ | ६ | २ | ४ | हाल पहिलो वर्ष |
| जम्मा | २७८ | ९९ | १७९ | ३५ | ४२ | ११ | १४ | |

स्रोत : ज्ञान ज्योति सामुदायिक क्याम्पसको भर्ना रजिस्टर

प्रस्तुत तालिका-१ लाई विश्लेषण गर्दा यस क्याम्पसमा गत तीन वर्षमा पहिलो वर्षमा भर्ना भएका विद्यार्थी संख्यालाई अध्ययन गर्दा विद्यार्थीको भर्ना दर शै.स. २०७६/०७७ मा ६७ जना रहेकोमा शै.स. २०७७/०७८ मा ६८ जना रहेकोमा शै.स. २०७८/०७९ मा ४२ जना र शै.स.२०७९/०८० मा ४९ भर्ना भई रजिस्ट्रेसन कायम भएको देखिन्छ। यसरी शै.स.२०७९/०८० को प्रथम वर्षमा भर्ना संख्या ५२ बाट अझ बढ्न सक्छ। यसबाट विद्यार्थी भर्ना संख्यामा स्थिर नभई केही बढ्ने/घट्ने दर देखिन्छ। त्यस्तै कुल संख्या २७८ जना रहँदा छात्र ९९ जना अर्थात् ३५.६१ प्रतिशत र छात्रा १७९ जना अर्थात् ६४.३९ प्रतिशत रहेको देखिन्छ। यसरी छात्राको संख्या उच्च हुनुमा छोरीबुहारी गाउँमा नै बसी उच्च शिक्षा अध्ययन गर्नुलाई लिन सकिन्छ। त्यस्तै पिछडिएका दलित र जनजातिको संख्या पनि शिक्षाको पहुँचमा रहेको देखिन्छ।

## २.२ उत्तीर्ण दर प्रवृत्ति विश्लेषण

यस क्याम्पसमा नियमित अध्ययनरत विद्यार्थीहरूको उत्तीर्ण दर प्रवृत्ति विश्लेषणलाई तालिका नं. २ बाट गरिएको छ।

### तालिका नं. २

*उत्तीर्ण दर प्रवृत्ति विश्लेषण*

| शै.स. | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | |
|---|---|---|---|---|---|---|---|---|
| | सहभागी संख्या | उत्तीर्ण संख्या | सहभागी संख्या | उत्तीर्ण संख्या | सहभागी संख्या | उत्तीर्ण संख्या | सहभागी संख्या | उत्तीर्ण संख्या |
| २०७३/०७४ | ३३ | १९ | २१ | २ | १७ | ७ | - | |
| २०७४/०७५ | २४ | ३ | २८ | १४ | १६ | ९ | - | |
| २०७५/०७६ | २५ | १६ | २२ | ६ | २८ | १८ | १५ | ६ |
| २०७६/०७७ | ३३ | ३० | २४ | ८ | २५ | १५ | २८ | ६ |
| २०७७/०७८ | ५९ | ३१ | २६ | २३ | २२ | १५ | २४ | १३ |
| २०७८/०७९ | ६० | ३६ | ५९ | ३७ | १९ | १५ | १८ | १३ |
| २०७९।०८० | ४९ ४२ | नतिजा आउन बाँकी | ५८ | नतिजा आउन बाँकी | ५८ | नतिजा आउन बाँकी | १९ | ४ |

स्रोत : नतिजा लेजर ज्ञान ज्योति सामुदायिक क्याम्पस घोराखोरी

यस क्याम्पसको पहिलो वर्ष, दोस्रो वर्ष, तेस्रो वर्ष र चौथो वर्षका परीक्षामा सहभागी दर र उत्तीर्ण दरको प्रवृत्ति विश्लेषण गर्दा शै.स. ०७३/०७४ को दोस्रो वर्षको परीक्षा नतिजाबाहेक सबै वर्षको उत्तीर्ण दर करिव ५० प्रतिशतभन्दा माथि देखिन्छ।

## २.३ स्नातक तह उत्तीर्ण र टिकाउ दर प्रवृत्ति विश्लेषण गर्दा

स्नातक तह उत्तीर्ण दर प्रवृत्ति विश्लेषण गर्दा प्रथम वर्षमा भर्ना भएको विद्यार्थीले पूरा कक्षाहरू दोस्रो, तेस्रो र चौथो वर्षसम्म टिक्न मुस्किल नै रहेको देखिन्छ। यस तथ्यले विद्यार्थी टिकाउ दर कमी रहेका देखिन्छ। यहाँ स्नातक तह बीएड २०७३/०७४ लाई आधार मानी निम्नानुसारको तालिकाबाट विश्लेषण गरिएको छ।

**तालिका नं. ३**

*टिकाउ दर प्रवृत्ति विश्लेषण*

| भर्ना साल | भर्ना संख्या | पहिलो वर्ष २०७३ | | दोस्रो वर्ष २०७४ | | तेस्रो वर्ष २०७५ | | चौथो वर्ष २०७६ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सहभागी संख्या | उत्तीर्ण संख्या | सहभागी संख्या | उत्तीर्ण संख्या | सहभागी संख्या | उत्तीर्ण संख्या | सहभागी संख्या | उत्तीर्ण संख्या |
| २०७२ | २३ | | | | | | | | |
| टिकाउ | | २२ | १४ | २२ | १३ | १७ | ९ | १५ | ६ |
| **भर्ना साल** | **भर्ना संख्या** | **पहिलो वर्ष २०७४** | | **दोस्रो वर्ष २०७५** | | **तेस्रो वर्ष २०७६** | | **चौथो वर्ष २०७७** | |
| | | सहभागी संख्या | उत्तीर्ण संख्या | सहभागी संख्या | उत्तीर्ण संख्या | सहभागी संख्या | उत्तीर्ण संख्या | सहभागी संख्या | उत्तीर्ण संख्या |
| २०७३ | ३३ | | | | | | | | |
| टिकाउ | | ३३ | १५ | २८ | १४ | २८ | १८ | २८ | ६ |
| **भर्ना साल** | **भर्ना संख्या** | **पहिलो वर्ष २०७५** | | **दोस्रो वर्ष २०७६** | | **तेस्रो वर्ष २०७७** | | **चौथो वर्ष २०७८** | |
| | | सहभागी संख्या | उत्तीर्ण संख्या | सहभागी संख्या | उत्तीर्ण संख्या | सहभागी संख्या | उत्तीर्ण संख्या | सहभागी संख्या | उत्तीर्ण संख्या |
| २०७४ | २५ | | | | | | | | |
| टिकाउ | | २५ | ३ | २२ | ६ | २२ | १५ | १८ | १३ |
| **भर्ना साल** | **भर्ना संख्या** | **पहिलो वर्ष २०७६** | | **दोस्रो वर्ष २०७७** | | **तेस्रो वर्ष २०७८** | | **चौथो वर्ष २०७९** | |
| | | सहभागी संख्या | उत्तीर्ण संख्या | सहभागी संख्या | उत्तीर्ण संख्या | सहभागी संख्या | उत्तीर्ण संख्या | सहभागी संख्या | उत्तीर्ण संख्या |
| २०७५ | २५ | | | | | | | | |
| टिकाउ | | २५ | १६ | २४ | ९ | २० | १५ | १९ | ४ |

स्रोत : नतिजा लेजर ज्ञान ज्योति सामुदायिक क्याम्पस, घोराखोरी

तालिका नं. ३ लाई अध्ययन गर्दा स्नातक तह बीएड पहिलो वर्षमा शै.स. २०७६/०७७ मा जम्मा भर्ना भएका विद्यार्थी संख्या २५ जना रहेका थिए। सो विद्यार्थीमध्ये पहिलो वर्षको परीक्षामा २५ जना सहभागी भए भने १६ जना अर्थात् ६४ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए। त्यसैगरी शै.स.२०७७/०७८ को द्वितीय वर्षमा २४ जना परीक्षामा सहभागी भए भने ९ जना अर्थात् ३७.५ प्रतिशत उत्तीर्ण भएका थिए। शै.स. २०७८/०७९ को तृतीय वर्षमा २०जना विद्यार्थी सहभागी भए भने १५ जना अर्थात् ७५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए। त्यस्तै शै.स. २०७९/०८० मा चौथो वर्षमा १९ जना परीक्षामा सहभागी भए भने ४ जना अर्थात् २१.०५ प्रतिशत उत्तीर्ण भएका छन्। यसरी हेर्दा चारवर्षे बीएड पहिलो वर्षबाट चौथो वर्षमा पुग्दा ६जना विद्यार्थीले पढ्न छाडेको देखिन्छ। सहभागी विद्यार्थीको संख्यालाई आधार मान्दा स्नातक तह उत्तीर्ण दर प्रवृत्ति बढ्दो क्रममा रहेको तथ्यांकले देखाउँछ।

## ३. शैक्षिक कार्यक्रमहरू

यस ज्ञान ज्योति सामुदायिक क्याम्पस घोराखोरी, ओखलढुङ्गा स्नातक तह शिक्षाशास्त्र संकायमा पढाइने विषयहरूमध्ये मुख्य तीन विषयहरू नेपाली, अंग्रेजी र जनसंख्याको स्वीकृति लिई विशिष्टीकरणका कक्षाहरू सञ्चालन भइरहेका छन्।

## ४. शैक्षिक पद्धति

ज्ञान ज्योति सामुदायिक क्याम्पस चारवर्षे बीएड शिक्षाशास्त्र संकायमा आधारित हुने कार्यक्रमहरू सञ्चालित हुने क्याम्पस हो। त्यसैले यस क्याम्पसले सञ्चालन गरेका विशिष्टीकरण विषयसँगै सम्बन्धित शिक्षाका नवीनतम् चिन्तन प्रविधि र पद्धतिको सैद्धान्तिक र प्रयोगात्मक पक्षलाई केन्द्रबिन्दुमा राखेर एक कुशल शैक्षिक जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ अगाडि बढेको छ। खासगरी प्रयोगात्मक रूपमा Mini Research, परियोजना कार्य, समूहगत कार्य, प्रतिवेदन लेखनजस्ता पक्षहरूलाई शैक्षणिक पद्धतिका रूपमा भित्र्याइएको छ। त्यस्तै प्रायोगिक पाठ्यांशअन्तर्गत रहेको अभ्यास शिक्षणलाई पनि प्रभावकारी ढंगले सञ्चालन गरिँदै आएको छ। खासगरी सूचना सञ्चार र प्रविधिको उच्चतम् प्रयोगलाई केन्द्रबिन्दुमा राख्ने प्रयास हुँदै आएको छ। यसका लागि निकट भविष्यमा नै सूचना र प्रविधिलाई अध्ययनअध्यापनको अभिन्न अंग बनाउनका लागि एक छुट्टै कार्यक्रम तथा योजना तथा रणनीतिका साथ अगाडि बढिनेछ।

## ५. क्याम्पसको भौतिक अवस्था

यस क्याम्पसको भौतिक अवस्थालाई निम्न लिखित शीर्षकहरूमा रही विश्लेषण गरिएको छ।

### ५.१ पूर्वाधार विकास

यस क्याम्पसको पूर्वाधार विकासका लागि क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्री खड्गबहादुर कार्कीबाट साविक फूलबारी-२ मा क्याम्पसको नाममा मिति २०७१ साल पुस १ गते १३ रोपनी जग्गा प्राप्त भएको छ। क्याम्पसको आफ्नै जग्गा भए पनि हाल आफ्नो भवन बनाएर कक्षा सञ्चालन गर्न सकिएको छैन। अहिले श्री ज्ञान प्रकाश माविकै सम्पूर्ण भौतिक संरचनाहरूको प्रयोग भइरहेको छ। क्याम्पसको आफ्नै सम्पत्तिका रूपमा २६ कुर्सी, ७ दराज, ४ टेबल, ७ सेतो पाटी, १ सूचना पाटी, १० डेस्कटप कम्प्युटर, २ ल्यापटप र २ प्रिन्टर

आदि सामग्रीहरू रहेका छन् । क्याम्पसको आफ्नो जमिनमा आफ्नै भवन बनाउने रणनीतिक योजना रहेको छ ।

## ५.२ शैक्षिक सामग्री

यस क्याम्पसमा शैक्षिक सामग्रीको नाममा दैनिक प्रयोगका सामग्रीहरू नै रहेका छन् । अन्य सामग्रीहरूको अभाव भएकाले यसका लागि गापा तथा अन्य संस्थाहरूबाट आर्थिक सहयोग लिई खरिद गर्ने योजना रहेको छ । क्याम्पसको ICT Lab अन्तर्गत ल्यापटप २, फोटोकपी मेसिन १, डेस्कटप कम्प्युटर १० साथै इन्टर नेटको पहुँच नभए पनि अन्य वैकल्पिक व्यवस्थामार्फत इन्टरनेटको अभावलाई पूरा गरिएको छ । क्याम्पसको १ लाइब्रेरी रहेको छ । पर्याप्त पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको अभावलाई पूरा गर्ने उद्देश्यका साथ अघि बढिनेछ ।

## ६. क्याम्पसको आर्थिक अवस्था/वित्तीय प्रगति

यस क्याम्पसको नियमित आय स्रोतमा विद्यार्थीहरूको शुल्कबाट प्राप्त हुने रकम नै प्रमुख स्रोतको रूपमा रहेको थियो । आव.२०७९/०८० मा क्याम्पसमा अध्ययनरत विद्यार्थीको भर्ना शुल्क, मासिक शुल्क, परीक्षा शुल्क, रजिस्ट्रेसन शुल्क, अभ्यास शिक्षण शुल्क, चारित्रिक प्रमाणपत्र शुल्क आदिबाट भएको जम्मा ४ लाख ३६ हजार ५ सय रुपैयाँ अम्दानी भएको थियो । त्यस्तै, विश्वविद्यालय अनुदान आयोगबाट आव. २०७९/०८० मा १८ लाख ३९ हजार नियमित अनुदान तथा UGC Equity Grants अन्तर्गत ८ लाख रुपैयाँ प्राप्त भएको छ भने एक आव. २०७९/०८० को आम्दानी रु. ३०,७५,५००।- भएको छ । त्यस्तै मुद्दतीको ब्याज रु.३९,२२७.५० तथा प्रदेश सरकारबाट सञ्चालन अनुदान ६ लाख गरी कुल जम्मा ३७ लाख १४ हजार ७ सय २७ रुपैयाँ ५० पैसा आम्दानी भएको छ ।

त्यस्तै, खर्चतर्फ रजिस्ट्रेसन तथा परीक्षा फारम खर्च, अभ्यास शिक्षण खर्च, परीक्षा खर्च, पाठ्यपुस्तक खर्च, मसलन्द खर्च, नवीकरण शुल्क, आन्तरिक सुपरिवेक्षण खर्चलगायतको जम्मा प्रशासनिक खर्च रु. ८,७७,४७०।- तथा प्राध्यापक तथा कर्मचारी तलबभत्तातर्फ खर्च रु.७,६०,०००।-, पाठ्यपुस्तक खरिद ४,२०,०००।- तथा फर्निचर खरिद रु.२,४९,७३०।- गरी जम्मा रु. २३,०७,२००.५०।- खर्च रहेकोमा जम्मा गरी रु. १४,०७,५२७.५।- क्याम्पसको बचत रहेको देखिन्छ ।

## ६.१ वित्तीय स्रोत विश्लेषण

### ६.१.१ आम्दानी विश्लेषण

यस क्याम्पसको आव. २०७९/०८० को आम्दानी विश्लेषणलाई निम्नलिखित तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ४**

*आव. २०७९/०८० को आम्दानी विवरण*

| विवरण | आम्दानी रु. | कैफियत |
|---|---|---|
| विद्यार्थी शुल्कबाट | ४,०६,०००।- | स्वआर्जित क्याम्पसबाट |

| | | |
|---|---|---|
| UGC बाट | १८,३९,०००।- | नियमित अनुदान UGC बाट |
| UGC बाट | ८,००,०००।- | UGC Equity Grants |
| मुद्दतीको ब्याज | ३९,२२७.५०।- | स्वआर्जित क्याम्पसबाट |
| चमेना गृह | | स्वआर्जित भाडाबाट |
| चारित्रिक प्रमाणपत्र | २६०००।- | स्वआर्जित क्याम्पसबाट |
| गापा अनुदान | | |
| सञ्चालन अनुदान | ६,००,०००।- | प्रदेश सरकार |
| **कुल आम्दानी** | **रु.३७,४९,२२७.५०।-** | |

स्रोत : आम्दानी खाता विवरण, ज्ञान ज्योति सामुदायिक क्याम्पस घोराखोरी

## ६.१.२ खर्च विश्लेषण

यस क्याम्पसको आव. २०७९/०८० को खर्च शीर्षकलाई निम्नलिखित तालिकामा राखी विश्लेषण गरिएको छ।

**तालिका नं. ५**

*आव.२०७९/८० को खर्च विवरण*

| चालु खर्च | | पुँजीगत खर्च | कैफियत |
|---|---|---|---|
| प्राध्यापक तथा कर्मचारी पारिश्रमिक | ७,६०,०००।- | - | |
| परीक्षा शुल्क | १,९६,८८५।- | | |
| प्रशासनिक खर्च | ५,५०,५८५।- | - | |
| पा.पु. खरिद | ४,२०,०००।- | | |
| फर्निचर खरिद | २,४९,७३०।- | | |
| छात्रवृत्ति | १,३०,०००।- | - | |
| जम्मा खर्च | २३,०७,२००।- | | |

स्रोत : खर्च खाता विवरण, ज्ञान ज्योति सामुदायिक क्याम्पस, घोराखोरी

## ६.२ लेखा परीक्षण प्रतिवेदन र लेखा परीक्षण टिप्पणी

यस क्याम्पसको स्थापना कालदेखि हालसम्म गरिएका लेखा परीक्षणका प्रतिवेदनअनुसार लेखा परीक्षण टिप्पणी अध्ययन गर्दा लेखा परीक्षणको क्रममा क्याम्पसको लेखा तथा हिसाबकिताब प्रचलित कानुन तथा नियमअनुसार राखिएको प्रतिवेदनमा उल्लेख भएको छ। लेखा परीक्षक मित्र एसोसिएटस्ले स्रोतमा कटाउनुपर्ने करहरू कटाई सम्बन्धित राजस्व कार्यालयमा दाखिला गरेको तथा संस्थाको हिसाबकिताब प्रचलित कानुनअनुसार राखेको लेखा परीक्षण टिप्पणीमा सुझाव दिइएको छ।

## ७. क्याम्पसको सामाजिक अवस्था

यस क्याम्पसको स्थापना र सञ्चालन समुदायले नै गरेको हुँदा क्याम्पस र समुदायबीचको सम्बन्ध पारस्परिक रूपमा घनिष्ठ रहेको छ। यस क्याम्पसले आफ्ना समस्या अभिभावक रहेको क्याम्पस भेला बोलाएर राख्ने गरेको छ। २०८०।०८।०९ गते क्याम्पसले आयोजना गरेको अभिभावक भेलामा करिब १५० जना अभिभावकहरू उपस्थित देखिनु पनि र क्याम्पस सञ्चालक समितिको निर्णयले पनि क्याम्पस र समुदायबीचको सम्बन्ध राम्रो देखिन्छ। साथै २०८० साल मंसिर ९ गतेको अभिभावक भेला तथा क्याम्पस सभाले पारित गरेको आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रको सबल र दुर्बल पक्ष निम्नानुसार रहेका छन्।

## ८. क्याम्पसका सबल पक्षहरू

- स्थानीय क्षेत्रमा तथा भूगोलमा आवश्यक मध्यमस्तरीय जनशक्ति स्थानीय स्तर तथा व्यक्तिबाट आपूर्ति भएको,
- यस सामुदायिक क्याम्पसबाट समुदायका स्नातक तहको उच्च शिक्षा आर्जन गर्न चाहने विद्यार्थीहरूले गाउँमा नै स्नातकसम्मको शिक्षा प्राप्त गरी वा गर्ने अवसर प्राप्त भएको,
- ग्रामीण स्तरमा बसोबास गर्ने छोरीबुहारीले स्नातक तहसम्मको शिक्षा घरमा नै बसोबास गरी प्राप्त गर्दा शिक्षित आमाको संख्याबाट शिक्षित परिवार निर्माणमा सहयोग पुगेको,
- कक्षा १२ को शिक्षा उत्तीर्ण गरी सहर जान नसकेका र आर्थिक क्षमता कमजोर भएका विद्यार्थीहरूका लागि घरको सुठोपिठो खाएर छात्रवृत्ति प्राप्त तथा न्यून शुल्कमा शिक्षा हासिल गरी रोजगारका अवसर प्राप्त गर्दै आर्थिक स्तर सुधार तथा सामाजिक विकासमा योगदान पुगेको ,
- हालसम्म क्याम्पसलाई यस क्याम्पसको संस्थापक मातृसंस्था श्री ज्ञान प्रकाश मावि घोराखोरीले भौतिक स्रोतहरू भवन, कक्षाकोठा, खेलमैदान, खानेपानी आदि थुप्रै स्रोतहरूको उपयोग गर्न दिएकाले धेरै सहयोग पुगेको।

## ९. क्याम्पसका दुर्बल पक्षहरू

- क्याम्पसको आफ्नो स्वामित्वमा रहेको जग्गामा आफ्नो भवन निर्माण गर्न नसक्नु,
- लाइब्रेरीमा पर्याप्त पाठ्यपुस्तक र सन्दर्भपुस्तकको व्यवस्था गर्न नसक्नु,
- क्याम्पस सञ्चालनका लागि आवश्यक आर्थिक अभाव रहनु,
- क्याम्पसको आफ्नो भवन नभएकाले प्रशासनिक कार्य सञ्चालनका लागि आवश्यक मात्रामा कोठाहरूको अभाव हुनु,
- पठनपाठन र प्रशासनिक कार्यका लागि पर्याप्त मात्रामा जनशक्ति नहुनु,
- आवश्यकताअनुसार पूर्णकालिक शिक्षकको व्यवस्था गर्न नसकिएको।

## १०. क्याम्पसका अवसरहरू

- आर्थिक स्रोतको व्यवस्थापन गरी उपयुक्त ठाउँमा क्याम्पसको आफ्नै जग्गामा भौतिक संरचना

निर्माणमा चुनौती,

- विकास हुँदै गएको प्रविधिसँग शिक्षालाई व्यावसायिक बनाउन चुनौती रहेको,
- दिगो आर्थिक स्रोत व्यवस्थापनबिना पूर्णकालीन अध्यापकको व्यवस्थापनमा चुनौती देखिएको,
- दुर्गम क्षेत्रका कारण दिगो इन्टरनेट प्रविधिको पहुँचमा पुग्न चुनौती रहेको,
- वर्तमान परिवेशअनुसार सूचना सञ्चार प्रविधिको पहुँचमा चुनौती रहेको,
- आम्दानी र खर्चबीच सन्तुलन गर्न चुनौती देखिएको ।

## ११. **क्याम्पसका तात्कालिक कार्यक्रमहरू**

- उपयुक्त स्थानमा जग्गा खरिद गरी भवन निर्माण गर्नुपर्ने,
- स्रोत खोजी गरी आर्थिक व्यवस्थापन गर्नुपर्ने,
- पूर्णकालीन अध्यापकको व्यवस्थापन गर्नुपर्ने,
- पुस्तकालयमा नयाँ पाठ्यक्रमअनुसारका पाठ्यपुस्तक र सन्दर्भ पुस्तकहरूको व्यवस्था हुनुपर्ने,
- आर्थिक स्रोतको दिगो व्यवस्थापन गर्नुपर्ने,
- यस क्याम्पसले गर्ने नियमित कामहरूलाई अझ सरल र छिटोछरितो तरिकाबाट व्यवस्थापन तथा सम्पादन गर्ने ।

## १२. **क्याम्पसका दीर्घकालीन कार्यक्रमहरू**

- विद्यालयमा आश्रित क्याम्पसलाई आगामी तीन वर्षभित्र पूर्णरूपमा भौतिक पक्षमा आत्मनिर्भर बनाउने योजना निर्माण गरी अघि बढ्ने,
- हाल पढाइ भइरहेका विषयहरूमा सीमित नरही अन्य विषयहरूको पनि अनुमति लिई कक्षा सञ्चालनको व्यवस्थापन गर्न आर्थिक साथै भौतिक स्रोतको व्यवस्थापन गर्ने,
- यस क्याम्पसलाई बहुमुखी क्याम्पसको रूपमा अघि बढाउने,
- पूर्णकालीन जनशक्तिको व्यवस्थापन गर्ने ।

अन्त्यमा, पूर्ण सामुदायिक सेवामूलक र नाफारहित यस ज्ञान ज्योति सामुदायिक क्याम्पसले देश निर्माणमा ग्रामीण क्षेत्रको समग्र विकासमा शिक्षा प्रदान गरी सहयोग पुऱ्याउँदै आएको छ भन्ने विश्वास छ । यस क्याम्पसको भौतिक, शैक्षिक विकासमा विश्वविद्यालय अनुदान आयोग, गाउँपालिका, शिक्षा शाखा, वडा कार्यालय साथै अन्य संघसस्था सबैको सहयोगले क्याम्पसको सेवालाई चुस्तदुरुस्त बनाउन सहयोग मिलेको कुरा यस क्याम्पस साथै सरोकारवाला सबैको ठम्याइ रहेको देखिन्छ । सधैँझैँ सबै पक्षबाट यस क्याम्पसलाई सहयोग प्राप्त भइरहनेछ भन्ने अपेक्षा गरिएको छ ।

गणेशप्रसाद कट्टेल
क्याम्पस प्रमुख
प्रतिवेदक




क्याम्पस उद्घाटनपछि तस्बिर खिचाउँदै छात्राहरू




श्री ज्ञान ज्योति सामुदायिक क्याम्पस उद्घाटनमा प्रमुख अतिथि डा. बाबुराम भट्टराई (तत्कालीन अर्थमन्त्री)



श्री ज्ञान ज्योति सामुदायिक क्याम्पस उद्घाटन तथा पुरस्कार वितरण समारोह–२०६५



श्री ज्ञान ज्योति सामुदायिक क्याम्पस उद्घाटन तथा पुरस्कार वितरण समारोह–२०६५



श्री ज्ञान ज्योति सामुदायिक क्याम्पस उद्घाटनमा मन्तव्य दिनुहुँदै प्रमुख अतिथि डा. बाबुराम भट्टराई



क्याम्पसको जानकारी लिनुहुँदै डा. बाबुराम भट्टराई



श्री ज्ञान ज्योति सामुदायिक क्याम्पस परिवारको सामूहिक तस्बिर



पुस्तकालय र विश्व विद्यालय अनुदान आयोगसँग **Equity Grants** को सम्झौता गर्दै



पुस्तकालय र विश्व विद्यालय अनुदान आयोगसँग **Equity Grants** को सम्झौता गर्दै



शिक्षाशास्त्र संकाय डिनको कार्यालयबाट क्याम्पस अनुगमनका लागि आउनुभएका सरहरूसँगको तस्बिर






श्री ज्ञानज्योति सामुदायिक क्याम्पसको साधारणसभा



# ज्ञान ज्योति सामुदायिक क्याम्पस

# GYAN JYOTI COMMUNITY CAMPUS


चम्पादेवी–६, घोराखोरी, ओखलढुंगा

फोन नं.: ९८५१२२८३३३

इमेलः gyanyoti775@gmail.com

Web: www.gyanjyoticampus.edu.np